सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका








● वर्ष १५ ● अंक ५२ ● काठमाडौं, शुक्रबार, वैशाख ३१, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, May 14, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-









# कुलत पोर्नोग्राफीको


● शिव मुखिया


ने पाली चेलीहरूको नग्न भिडियो राखिएकाले त्यो साइट बन्द गरिदिनुहोला, कुनै अश्लील ब्लगको नाम तोकेर यस्तै बेहोराको इमेल आयो सीआईटी क्राइम सेलमा । महानगरीय अपराध अनुसन्धान शाखाअन्तर्गत गठित यो सेलले 'साइबर क्राइम नियन्त्रणका लागि' सक्रियता बढाइरहेका बेला त्यस्तो पत्र प्राप्त भएको थियो, तर उल्लेखित साइट बन्द गर्न प्रहरीलाई प्राविधिक कठिनाइ भएकाले उसले इन्टरनेट सेवा प्रदायक संघ (आईएसपान) सँग त्यही साँझ छलफलको चाँजो मिलायो । 'अश्लील साइटहरू कसरी नियन्त्रण गर्ने भन्ने विषयमा छलफल गर्‍यौं', छलफलपछि सहभागी एक प्रहरी अधिकारीले भने- 'तर, सबै पक्षलाई कानुनी दायरामा ल्याउने चुनौती अझै पनि ज्यूँका त्यूँ छ ।'

प्रविधिको बढ्दो प्रयोगसँगै फैलिँदै गएको 'पोर्नोग्राफी' नियन्त्रण गर्न प्रहरीले छुट्टै सेल गठन गरेको हो । सूचना तथा सञ्चार प्रविधि का क्षेत्रमा दक्ष प्रहरीहरूको संलग्नतामा गठित यो सेलले विद्युतीय माध्यमबाट हुने अपराधलाई 'साइबर क्राइम'को कित्तामा छुट्याएर कारबाही अघि बढाउने बताएको छ, जसमा पोर्नोग्राफी पनि समेटिएको छ । नेपालमा पोर्नोग्राफीलाई सम्बोधन गर्ने कानुन नहुनुले प्रहरी सक्रियता कमजोर बन्ने सम्भावना उत्तिकै छ । थुप्रै समस्या एवं चुनौतीका बाबजुद अहिले सीआईटी क्राइम सेल 'साइबर क्राइम' नियन्त्रणका लागि गृहकार्यमा जुटेको छ ।

सूचना प्रविधि सर्वसुलभ बन्दै जानु सकारात्मक लक्षण हो, तर यसैलाई माध्यम बनाएर समाज नकारात्मक दिशातर्फ मोडिन सक्छ । साइबर पोर्नोग्राफी यसको एउटा बलियो उदाहरण हो । मोबाइल फोन र इन्टरनेटको पहुँच सर्वसुलभ बन्दै जाँदा सँगसगै साइबर पोर्नोग्राफी पनि फस्टाउँदै गएको विभिन्न अध्ययनले देखाएको छ । अहिले साइबर क्याफे धाउने युवायुवतीदेखि बालबालिकामा समेत पोर्नोग्राफीको लत बढ्दो क्रममा पाइन्छ ।

**बढ्दो प्रवृत्ति**

इन्टरनेटको माध्यमबाट वर्जित गरिएका अश्लील चलचित्र एवं दृश्य हेर्नु नै साइबर पोर्नोग्राफी हो । अहिले साइबर क्याफेमा छिर्ने अधिकांश युवायुवतीले सर्च इन्जिनमा यौनसम्बन्धी सामग्रीहरू खोज्ने गरेको पाइन्छ । यसरी यौन क्रियाकलापबाट मनोरञ्जन लिनेहरू थाहै नपाई पोर्नोगाफीको कुलतमा फस्दै जाने मनोविज्ञहरू बताउँछन् । यस्ता कुलतमा फस्ने युवायुवतीका लागि मोबाइल फोन 'बाँदरलाई भर्‍याङ' भएको छ । उनीहरू मोबाइलमा अश्लील भिडियो एवं नग्न चित्रहरू हेरेर मनोरञ्जन लिन्छन् ।

केही अध्ययनले के देखाएका छन् भने विश्वमै यस्ता पोर्नोग्राफी साइटहरू खुल्ने क्रम तीव्र रूपमा बढेको छ । अर्बौंको संख्यामा खुलेका ती वेबपेजमा अश्लील भिडियो, नग्न तस्बिर, अनलाइन सेक्सका विज्ञापन, फोनसेक्स आदिसम्बन्धी सुन्ने र पढ्ने सामग्रीहरू राखिएको छ । अध्ययनले के पनि देखाएको छ भने यस्ता साइट हेर्नहरूको संख्या तीव्र रूपमा बढ्दै गएको छ ।


**बाँकी पृष्ठ २२ मा**


- १८ वर्षमुनिका व्यक्तिहरूले गुगल सर्च इन्जिनमा खोजी गर्ने शब्द 'सेक्स' र 'पोर्न' सर्वाधिक ५ शब्दभित्र पर्छन् ।
- ४३ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले अश्लील वेबसाइट हेर्छन् । त्यसमा प्रत्येक तीन जना प्रयोगकर्तामा एक जना महिला हुन्छन् ।
- अश्लील वेबसाइटमध्ये केवल ३ प्रतिशत साइटले मात्र उमेर सोधेर साईटमा प्रवेश गराउँछन् ।
- इन्टरनेटबाट डाउनलोड गरिने सामग्रीहरूमध्ये ३५ प्रतिशत अश्लील विषयसँग सम्बन्धित हुन्छन् ।
- इन्टरनेट प्रयोगकर्ताले एकपटकमा सरदर १५ मिनेट अश्लील साइट हेर्छन् ।
- इन्टरनेटमा अश्लील साइट हेर्नेहरूमध्ये १० प्रतिशत पोर्नोग्राफीको लतमा फसेका हुन्छन् ।
- ९० प्रतिशत अश्लील श्रव्यदृश्यको उत्पादन अमेरिकाको स्यान फर्नान्डो भ्यालीमा हुन्छ ।
- अश्लील चलचित्रका नायिकाहरूले वर्षको १ लाख डलरदेखि २ लाख ५० हजार डलरसम्म आम्दानी गर्छन् भने नायकहरूले वार्षिक ४० हजार डलर आम्दानी गरिरहेका छन् ।







## ● क्यासेट ●

### हनी..द म्युजिकल टेस्ट




गायक गनु साम्पाङ राईका आधुनिक गीतहरूको संग्रह 'हनी...द म्युजिकल टेस्ट' बजारमा आएको छ। सूर्य क्रिएसनएको यो संग्रहका गीतमा कोमलकुमारी राई तथा गायक राईद्वारा संगीतबद्ध गीतहरू समावेश छन्।

### आकांक्षा



गीतकार भूषण खरेलका आधुनिक गीतहरूको संग्रह 'आकांक्षा' लाई द बेस्ट टोन म्युजिकले बजारमा ल्याएको छ। शक्ति बल्लभले संगीतबद्ध गरेका संग्रहका गीतमा जगदीश समाल, माण्डवी त्रिपाठी, थुप्देन भुटिया, अञ्जु पन्त, स्वरूपराज आचार्य, शिशिर योगी, आनन्द कार्की, दीपक लिम्बू तथा सुमित खड्काको स्वर सुन्न पाइन्छ।

### हाङनेइल्ले




लिम्बू भाषाका गीतहरूको सँगालो हाङनेइल्ले हालै बजारमा आएको छ। एल्बममा सातवटा गीत संग्रहित छन्। गीतकार गीता पालुङ्वा 'इक्सा'ले लिम्बू जातीय संस्कृतिलाई जोड्दै माया-प्रेमका गीत लेखेकी छिन्। सबै गीतको म्युजिक भिडियोसमेत बनाइएको हाङनेइल्ले डिभिडीमा पनि उपलब्ध छ।

## ● रंगमञ्च ●

### आउँदैछ सांकेतिक नाटक


लामो समयदेखि सांकेतिक नाटक निर्देशन गरिरहेका नाट्यकर्मी कृष्ण साह यात्रीले नयाँ सांकेतिक नाटक मञ्चन गर्ने भएका छन्। आफ्नै पहलमा स्थापना गरेको साइन थिएटरमार्फत साहले 'अतिरिक्त यात्रा' शीर्षकको नाटक मञ्चन गर्न लागेका हुन्। साहद्वारा नै निर्देशन गरिएको यो नाटक गत महिना बेलायती बहिरा कलाकार तथा नेपाली कलाकार मिलेर पनि मञ्चन गरिएको थियो। ब्रिटिस काउन्सिल तथा बहिरा महासंघको सहयोगमा साहले बेलायती तथा नेपाली बहिरा कलाकारहरूलाई एउटै स्टेजमा उतारेका थिए। राजधानीमा पुन: मञ्चन गर्न लागिएको यो नाटकमा १८ जना कलाकारले अभिनय गर्नेछन्। हालै संगीत नाट्य प्रज्ञा-प्रतिष्ठानको सभा सदस्यमा समेत नियुक्त साह सांकेतिक नाटकलाई व्यावसायिक बनाउने लक्ष्य लिएको बताउँछन्।

## ● ग्यालरी ●

### द ट्राभलर

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा पर्सि आइतबारदेखि 'द ट्राभलर' शीर्षकको चित्रकला प्रदर्शनी प्रारम्भ हुँदैछ। प्रदर्शनीमा कोरियाली कलाकार माइया रुथ लिका चित्रहरू समावेश गरिनेछ। आइतबार साँझ ५:३० बजे उद्घाटन हुने उक्त प्रदर्शनी एक सातासम्म जारी रहनेछ।

### प्रदर्शनीमा कपिलमणि



कलाकार कपिलमणि दीक्षितका चित्रहरूको प्रदर्शनी आज शुक्रबार प्रारम्भ हुँदैछ। न्यूड आर्ट गरेर चर्चामा आएका कलाकार दीक्षितले आफ्नो नयाँ प्रदर्शनीको शीर्षक 'ट्रिब्युट टु द ग्रेट आर्टिस्ट' राखेका छन्। पाटनढोकास्थित यलमाया केन्द्रमा सञ्चालन गरिने यो प्रदर्शनी अन्तर्राष्ट्रिय चित्रकारहरू पाब्लो पिकासो, हेनरी मेटिसी, एन्डी वार्होल, एड्भार्ड मञ्च, भिन्सेन्ट भान गग, फ्रिडा काह्लो, लियोनार्दो दा भिन्ची तथा सान्ड्रो बोट्टिसेल्लीप्रति समर्पित रहनेछ। प्रदर्शनी एक सातासम्म चल्नेछ।

### योङ युरोपियन आर्ट

ललितपुरस्थित काठमाडौं कन्टेम्पोरेरी आर्ट्स सेन्टरको आयोजनामा हिजो बिहीबारदेखि चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। योङ युरोपियन आर्ट शीर्षकको उक्त प्रदर्शनी आगामी जेठ ३ गते सोमबारसम्म जारी रहनेछ। प्रदर्शनीमा युरोपका तीन जना चित्रकारका चित्रकला समावेश छन्। प्रदर्शनीमा कलाकार क्याथरिन ब्लोक्काको 'अलोन विद नोह्वेर', विज ओल्ड रिकेरिन्कको 'माई वे' तथा जोनास विज्टेन्बर्गको 'टु ग्रो' उपशीर्षकमा चित्रकला प्रदर्शन भैरहेका छन्। प्रदर्शनीस्थल आइतबारदेखि शुक्रबारसम्म बिहान ११ बजेदेखि साँझ ५ बजेसम्म खुला रहनेछ।

### जुर्मुराउँदैछ ललितकला प्रतिष्ठान

नवगठित नेपाल ललितकला प्रतिष्ठानले चित्रकला कार्यशाला तथा प्रदर्शनी गर्ने भएको छ। प्रतिष्ठानका कुलपति किरण मानन्धरका अनुसार आगामी साता ललितकला प्रतिष्ठानको स्वागत समारोहमा महिला, युवा तथा हरेक वर्गका कलाकारलाई समेटेर बृहत् कला कार्यशाला तथा प्रदर्शनी गर्न लागिएको हो। हरेक जिल्लामा पुगेर त्यहाँको परम्परागत कला, आधुनिक कला, हस्तकला आदिलाई अघि ल्याउने तथा स्थानीय कलाकारहरूसँग अन्तर्क्रिया गरेर त्यहीं कला प्रदर्शनी सञ्चालन गर्ने योजना प्रतिष्ठानको छ।

### बढ्दैछ चहलपहल

छ दिन लामो आमहड्तालपछि राजधानीका ग्यालरीहरूमा बिस्तारै चहलपहल बढ्न थालेको छ। हड्ताल सम्पन्न भएको केही दिनपछि मात्र ग्यालरीमा प्रदर्शन भैरहेका चित्रकलाले दर्शक पाउन थालेका छन्। आमहड्ताल प्रारम्भ हुनुभन्दा दुई दिनअघि मात्र ललितकला क्याम्पसका विद्यार्थीले बबरमहलस्थित कला परिषद्को ग्यालरीमा सामूहिक कला प्रदर्शनी प्रारम्भ गरेका थिए। १५ दिनका लागि सञ्चालन गरिने भनिएको उक्त प्रदर्शनी थप एक साताका लागि विस्तार गरिएको छ। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरी तथा दरबारमार्गस्थित द आर्ट शप भने नयाँ प्रदर्शनीको तयारीमा जुटेका छन्। पुल्चोकस्थित पार्क ग्यालरीमा कलाकार रमेश खनालको एकल चित्रकला प्रदर्शनी सञ्चालन भैरहेको छ। अझै एक साता चल्ने उक्त प्रदर्शनी गत वैशाख १७ गते प्रारम्भ भएको थियो। कलाकार खनालको यो २५ औं एकल चित्रकला प्रदर्शनी हो।

## ● लाइभ ●

### सिक्किममा उदय-मनिला



दम्पती संगीतकर्मी उदय तथा मनिला सोताङले सिक्किमका नेपाली भाषी दर्शकमाझ आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्दैछन्। आगामी बिहीबार तथा शुक्रबार (जेठ ६ तथा ७ गते) सिक्किमको राजधानी गान्तोकमा आयोजना हुने 'उदय-मनिला नाइट-२०१०' शीर्षकको युगल सांगीतिक कार्यक्रममा उनीहरूले आफ्ना दुई दर्जन लोकप्रिय गीत प्रस्तुत गर्नेछन्। कार्यक्रममा दार्जीलिङका संगीतकर्मीहरूले उदय-मनिलालाई सांगीतिकसाथ दिनेछन्।

### भोलि छानिँदैछन् किड क्विन

गत शनिबारका लागि तय गरिएका बालिकाहरूको सौन्दर्य तथा प्रतिभा प्रतियोगिता 'किड क्विन-२०१०' भोलि शनिबार सम्पन्न हुँदैछ। नेप्लिज फेसन होमले विगत आठ वर्षदेखि सञ्चालन गर्दै आएको यो प्रतियोगिताको पछिल्लो संस्करणमा ४१ जना बालिका प्रतिस्पर्धा गर्दैछन्। ९ देखि १३ वर्ष उमेर समूहका बालिका विगत एक महिनादेखि प्रशिक्षणमा समेत व्यस्त छन्। प्रज्ञाभवनमा दिउँसो दुई बजे प्रारम्भ हुने यो प्रतियोगिताको कोरियोग्राफी रोहिया महर्जन तथा विवेक श्रेष्ठले गरिरहेका छन्। प्रतिस्पर्धाकै क्रममा सत्यराज आचार्य, स्वरूप राज आचार्य, उदय सोताङ तथा मलिना सोताङले गीत-संगीत प्रस्तुत गर्नेछन्।

## ● पुस्तक ●

### अन्तर्मनका सुसेली

गीतकार नवराज थापा आफ्ना गीतहरूको संग्रह 'अन्तर्मनका सुसेली' लिएर देखा परेका छन्। प्रेमरसमा वैयक्तिक भावहरूलाई प्रकट गर्ने थापाका गीतहरू मन छुने खालका छन्। कल्पना थापाद्वारा प्रकाशित यो कृतिको मूल्य १ सय रुपैयाँ छ

### फूलबारी सौगात

फूल, बगैंचा तथा व्यवसायसाग सम्बन्धित विविध पक्ष केलाइएको पुस्तक फूलबारी सौगातलाई फूलबारी डटकम प्रकाशनले प्रकाशित गरेको हो। पुस्तकमा ४५ शीर्षकका लेख समेटिएका छन्। बोटबिरुवाको हेरचाहजस्ता विषयमा केन्द्रित ९८ पृष्ठको यो पुस्तकको मूल्य २ सय ५० रुपैयाँ छ।

### कमलरी

मध्य तथा सुदूरपश्चिमको तराई क्षेत्रमा व्याप्त कमलरी प्रथाका बारेमा अनुसन्धान मुलक कृति कमलरी सार्वजनिक भएको छ। असहाय नानीहरूको साथी नामक संस्थाले प्रकाशित गरेको यो कृतिमा कमलरी प्रथाका बारेमा विशद चर्चा गर्दै कमलरी बस्न बाध्य थारू बालिकाहरूको तथ्यांकसमेत समेटिएको छ। रघुनाथ लामिछानेद्वारा तयार गरिएको यो पुस्तक ८८ पृष्ठको छ। यो पुस्तकको मूल्य तोकिएको छैन।

### यौनका सुख-दु:ख

यौन विषयमा कलम चलाउँदै श्रीराम सिंह बस्नेत एक पटक फेरि यौनमा आधारित व्याख्यात्मक कृति यौनका सुख-दुख लिएर आएका छन्। पैरवी बुक हाउसद्वारा प्रकाशित यो कृतिमा यौनलाई बौद्धिक बहसको विषय बनाइएको छ। २ सय ४४ पृष्ठको यो कृतिको मूल्य २ सय ४० रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

वैशाख ३१ गते : औंसी, पुरुषोत्तम मास समाप्त, जेठ १ गते : मच्छिन्द्रनाथ रथारोहण, विश्व परिवार दिवस, २ गते : अक्षय तृतीया, परशुराम जयन्ती, ३ गते : रामानुजाचार्य जयन्ती, दूरसञ्चार दिवस, ४ गते : मच्छिन्द्रनाथ रथयात्रा प्रारम्भ, शंकराचार्य जयन्ती, ६ गते : गंगा उत्पति सप्तमी ।

### मेष

विवादको सामना गर्नुपर्ने हुनसक्छ। मन अशान्त रहनुका साथै धन नाश पनि हुनेछ। स्वास्थ्य गडबड रहनसक्छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले अधिकार जमाउनेछन्। घरेलु समस्याले सताउन छाड्नेछैन। सोमबारदेखि पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ।

### मिथुन

काममा अवरोधको सामना गर्नुपर्नेछ। नैराश्यता एवं उदासीनताले सताउनेछ। झूटा आरोप पनि लाग्नसक्छ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। लेनदेनमा विवादको सामना गर्नुपर्ला। सोमबार र मंगलबार आँट एवं साहस बढ्नेछ। अरूको मन जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नुका साथै भाग्यले साथ दिनेछ।

### सिंह

मान-सम्मान पाइने योग छ। ठूला व्यक्तिको भरोसा आफूतिर रहनेछ। पराक्रम तीव्र हुनुका साथै नयाँ काम पाइने योग छ। घरेलु समस्या बढ्ने भएकाले बाहिरी काममा जोड दिनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। स्वास्थ्य गडबड रहन सक्ने भएकाले खानपानमा ध्यान पुर्‍याउनुहोला। साताको अन्त्यतिर खर्च एवं विवाद बढ्ने तथा मन अशान्त हुनसक्छ।

### तुला

प्रयास गर्दा काममा सफलता पाइनेछ। स्वास्थ्य गडबड हुनसक्ने भएकाले खानपानमा विचार पुर्‍याउनुहोला। कुरा काट्नेहरू सक्रिय हुनेछन्। स-साना कुराले पनि दुख दिनेछ। नैराश्यता एवं उदासीनता बढ्नेछ। बुधबारदेखि समय अनुकूल बन्दै जानेछ। मान-सम्मान पाइने योग छ। वैदेशिक कार्यमा जोड दिनु उचित होला।

### धनु

उत्साह एवं पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। पहिलो भेटमै अरूलाई विश्वास दिलाउन सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। नयाँ मित्रको आगमनले मन हर्षित हुनेछ। बुधबार र बिहीबार स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### कुम्भ

घरेलु समस्याले सताउन सक्छ। काममा अवरोधको सामना गर्नुपर्ला। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। साताको अन्त्यतिर काममा सुधार आउनुका साथै प्रसन्नता बढ्ने योग छ। बोलीको प्रभाव बढ्नेछ भने भाग्यले साथ दिनेछ। अरूको काममा समय बित्ने भएकाले आफ्नो काममा पनि ध्यान दिनुहोला।

### वृष

मान-सम्मान मिल्नेछ। ठूला व्यक्तिसितको अन्तरसंवादले हौसला बढ्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। आफन्तहरूले सहयोग गर्नेछन्। सोच्ने शक्ति बढ्नेछ। घर-जग्गा जोड्दै हुनुहुन्छ भने समय अनुकूल छ। भेटघाटमा मन रमाउनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कर्कट

काममा सफलता मिल्नेछ भने पराक्रमको गति तीव्र हुनेछ। सानै प्रयासले पनि ठूलो काम हात पार्न सफल हुनुहोला। आफन्तहरूबाट सहयोग जुट्नेछ। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। सोमबार र मंगलबार समय प्रतिकूल रहनेछ। खर्च, विवाद एवं चिन्ता बढ्नेछ।

### कन्या

आलस्यता बढ्नेछ भने समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। साताको अन्त्यतिर समय अनुकूल हुनेछ। बोलीको प्रभाव बढ्नेछ भने काममा सुधार आउनेछ। प्रसन्नता एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### वृश्चिक

मन प्रसन्न रहनेछ भने काममा सफलता मिल्नेछ। पहिलो भेटमै अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। सोमबारदेखि स्वास्थ्य गडबड हुने, काममा अवरोध आउने तथा विवाद एवं चिन्ता बढ्ने योग छ।

### मकर

अरूको काममा समय बित्नेछ। मन अशान्त हुनसक्छ। रिसको वेग पनि बढ्नेछ। स-सानो काममा पनि धेरै समय खर्च गर्नुपर्ला। सोमबारदेखि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मीन

सानै प्रयासले पनि ठूलो काममा सफलता प्राप्त गर्नुहोला। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता पनि मिल्नेछ भने पहिलो भेटमै मन पराउनेहरू धेरै हुनेछन्। भाग्यले साथ दिनेछ। सोमबारदेखि घरेलु समस्या बढ्नुका साथै मनमा अशान्ति बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

# महिलाको ब्लफ कलले प्रहरी हैरान

कमल रिमाल

विराटनगर- जब रात चकमन्न हुन्छ, मानिसको चहलपहल बन्द हुन्छ । सबै सुतिसकेका हुन्छन् । जनताको सुरक्षामा खटेका प्रहरीलाई पनि निन्द्राले छोप्न थाल्छ । मोरङ जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रूपमा बसेका प्रहरी पनि शून्य रातमा कुर्सीमै झकाउन थालेका हुन्छन् । अनि टेलिफोनको घण्टी बज्छ, झस्कँदै ब्युँझिएका प्रहरीले फोन उठाउँछन् । मलिन स्वरमा महिलाको आवाज आउँछ । प्रहरीले सोध्छ, 'कस्लाई खोज्नुभएको ?' मीठो स्वरमा महिलाको जवाफ आउँछ- 'मैले तपाईंलाई नै खोजेको ।'

महिलाको स्वरका कारण ड्युटी गरेर रात काट्नुपर्ने कन्ट्रोल रुमका प्रहरीको आँखाबाट निन्द्रा भाग्छ । फोनमा लामो कुरा हुन्छ । अपरिचित महिला र फोन उठाउने प्रहरीबीचको कुरा धेरै खालका हुन्छन् । भोलिपल्ट पनि त्यसैगरी फोन आउँछ तर फोन उठाउने प्रहरी अर्कै हुन्छन् । जसले फोन उठाए पनि महिलासँगको कुराकानी उस्तै खालको हुन्छ । उनीहरूबीच जीवन, प्रेम, यौनजस्ता विषयमा कुराकानी हुन्छन् ।



निन्द्राले रात कटाउन गाह्रो भैरहेको प्रहरीका लागि फोन साथी हुने गरेको छ, तर त्यही फोन अहिले प्रहरीका लागि घाडो हुन थालेको छ । त्यस्ता फोन धेरै आउन थालेका छन् । मीठो र लामो कुरा गरेर रात बिताउने प्रहरीहरू अहिले झर्कन थालेका छन् । अनावश्यक फोन गरेर प्रहरीलाई दुःख दिने काम बढ्न थालेपछि उनीहरू झर्कन थालेका हुन् । राति मात्र होइन, अहिले मोरङ प्रहरीको कन्ट्रोल रुमलाई चौबीसै घण्टा ब्लफ कलको समस्याले सताउन थालेको छ ।

'हाम्रै साथीहरूले पहिले-पहिले लामो गफ गरेकैले अहिले हामीले दुःख पाएका हौं', कन्ट्रोल रुममा फोन उठाउने एक प्रहरी हवल्दारले भने- 'जति फोहोरी गाली गरेर हप्काए पनि फोन गर्न छाड्दैनन् ।' प्रहरीको १०० नम्बरमा निःशुल्क फोन गर्न पाइने भएकाले पनि यसरी ब्लफ कल आउने क्रम बढेको हो । कोसी अञ्चलबाट निकालिएको मोबाइल फोनबाट १०० नम्बरमा डायल गर्दा मोरङ प्रहरीकै कन्ट्रोल रुममा घण्टी बज्छ । लगातार ब्लफकल आउन थालेपछि प्रहरीले त्यस्ता नम्बरहरू संकलन गरेर टेलिकमबाट कल डिटेल निकालेको छ । जिल्ला प्रहरीको १०० नम्बरमा फोनका तीनवटा लाइन छन् । ब्लफ कलका कारण कहिले काहीं तीनवटै लाइन व्यस्त हुन्छन् ।

एक प्रहरी अधिकृतका अनुसार, टेलिकमबाट कल डिटेल निकालेर फोन गर्ने महिलाहरूका बारेमा बुझ्दा उनीहरू धेरैजसो रेस्टुराँमा काम गर्ने र श्रीमान् विदेश गएका महिला भएको पत्ता लागेको छ । 'फोन गर्नेहरू धेरैजसो विराटनगर बाहिरका छन्', प्रहरी निरीक्षक लालध्वज सुवेदीले भने- 'उनीहरू महिला भएकैले कारबाही नगरी फोन गरेर सतर्क गराउने काम गरिएको छ ।' रातभरि प्रहरीलाई फोन गरेर दुःख दिने ती महिलाहरूले मदिरा सेवन गरेर टाइम पास गरेको हुन सक्ने प्रहरीको अनुमान छ ।

प्रहरीको कन्ट्रोल रुममा राखिएको खाताको दुई पाना ब्लफ कल आउने नम्बरहरूको टिपोटले भरिएको छ । खातामा टिपोट राखिएका नम्बरहरू देखाउँदै कन्ट्रोल रुममा फोन उठाउने प्रहरी शान्त पाण्डेले भने- 'मनपरी गाली गर्दा पनि फोन गर्न छाड्दैनन्, बरु नबोली सुनिरहन्छन् ।' पुरुष प्रहरीलाई जिस्क्याउने महिलालाई गाली गर्न महिला प्रहरीको सहयोग लिंदा पनि उनीहरू मानेका छैनन् । ब्लफकलले हैरान भएको प्रहरीले आक्रोशमा मनपरी र फोहोरी गाली गर्दा पनि उनीहरू सुनिरहन्छन् । प्रहरीलाई अनावश्यक फोन गरी दुख दिने अधिकांश फोन युटीएलबाट आएको प्रहरी निरीक्षक सुवेदी बताउँछन् ।

विराटनगरस्थित बारुणयन्त्रमा ९७२२१५४९२५ नम्बरको युटीएल फोनबाट एउटा कल आयो । आगलागी भएकाले छिट्टै आउनु भनियो । दमकलका कर्मचारीले सोधे- 'आगो कहाँ लाग्यो ?' जवाफ आयो- 'कानेपोखरीमा', कर्मचारीले थपे- 'कसको घरमा ? जवाफमा भनियो-'कानेपोखरीको पोखरीमा ।' मध्यरातमा दमकलका कर्मचारीलाई जिस्क्याएको कुरा उनीहरूले प्रहरीलाई जानकारी गराए । उक्त नम्बर प्रहरीलाई कारबाहीका लागि दिइयो । ब्लफकल आउनेमध्येको लिस्ट हेर्दै जाँदा उक्त नम्बर पहिले नै प्रहरी कन्ट्रोल रुमको खातामा उल्लेख भैसकेको थियो ।

प्रहरी मात्र होइन, दमकललाई समेत दुःख दिनेलगायतका १० वटा युटीएल फोनको लाइन काट्न जिल्ला प्रहरी कार्यालयले आग्रह गरेअनुसार टेलिकमले फोन लाइन काटिसकेको छ, जसमध्ये आफ्नो फोनबाट प्रहरीलाई दुःख नदिएको भन्दै काटिएको लाइन खुलाइदिन आग्रह गर्न एक जना शिक्षक प्रहरी कार्यालयमा आएका थिए । बाँकी नौवटा नम्बर काटिए पनि फोन सञ्चालक प्रहरी सम्पर्कमा नआएको प्रहरीले बताएको छ । गत सोमबार पनि मोरङ प्रहरीले ३० वटा युटीएलका फोन लाइन काट्न युनाइटेड टेलिकमलाई पत्र पठाएको प्रहरी नायब उपरिक्षक रेवती ढकालले बताए । प्रहरीलाई ब्लफकल गर्ने केहीलाई कार्यालयमा बोलाएर सचेतसमेत गराइएको ढकालले जानकारी दिए ।

मोरङका प्रहरी उपरीक्षक दीपक थापाले प्रहरीको फोन बिजी गराएर अपराध पनि गर्न लागेको हुनसक्ने बताउँदै ब्लफकल गर्नेलाई कारबाहीको दायरामा ल्याउन निर्देशन दिएका छन् । 'सार्वजनिक नम्बरबाट फोन गरेको हो भने कुरा अर्कै हुन्छ तर निजी फोन प्रयोग गरेको पाइए सार्वजनिक मुद्दा हाल्न सकिन्छ' थापाले भने- 'प्रहरीलाई ह्यारेशमेन्ट गर्नेहरूमाथि कारबाही हुन्छ ।' प्रहरीको फोन एक मिनेट व्यस्त हुँदा एक जनाको ज्यान जान सक्ने भएकाले फोन बिजी गराउन पनि ब्लफ कल गरिएको हुन सक्ने आशंका पनि प्रहरीको छ ।

## दीप श्रेष्ठ साँझ एक महिनापछि



काठमाडौं– धरान सरोकार समाज, काठमाडौंको आयोजनामा यही वैशाख ३१ गते प्रज्ञाभवनमा हुने भनिएको साङ्गीतिक कार्यक्रम 'दीप श्रेष्ठ साझ-२०६७' एनेकपा माओवादीले आयोजना गरेको ६ दिन लामो बन्दका कारण एक महिना पछि सरेको छ ।

समाजका अध्यक्ष प्रभु श्रेष्ठका अनुसार बन्द तथा हड्तालका कारण कार्यक्रमको पूर्वतयारी गर्न कठिनाइ भएकाले अन्तिम समयमा आएर सार्नुपरेको हो । समाजले दिएको जानकारीअनुसार अब यो कार्यक्रम आगामी २०६७ असार ६ गते आइतबारसाझ ५ बजे प्रज्ञाभवन, कमलादीमा हुनेछ । धरानको खानेपानी समस्या समाधानार्थ प्रचार तथा सहयोग जुटाउने उद्देश्यले गर्न लागिएको कार्यक्रमको केहि टिकट बिक्री भैसकेको थियो ।

गायक दीप श्रेष्ठले प्रज्ञा भवनको हल पाउन कठिनाइ भएकाले एक महिना पछिको मिति तय गरिएको बताए । यसअघि विशुद्ध सामाज सेवाकै लागि राजधानीमा चार पटक एकल साङ्गीतक कार्यक्रम गरिसकेका गायक दीप श्रेष्ठको यो पाचौं कार्यक्रम हो । यसअघि एचआईभी एड्स, क्यान्सर रिलिफ फन्ड, ग्यालरी नाइन र बालसाहित्य प्रवर्द्धनका लागि गाएका श्रेष्ठ यस पटक भने ३० वर्षअघि छाडेको आफ्नै जन्मथलो धरानको खानेपानी समस्या हटाउन प्रस्तुत हुँदैछन् ।



## सम्पादकीय

# दीर्घकालीन सहमतिको पक्षमा

संविधानसभाको म्याद गुज्रन अब एक साताजति मात्र बाँकी छ । अन्तरिम संविधानमा 'संविधानसभाको म्याद पहिलो बैठक बसेको दुई वर्षसम्म मात्र हुनेछ' भन्ने वाक्यांश राखिएको छ । यसको अर्थ जेठ १४ सम्म संविधान संशोधन गरिएन भने यो स्वत निष्क्रिय हुनेछ । संविधानसभा निष्क्रिय हुनु भनेको अहिलेसम्मका सबैजसो लोकतान्त्रिक उपलब्धि गुम्नु हो, संविधान नबन्नु हो । सबैभन्दा महत्त्वपूर्ण कुरा देशमा फेरि एकपटक अतिवादीहरूको बोलावाला बढ्नु हो । संविधानसभाको निर्वाचनमार्फत एकीकृत नेकपा (माओवादी) सबैभन्दा ठूलो दलका रूपमा स्थापित भएको छ । संविधानसभामार्फत शान्ति–प्रक्रियामा आएकैले संविधानसभाप्रति आफ्नो विश्वास अरूभन्दा बढी भएको माओवादीले बताउने गरेको छ । संविधानसभामा उसको ३८ प्रतिशत हिस्सा हुनु अर्को महत्त्वपूर्ण पक्ष हो । संविधान संशोधन गर्न दुई तिहाई बहुमत चाहिने प्रावाधान भएकाले माओवादीको सहयोगबिना संविधान संशोधन हुन सक्तैन । यही बेला संविधानसभाको म्याद सकिन लागेकाले यसप्रति सबैभन्दा बढी चासो एकीकृत नेकपा (माओवादी) लाई भैरहेको हुनुपर्छ भन्ने आमविश्वास पनि छ ।

राजनैतिक दलबीच विवाद, असमझदारी एवं प्रतिस्पर्धा हुनु स्वाभाविक हो । यद्यपि देशलाई अप्ठ्यारो पर्दा मिलेर काम गर्नेहरू पनि यिनै दल हुन् । हिजो राजाको निरंकुश शासनका बेला पनि यी दल मिलेर देशलाई एउटा निकास दिएका थिए । अहिले पनि यी दल मिल्नैपर्छ । जबसम्म संविधानसभाका ठूला तीन दल आपसी तिक्तता बिर्सेर हातेमालो गर्दैनन्, देशले निकास पाउन सक्दैन ।

देश राष्ट्रिय सरकार निर्माण हुनुपर्छ भन्ने कुरामा कसैको विमति छैन, तर त्यसअघि संविधानसभाको म्याद थप्न संविधान संसोधन गर्नु आवश्यक छ । संविधान संशोधनपछि एकीकृत नेकपा (माओवादी) का लडाकुको व्यवस्थापन एवं शान्ति–प्रक्रियालाई टुंगोमा पुर्‍याउन दलहरूबीच समझदारी हुनुपर्छ । यो समझदारी हुनेबित्तिकै प्रधानमन्त्रीले राजीनामा दिने तथा माओवादीको नेतृत्वमा राष्ट्रिय सरकार बन्ने प्रक्रिया प्रारम्भ हुन्छ । त्यसपछि संविधान निर्माण एवं राज्यको पुर्नसंरचना त्यही सरकारले गर्नुपर्छ । त्यसपछि मात्र नयाँ सरकारका लागि निर्वाचन एवं स्थायी सरकारजस्ता काम हुन सक्छ । यी सबैका लागि संविधानसभामा रहेका २२ वटै दलको न्यूनतम साझा नीति तथा कार्यक्रम बन्नैपर्छ । यसो हुन सक्यो भने नै नेपाली जनताले राजनैतिक दलमाथि फेरि विश्वास गर्नेछन् । यदि स–साना कुरामा अल्झने, आफ्नो दलगत स्वार्थलाई नै देशको स्वार्थ मान्दै वार्तामा नबस्ने अडान लिने हो भने फेरि एकपटक जनता सडकमा निस्कनेछन् । त्यसबेला यी जनता न त माओवादी पक्षका हुनेछन्, न त अहिलेका सरकारवादी दलका पक्षमा हुनेछन् । यसले देशमा शान्ति ल्याउनेभन्दा अराजकता निम्त्याउने खतरा बढी हुनेछ ।

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

## चिठीपत्र

### नयाँ संविधानमा बालअधिकार

बालबालिका भविष्यका कर्णधार हुन् । उनीहरूको उचित भरणपोषण, शिक्षादिक्षा एवं संरक्षण राज्यको दायित्व हो । समाजमा कयौं बालबालिकाहरू शोषण, दमन र उत्पिडनमा पर्दै आएका छन् । संरक्षकको अभावमा हजारौं बालबालिकाले सडकलाई नै आफ्नो बासस्थान बनाएका छन् । अनगिन्ती बालबालिका उचित खानपानको अभावमा कुपोषित, शिक्षाको पारिलो घामबाट बञ्चित र सानै उमेरमा शोषित हुनु परेका घटना समाजमा प्रसस्त छन् । विगतमा राज्यले बालबालिकाको हकमा कुनै प्रभावकारी कानुनी व्यवस्था गरेको देखिँदैन, तसर्थ अब बन्ने संविधानमा बालबालिकाको हकअधिकारको न्यायिक सम्बोधन हुनु अपरिहार्य देखिन्छ । कुनै पनि देशको वस्तुगत स्थिति बुझ्न त्यस देशका बालबालिकाको अवस्था हेरे पुग्छ । जब बालबालिकाको अवस्था नै नाजुक हुन्छ भने देशको भविष्यको के अनुमान गर्ने ? राज्यले बालबालिकाको हकहित संरक्षण गर्नु, उचित भरण पोषण गर्नु र राम्रो शिक्षादिक्षा प्रदान गर्नु भनेको देश विकासको आधार स्तम्भ तयार गर्नु हो । विकास निर्माणका लागि भौतिक पूर्वाधारको जति महत्त्व छ त्यस्तै राज्यको समुचित आधुनिक विकासका लागि स्वस्थ्य, शैक्षिक जनशक्ति पनि उत्तिकै आवश्यक हुन्छ ।

अबको संविधानमा, बालबालिकाका लागि भेदभावरहित शैक्षिक व्यवस्था, स्वास्थ्य उपचार, बासस्थान, खानपान सुरक्षा, परिचय, राष्ट्रियता, स्वतन्त्रता र खेल तथा मनोरञ्जनलाई मौलिक हकका रूपमा व्यवस्था गरिनुपर्छ । संवैधानिक बालअधिकार आयोग गठन हुनुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा नेपाल पक्षबाट हस्ताक्षर भएका सन्धि अभिसन्धिहरूलाई अक्षरस पालना गर्ने कानुनको व्यवस्था गरी व्यावहारिक रूपमा कार्यान्वयन गरिनुपर्छ । लिंग, जात, परिवार, काम तथा क्षमताका आधारमा भेदभाव गर्ने चलनको अत्न्य हुनुपर्छ । पैतृक सम्पत्तिमा जन्मनासाथ बालक र बालिका दुवैको समान हक हुनुपर्छ । समाजमा पछि पारिएका गरिब, दलित, जनजाति, अल्पसंख्यक, लोपोन्मुख र अपांगता रहेका र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति एवं पौष्टिक आहारको व्यवस्था गरिनुपर्छ । बालबालिका एवं विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरिनुपर्छ । राजनैतिक दलहरूले स्वार्थका लागि बालबालिकाको प्रयोग गरे कानुनी दण्ड सजायको व्यवस्था हुनुपर्छ । १८ वर्षमुनिका बालबालिकालाई कुनै पनि सशस्त्र समूह तथा सेनामा भर्ना लिन नपाइने स्पष्ट नीति लागू गरिनुपर्छ । बालबालिका माथि हुने सबैखाले भेदभाव तथा दुरव्यवहार अन्त्य हुनुपर्छ । बालबालिकाको अपहरण, ओसारपसार, बेचबिखन यौन दुरव्यवहार तथा यौनशोषण पूर्ण अन्त्य हुनुपर्छ । अनाथ , एकल महिलाका बालबालिका , परिवार बिहीन बालबालिका , सुस्त मनस्थीति भएका, अपंगता भएका, श्रमिक, द्वन्द्व प्रभावित र सडक बालबालिकाको शिक्षा स्वास्थ्य र आधारभूत आवश्यकताको जिम्बेवार राज्य स्वयंले लिनुपर्छ।

नेपाललाई बालश्रमशोषण मुक्त देशको घोषणा गरिनुपर्छ भन्ने जस्ता बालबालिकाहरूले उठाउँदै आएका मागहरू राज्यले सम्बोधन गर्न एक इन्च पनि पछि हट्नु हुँदैन । बालबालिकाहरू सबै कुरा नजान्ने, नबुझेका, आफैंले केही गर्न नसक्ने र परिवारप्रति आश्रित हुन्छन् भन्दैमा उनीहरूको स्वतन्त्रता र अधिकार हनन गर्ने गरी राज्यले कानुन बनाउन मिल्दैन । बालबालिकहरूमाथि परिवारकै सदस्यहरूले पनि अधिनायकत्व जमाउन मिल्दैन । बालबालिका हक हित र अधिकार संरक्षणको निम्ति अब राज्यले कुनै कसुर बाँकी राख्नु हुँदैन । उनीहरूको लोकतान्त्रिक अधिकार नयाँ संविधानमा लिपिबद्ध गर्नैपर्छ ।

**– ऋषभ गौतम**

### मजदुर शिक्षाको महत्व

यहाँ शिक्षाको महत्त्व व्याख्या गरिरहनु पर्ने कुनै आवश्यकता छैन । शिक्षा सबैको आवश्यकता हो । हरेक वर्ग, तह र तप्काका मानिसले शिक्षा पाउने चाहना राख्छन् । शिक्षा जीवनको प्रकाश पनि हो । शिक्षाबिनाको जीवन सेतो छडीलाई पछ्याउँदै हिँड्ने जीवनभन्दा पृथक् छैन । शास्त्रमा पनि शैक्षिक दानलाई महानतम् दानका रूपमा व्याख्या गरिएको छ ।

साक्षर हुन पाउनु व्यक्तिको नैसर्गिक अधिकार हो । यद्यपि गरिबी, अशिक्षा र पारिवारिक दबाबजस्ता केही तत्त्वले कैयन मानिस शिक्षाबाट वञ्चित हुन्छन् । ती व्यक्तिहरू भोलिका दिनमा उद्योग वा कुनै कारखानामा प्रवेश गर्दा उनीहरूलाई निरक्षरताको अभिशापले पिरोलिरहन्छ ।

ती निरक्षर मजदुरहरूको शैक्षिक स्तर उकास्न कमै उद्योगले पहल गरेका छन् । मजदुर जति निरक्षर हुन्छ, त्यति ऊमाथि शोषण गर्न सकिन्छ । शिक्षा दिनु भनेको चेतना र ज्ञानको दियो बाल्नु हो । त्यसैले औंलामा गन्न सकिने उद्योगले मात्र यस्ता निरक्षर मजदुरको साक्षरताबाट लाभ चाहेका हुन्छन् ।

यस्ता मजदुरलाई शिक्षा दिन न सरकारले कुनै कार्यक्रम ल्याएको छ, न त कुनै गैरसरकारी संघसंस्थाहरूले नै । ती मजदुरहरू जो पूर्णतः निरक्षर छन्, कल्पना गरौं तिनीहरूको दैनिकी कति कष्टप्रद होला ? यदि व्यवस्थापकले सचेत भएर व्यवसायमा 'मजदुर आधारभूत शिक्षा' को कार्यक्रम ल्याउने हो भने यस्ता समस्याहरूमा सहजै कुचो लाउन सकिन्छ ।

कैयन उद्योगमा आज पनि निरक्षर मजदुरहरू कार्यरत छन् । तिनीहरूको पहिलो आवश्यकता भनेकै शिक्षा हो । सबै उद्योगले आफ्ना निरक्षर मजदुरहरूलाई शिक्षा प्रदान गर्ने कार्यक्रम ल्याउनु नितान्त आवश्यक छ । मजदुरहरूले शिक्षा पाए कुनै पनि उद्योग वा व्यवसायलाई ठूलो लाभ हुन्छ ।

मजदुरहरूले पनि क्रान्तिकारी शिक्षाभन्दा व्यावसायिक शिक्षाको माग गर्नुपर्छ । व्यावसायिक शिक्षाको अभावमा नै क्रान्तिकारी शिक्षा हुर्कन्छ । मजदुरहरूलाई मार्क्स र लेनिन पढाउनुभन्दा कपुरी क र खरायो ख पढाउँदा वैज्ञानिक शिक्षाको औचित्य प्रष्टिन्छ । मजदुर शिक्षाको उद्देश्य उल्ट्याएर मजदुर शिक्षा भनेको 'प्रचण्डपथ' होइन 'बाह्रखरी' हो भन्ने कुरा बुझाउनु आवश्यक छ ।

**– प्रेमकृष्ण श्रेष्ठ**

## तीतो सत्य

• प्रेम आँखाले हेरेर गरिन्छ, प्रेम मनले भावना बुझेर गरिन्छ, जब आँखा र मन दुवैले प्रेम गरिन्छ त्यसपछि मस्तिष्कले प्रेम गर्छ।

• प्रेमको रूख कुदेर चढ्न सकिँदैन तर बिस्तारै जाँदा निश्चित रूपमा टुप्पो छिचोल्न सकिन्छ।

• मानिसले पहिलो प्रेम कहिल्यै भुल्दैन । त्यसपछि गरिएका प्रेम केवल पहिलो प्रेमको केही अंश मात्र हुन्छ, बाँकी त अभिनय हुन्छ ।

**– ऐश्वर्य श्रेष्ठ**

• पुस्तक किन्न सकिन्छ तर ज्ञान, शिक्षा र बौद्धिकता किन्न सकिँदैन ।

• सुखभित्रको सुखभन्दा दु:खभित्रको सुख शान्तिपूर्ण एवं आनन्ददायक हुन्छ ।

• निद्रा त अल्छीलाई मात्र लागिरहन्छ, प्रगतिशील, पौरखी र जाँगरिलाका लागि एक सेकेन्डको पनि महत्त्व हुन्छ ।

**– वसन्त खत्री, पनौती**

• धन र रूपमा प्रेम हुँदैन यो त भावनाको मिलन हो ।

• हतियारले हिंसा मिल्छ शान्ति मिल्दैन ।

• बोलेर जित्नुभन्दा गरेर देखाउनु बेस हुन्छ ।

**– प्रवीण ज्ञवाली**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

## सहर चर्चा

# मूर्ति बनाएर चर्चित



पहिलो किराँती राजा यलम्बरको साढे १३ फिट अग्लो मूर्ति बनाएर स्थानीय स्तरमा स्याबासी पाएका युवा मूर्तिकार चन्द्रमान लिंखाले बिस्तारै चर्चा पाउन थालेका छन् । चन्द्रमानले यलम्बरको यो मूर्ति एक वर्ष लगाएर तयार गरेका हुन् । लिंखाले पर्यटन बोर्डको ३ लाख रुपैयाँ सहयोगमा मूर्ति बनाएपछि यो संखुवासभाको दक्षिणी क्षेत्र तामाफोक, चैनपुर, गुराँसको राजधानी तीनजुरे, मिल्के र जलजले आउने पर्यटकको आकर्षण केन्द्र बनेको छ । लिंखाले १ सयभन्दा बढी मूर्ति बनाइसकेका छन् भने मूर्ति बनाएर पाएको पारिश्रमिकले ६ जनाको परिवार धान्दै आएका छन् । जनयुद्धताका माओवादीले सहिद घोषणा गरेका कुलबहादुर जिमी र पूण्यप्रसाद सापकोटाको मूर्ति बनाएको भन्दै सेनाले कारबाहीको सूचीमा राखेपछि लिंखा मलेसिया भासिए । तीन वर्ष मलेसियामा बसेर फर्किएका चन्द्रमान भन्छन्, 'देशमै बस्न पाएको भए दर्जनौं मूर्ति सिर्जना गरिसक्थें ।' तामाफोक बजारको केन्द्र मुढेशनिश्चरे, धनकुटाको चानुवा मा.वि., मोरङको मधुमल्लामा उनले बनाएका बडेमाका मूर्ति सर्वसाधारणका लागि आकर्षणको केन्द्र बनिरहेका छन् । लिंखाले तामाफोककै शिवमन्दिरमा शिवको पूर्ण कदको मूर्ति बनाए । चन्द्रमान नेपालकै राम्रा मूर्तिकार भए पनि उनको सीपको कदर र समुचित प्रयोग गर्न नसकिएको रेडक्रसका मन्त्री (सचिव) ऋषिकेशव चापागाईंको टिप्पणी छ ।



## मोडल वाच

# हेमाको कलाकारिता

चलचित्र 'सम्बन्ध' मा सानो भूमिकामा देखिएकी झापा, शान्तिनगर, बर्नेकी हेमा ढुंगेल (२२) ले त्यसपछि धेरै ठाउँमा काम गर्ने अवसर पाइन् । दीपक लिम्बूको गीत 'पलपल', नेत्र कार्कीको 'आधी रातमा' लगायत दर्जनौं म्युजिक भिडियोमा काम गर्ने अवसर पाएकी हेमाले 'क्षितिजपारिको मायालु' शीर्षकको चलचित्रमा मुख्य नायिका हुने अवसर पाएकी छिन् । हेमा भन्छिन्, 'काम गर्दै जाँदा अवसरहरू पाइँदो रहेछ ।'

करिब ३ वर्षदेखि मोडलिङमा करियर बनाउने तरखर गरिरहेकी हेमा मोडलिङ र फिल्म क्षेत्रलाई सँगसँगै लाने विचारमा छिन् । दुवै क्षेत्र उस्तै-उस्तै भएकाले पनि खासै गाह्रो नहुने उनको अनुमान छ । कक्षा १२ सम्मको पढाइ सिध्याएकी हेमा मोडलिङमा ग्ल्यामर आवश्यक रहेको बताउँछिन् । 'यो क्षेत्र भनेकै त्यस्तै हो', उनले भनिन् । उनले कथाले मागे जति अंग प्रदर्शन गर्न तयार रहेको बताइन् । हेमा आफूलाई बुझ्न सक्ने साथीको खाँचो रहेको बताउँछिन् । करिब ५ फुट ५ फिट अग्ली हेमाले केही समयअघि साइवर नेपाल डटकमका लागि आकर्षक फोटोसेसन गरेकी थिइन् । मोडलिङ एवं फिल्म क्षेत्रमै जीवन बिताउने उनको लक्ष्य छ ।

## मुखाले

अध्यक्ष कमरेड नै सरकारप्रमुख हुनुपर्छ भन्ने छैन ।

**पोष्टबहादुर बोगटी, माओवादी**

अब माओवादीले राष्ट्रवादी मोर्चा बनाउनेछ ।

**पुष्पकमल दाहाल**

भुटानमा जन्मेर नेपाली हुँ भन्नेहरू मात्र नेपाल छिरेका हुन् ।

**नन्दलाल राई, भुटान सरकारका प्रवक्ता**

देशका सबैभन्दा ठूला नेता प्रचण्ड हुन् । उनका बारेमा मुर्दावादको नारा सडकमा उरालिँदा त्यो संसदमा रेकर्ड हुनुपर्छ ।

**अमिक शेरचन, नेता, एकीकृत नेकपा (माओवादी)**

नागरिक पार्टीमा रूपान्तरण हुने हो भने माओवादीको नेतृत्वमा सरकार बने पनि अमेरिकालाई आपत्ति छैन ।

**स्कट एच डेलिसी, अमेरिकी राजदूत**

सम्झौताको नाममा माओवादीलाई सरकार दिएर देशको वर्तमान अवस्थामा सुधार आउँदैन, बरु राजनैतिक अवस्था अरू बिग्रनेछ ।

**मोहनविक्रम सिंह**

प्रधानमन्त्रीले राजीनामा दिन माओवादीले हाम्रा सर्त पूरा गर्नुपर्छ ।

**ईश्वर पोखरेल, महासचिव, (एमाले)**

आन्दोलनको ठेक्का माओवादीले मात्र लिएको छैन, अरू दललाई पनि आन्दोलन गर्न आउँछ ।

**चित्रबहादुर केसी**

# फ्री भिसा र कामदारका विषयमा कुरा उठ्नेछ



पछिल्लो समयमा हङकङमा जन्मिएको नयाँ नेपाली पुस्ताले अब आफ्नो भविष्य हङकङमै खोज्ने कुरा बताउने प्रदीप थापा मगर हङकङे नेपाली समाजका सक्रिय सामाजिक कार्यकर्ता हुन्। हङकङ नेपाली महासंघको गत आइतबार सम्पन्न सातौं महाधिवेशनले उनलाई अध्यक्ष पदमा निर्वाचित गरेको छ। ४० वर्षीय थापासँग साप्ताहिकका लागि प्रदीप मेयाङ्बोले टेलिफोनमा गरेको कुराकानीको सार संक्षेप :

**हङकङ नेपाली महासंघले अब के गर्ने योजना बनाएको छ ?**

ब्रिटिस गोरखा सैनिकका रूपमा नेपाली दाजुभाइहरू भर्ती भएको इतिहासदेखि हङकङमा नेपालीहरू आउन थालेका हुन् । उसबेला आएका कतिपय गोर्खालीले हङकङमै आफ्ना सन्तानलाई जन्म दिएका थिए । त्यही जन्मका आधारमा यहाँको सरकारले नेपालीहरूलाई नागरिकता दिँदै आएको छ, जसलाई अहिले हङकङ आइडी भनिन्छ । यो आइडी अर्थात् पहिचानका आधारमा पछिल्लो समयमा धेरै नेपाली हङकङमा आएर बसेका छन् । उनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक हक-हित, विकास एवं उन्नतिका लागि एकजुट भएर अघि बढ्न यो महासंघ गठन भयो । महासंघले नेपाली समाजका विभिन्न समस्या पहिचान गर्दै समाधानका लागि हङकङ सरकारसमक्ष आफ्नो कुरा राख्दै आएको छ। यहाँ काम गर्ने जाँगर र सीप कला भएकाहरू रातरात धनी हुन्छन्। अर्को कुरा आईडी नभए पनि यहाँ श्रीलङ्काली, फिलिपिनी, इन्डोनेसियाली, भारतीयहरूलाई छिर्न फ्री भिसा र डोमेस्टिक तथा विभिन्न काम गर्ने अनुमति छ । गोरखाली र हङकङबीचको सम्बन्ध पुरानो भए पनि आईडी नभएकाहरूलाई हङकङ सरकारले सन् २००४ देखि डोमेस्टिक कामदारका रूपमा बस्न दिएको छैन । नेपाल सरकारले पनि किन रोकेको हो भनेर आजसम्म कुनै पहल गर्न सकेको छैन । महासंघले यो विषयमा जमेर पहल गर्नेछ । हामी नेपालीलाई पनि फ्री भिसा र कामको अनुमति दिलाउन हङकङ सरकारलाई दबाब दिनेछौं । यहाँ नेपालीहरूले आफ्नो दक्षताअनुरूप काम गर्न पाए करोडौं रुपैयाँ रेमिटेन्स नेपाल भित्रिनेछ । यो कुरा नेपाल सरकारले पनि बुझ्नुपर्ने हो ।

**महासंघ एक्लैले यो कुरा उठाउन सक्छ त ?**

हङकङमा नेपालीहरूको समाज बृहत् बन्दै गएको छ । आईडीमा यहाँ छिरेका नेपालीहरूलाई हङकङ सरकारले भेदभाव नगरी समान अधिकार दिएको छ, तर पनि हामीले सामाजिक, राजनैतिक एवं सांस्कृतिक अनि भाषिक रूपमा गोरखाली भनेर पहिचान स्थापित गर्न सकिरहेका छैनौं । हङकङ आफैंमा महानगरको पनि महानगर भएकाले सुरुमा पैसा कमाउने उद्देश्यले मात्र आएका नेपालीहरू सीमित घेरामै छौं । अबचाहिँ च्याम्बर अफ कमर्स, एनआरएन र अन्य सामाजिक संघ-संस्थासँग समन्वय गरेर नेपालीहरूको हितमा काम गर्दै जाने योजना छ ।

**महासंघको निर्वाचन प्रक्रियाका सम्बन्धमा बताइदिनुहोस् न ?**

चीनको विशेष प्रशासनिक क्षेत्र हङकङमा बसोबास गर्ने नेपालीहरूको २६ संगठन छाता संगठन हो– महासंघ । यो २५ हजारभन्दा बढी हङकङे नेपालीको छाता संस्था हो । निर्वाचनका बेला आबद्ध २६ संस्थामध्ये प्रत्येकबाट तीन-तीन जनाले मतदान गर्न पाउने व्यवस्था छ ।

**हङकङमा बस्ने नेपालीहरूले अब आफ्नो भविष्य नेपालमा खोज्ने कि हङकङमा ?**

उमेर धेरै भएर पनि हङकङमै काम गरिरहेकाहरूचाहिँ नेपालतिरै फर्कन सक्छन्, तर उनीहरूका सन्तान जो हङकङमा जन्मिए, यहीँ हुर्किए, यहींको हावापानी, वातावरणमा भिजे, पढे, आफ्नो करियर बनाए, उनीहरूले हङकङमै आफ्नो भविष्य खोज्दै संघर्ष गर्नेछन् । यद्यपि उनीहरू हङकङमा बसे पनि उनीहरूको अन्य चल अचल सम्पत्ति, आफन्तहरू नेपालमा पनि रहेकाले सम्बन्ध भने टुट्नेछैन । मूल देश नेपाल भएकाले त्यहाँ पनि हङकङे नेपालीको अधिकार रहन्छ । नयाँ परिचय स्थापित भएको खण्डमा नेपाली मूलका हङकङे नेपाली भनेर नयाँ पुस्ताले आफ्नो पहिचान प्राप्त गर्नेछ ।

**हङकङबाट अब नेपालमा रेमिटेन्स कमै मात्र जाने भयो होइन ?**

तपाईंको बुझाइ सही हो । नेपालीले कमाएको रेमिटेन्स हङकङमै रहन सक्ने बलिया कारणहरू छन् । ती हुन्– नेपालको राजनैतिक अवस्था अस्थिर रहनु, शान्ति कायम नहुनु, बन्द-हड्ताल, यातायात बन्द, चक्काजाम, शैक्षिक बन्द, लोडसेडिङ आदि । यस्तो अवस्थामा आईडी भएका नेपालीहरूले हङकङ छाडेर अन्यत्र लगानी गर्दैनन् । नेपालको स्थिति सुध्रिन्छ कि भनेर पर्खिरहेका धेरै नेपालीले पछिल्लो समयमा यहीं फ्ल्याट किनेका छन् । कमाएको पैसाले यहीं व्यापार-व्यवसाय गर्न थालेका छन् ।

**हङकङमा बस्ने नेपालीलाई नेपाल सरकारले दोहोरो नागरिकताको व्यवस्था गरिदिनुपर्‍यो, होइन ?**

हो, नेपाल सरकारले हामीजस्ता नेपालीका लागि दोहोरो नागरिकताको व्यस्था गरिदिनुपर्छ । दोहोरो नागरिकताले हामीलाई त फाइदा पुग्छ नै, मातृभूमि नेपाललाई अझ धेरै फाइदा हुन्छ । नेपाल सकारले दोहोरो नागरिकताको व्यवस्था नगरेको खण्डमा त्यसको असर भविष्यमा हामीलाई र नेपाललाई पनि पर्छ ।

**गोर्खाली र हङकङे चिनियाँबीच सामाजिक, पारिवारिक एवं सांस्कृतिक परिवेशमा तालमेल हुन सकेको देखिँदैन नि ?**

नेपालीहरूले चिनियाँ नागरिक जति नै अधिकारका साथ यहाँ बस्न त पाए, तर उनीहरूले कहिल्यै पनि हङकङलाई आफ्नो दोस्रो कर्मथलो र नयाँ पुस्ताको मातृभूमिका रूपमा हेर्न सकेनन् । केवल पैसा कमाउने अनि नेपाल पठाउने उद्देश्य मात्र राखे । अरू कुनै पनि वैधानिक गतिविधिमा सहभागिता जनाएनन् । अधिकार भए पनि सदुपयोग गरेनन् । पछिल्लो समयमा नयाँ पुस्ताले भने हङकङलाई आफ्नो भविष्य दिलाउने मुलुकका रूपमा लिएका छन् । अघिल्लो पुस्ता जो हङकङ छिरे उनीहरूले बाटो बनाए । नयाँ पुस्तामा नेपालीहरू बिस्तारै यहाँको सामाजिक, सांस्कृतिक, पारिवारिक परिवेशमा घुलमिल हुन थालेका छन् । सन् २००५ सम्म हङकङमा नेपालीहरूले सञ्चालन गरेका व्यावसायिक प्रतिष्ठान वा पसल डेढ सयजति थिए । अहिले पाँच वर्षको अन्तरालमा १ हजारभन्दा बढी पुगेको छ । यो पनि हङकङे समाजमा आफ्नो परिचय स्थापित गर्ने एउटा माध्यम हो । सम्भवत: नयाँ पुस्ताले पूर्ण रूपमा आफ्नो पहिचान स्थापित गर्नेछ ।

35% Discount
Only for Summer Semester
Saloon Basic Course — Advance Special
Short Courses
• New Trendy Hair Style.
• Permanent Make up
• Nail Extension Technique (Acrylic /Gel)
Morning Shift 9:00-12:00 (Basic)
Afternoon Shift 12:30-3:30 (Advance)
Classes conducted only @ Kumaripati & Pokhara Branch
For Further Details:
Hurry up! 20 Seats Only
BEAUTYCLUBS HAIR • BEAUTY • ACADEMY
Phone: 01 4413350, 5008601 (KTM), 9804130587 (PKR)



# कसरी दिने परीक्षा ?



प्रसंग +२ परीक्षा

सबै विद्यार्थी परीक्षासँग परिचित हुन्छन् । यद्यपि धेरैका निम्ति यो डर र कठिन समय पनि हो । परीक्षाले विद्यार्थीको स्तर निर्धारण गर्छ र सफल-असफल छुट्ट्याउँछ । विद्यार्थीले पढेको कुरा कतिसम्म बुझे र कति प्रभावकारी रूपमा ग्रहण गरे भन्ने कुराको मूल्यांकन परीक्षाले गर्छ।

परीक्षामा राम्रो अंक ल्याएर सफल हुन विभिन्न कुरामा ध्यान पुऱ्याउनु आवश्यक छ । पढेको विषय राम्रोसँग बुझ्नुपर्छ र त्यसलाई परीक्षामा राम्रोसँग लेख्न सक्नुपर्छ । यसका लागि सबै विषय नियमित पढ्ने, नोट बनाउने र त्यसलाई पटक-पटक दोहोऱ्याउने काम गर्नुपर्छ । आफूले पढेका सबै विषयको राम्रो तयारी आवश्यक छ । विद्यार्थीमा परीक्षामा सोधिएका प्रश्नको सटिक उत्तर लेख्न सक्ने क्षमता हुनुपर्छ । परीक्षाको तयारी गर्दा सुरुदेखि नै नियमित परिश्रम गरे सफलता हासिल गर्न सकिन्छ । परीक्षा आउन थालेपछि रातारात पढेर तयारी गर्न खोज्नु धेरै दृष्टिकोणबाट हानिकारक हुन्छ, यसले कुनै फाइदा गर्दैन, केवल शारीरिक थकान र मानसिक बोझ मात्र बढाउँछ ।

**नियमित अध्ययन** : कक्षा सुरु भएको समयदेखि नै नियमित अध्ययन गर्नुपर्छ । शिक्षकले पढाएका कुरा, आफ्नो पाठ्यपुस्तक अनि आफ्नो बुद्धि प्रयोग गरेर नोट बनाउनुपर्छ । शिक्षकसँग सोध्ने, खोजी गर्ने, छलफल गर्ने बानीले अध्ययन सुरुचिपूर्ण बनाउन थप टेवा पुऱ्याउँछ ।

**पुराना प्रश्नपत्रको उत्तर लेखन र परीक्षण** : परीक्षामा के कस्ता प्रश्नहरू सोधिन्छ र उत्तर कसरी दिनुपर्छ भन्ने कुरा थाहा पाउनुपर्छ । त्यसका निम्ति गत वर्षका प्रश्नपत्र हेर्नुपर्छ र ती प्रश्नको उत्तर लेखी शिक्षकलाई परीक्षण गर्न दिनुपर्छ ।

**दोहोऱ्याउने** : आफूले पढेका सबै विषय दोहोऱ्याएर पढ्नुपर्छ। यसले स्मरण ताजा बनाउँछ र आत्मविश्वास पनि बढाउँछ। यसरी दोहोऱ्याउँदा विषयको कठिनाइअनुसार दोहोऱ्याउनुपर्छ। मुख्य बुँद्दा टिपोट गरेर नोट बनाउँदा पनि दोहोऱ्याउन सजिलो हुन्छ। परीक्षा आउनुभन्दा एक साता अघिसम्म सबै विषयको मुख्य-मुख्य अंश दोहोऱ्याउनुपर्छ।

**चिन्ता नलिने** : परीक्षाको समयमा चिन्ता लिनुहुँदैन । परीक्षामा कसरी राम्रो गर्ने भनेर चिन्तन गर्नुपर्छ किनभने सिर्जनात्मक चिन्तनले मानिसलाई परिश्रमी एवं जिज्ञासु बनाउँछ । चिन्ता लिए परीक्षा बिग्रन सक्छ । विशेष गरी विद्यार्थीमा परीक्षाको समयमा फेल हुन्छु कि भन्ने डरबाट चिन्ता उपन्न हुन्छ, यस्तो डर र भयबाट बच्न नियमित अध्ययन आवश्यक छ । आफ्नो क्षमता र तयारीअनुरूपको प्रतिफल मात्र पाउने आशा गर्नुपर्छ । महत्त्वाकांक्षी भएर आफूलाई अरूसँग तुलना गर्नु हुँदैन र आफ्नो लगनशीलता र परिश्रमलाई निरन्तर रूपले अघि बढाउनुपर्छ । परीक्षाको तयारी गर्दा परीक्षा दिने अघिल्लो रात आरामसँग सुत्नु राम्रो हुन्छ । यसले मानसिक तनाव कम गर्छ र आफूलाई सन्तुलनमा राख्छ ।

**समयको बाँडफाँड** : परीक्षा कोठामा हतास हुनुहुँदैन । प्रश्नपत्र राम्रोसँग पढनुपर्छ । प्रश्न कतिवटा छन् । छनौट छ कि छैन ? प्रत्येक प्रश्न के कति नम्बरका छन् र ती कति समयमा उत्तर दिनुपर्छ, बाँडफाँड गरेर उत्तर लेख्नुपर्छ । आफूले जुन-जुन प्रश्नको राम्रोसँग उत्तर दिन सकिन्छ त्यसमा ठीक चिह्न दिनुपर्छ । उत्तर दिनुअघि राम्रोसँग प्रश्नपत्र पढनुपर्छ । प्रष्ट पार्नुहोस, व्याख्या गर्नुहोस्, संक्षिप्त टिप्पणी लेख्नुहोस् अथवा समीक्षात्मक उत्तर दिनुहोस् जस्ता प्रश्नको आशय बुझी सोहीअनुरूप उत्तर दिनुपर्छ ।

**मुख्य बुँदालाई नछुटाइ व्याख्या गर्ने** : पढेका सबै कुरा जस्ताको तस्तै लेख्नु सही होइन । प्रश्नको उत्तर दिँदा मुख्य बुँदालाई नछुटाउने तथा आवश्यक व्याख्या र निष्कर्ष नछोडि लेख्नुपर्छ । आफूलाई सजिलो लाग्ने र राम्रोसँग लेख्न सक्ने प्रश्न आए प्रश्नले खोजेको भन्दा लामो र अनावश्यक बुँदा र टिप्पणी लेख्नु हुँदैन । परीक्षामा समयको विशेष महत्त्व हुने भएकाले कुन प्रश्नमा कति समय दिने भनेर समय छुट्याएर लेखे अरू प्रश्नको उत्तर लेख्ने समय पनि पुग्छ । एउटै प्रश्नको लामो उत्तर लेख्नुहुँदैन । दुइटा प्रश्नको उत्तर दिँदा जति नम्बर आउन सक्छ, एउटाको उत्तर दिँदा त्यति नम्बर पाउन सकिँदैन । समयले यदि साथ दिएन भने पनि प्रश्नको मुख्य बुँदा टिपोट गरेर निष्कर्षमा जानुपर्छ ।

**सफा र प्रस्ट लेख्ने** : उत्तर सफा, प्रष्ट र शुद्ध हुनु आवश्यक छ। सुरुदेखि अन्त्यसम्म केरमेट वा नबुझिने गरी लेख्नु हुँदैन । विद्यार्थीले दिएका हरेक उत्तर शिक्षकले बुझ्ने हुनुपर्छ। राम्रो उत्तर लेखे पनि शिक्षकले त्यो बुझ्न नसक्ने भए कम नम्बर आउन सक्छ र यसले मूल्यांकनमा बाधा पुऱ्याउँछ।

प्रश्नको उत्तर लेखिसकेपछि अन्त्यमा थोरै समय बचत गरी आफूले लेखेका कुरादेखि अन्त्यसम्म हेर्ने, कुनै वाक्य थप्न, बुँदा थपघट गर्नुपर्ने छ कि विचार गर्ने । कहिलेकाहीँ लेखाइमा सानो कुराले अर्थको अनर्थ दिन सक्ने भएकाले सच्याउनु अवाश्यक छ । प्रश्नको उत्तर सच्याउनुअघि प्रश्नलाई पनि पढ्नु आवश्यक छ जहाँ केही बाँकी कुरा भए थप्न सकिन्छ ।

परीक्षा दिनुअघि राम्रो लेख्ने कलम, प्रवेशपत्र आफ्नो साथमा र तयारी अवस्थामा हुनुपर्छ । आफ्नो सिर्जनात्मक क्षमताको उपयोगले नै शिक्षकलाई प्रभाव पार्छ र राम्रो अंक पनि ल्याउन सकिन्छ। सधैं सफा र प्रष्ट अक्षरमा लेख्नुपर्छ। स्पेलिङ र ग्रामरमा विशेष ध्यान पुऱ्याउनुपर्छ। सधैं सिर्जनात्मक उत्तरको अपेक्षा गरिने भएकाले परीक्षामा आफ्नै मौलिक तर्क, विश्लेषण र क्षमताका आधारमा उत्तर दिनुपर्छ, यसले विद्यार्थीको स्तर मूल्यांकनमा पनि ठूलो भूमिका खेल्छ ।

**–हेमन्त खतिवडा**

# परीक्षाका लागि सहयोगी छ इन्टरनेट

सबै विद्यार्थी जोडतोडले परीक्षाको तयारीमा जुटेका छन्, तर कुनै पनि विद्यार्थी आफ्नो तयारीबाट पूर्ण रूपमा सन्तुष्ट छैनन् । प्रत्येक छात्र-छात्रालाई कुनै न कुनै विषयमा समस्या छ । कोही इतिहासको तिथिमिति याद गर्न सक्दैनन् भने कसैलाई केमिस्ट्रीको सूत्रले टाउको दुखाउँछ ।

परीक्षाको अन्तिम समयमा विद्यार्थीको चाहना हुन्छ- कमभन्दा कम समयमा बढीभन्दा बढी विषयलाई सरसर्ती दोहोऱ्याउन सकियोस् । कुनै प्रश्न मस्तिष्कमा आइरहेको छ र त्यसको उत्तर भेटिरहेको छैन भने चाँडोभन्दा चाँडो त्यसलाई खोजेर मस्तिष्कमा फिट गरिहाल्नुपर्छ । यदि यस्तै भैरहेको छ भने हैरान हुनुपर्दैन । इन्टरनेट एउटा त्यस्तो उपाय हो, जसले कम समयमा पनि बढीभन्दा बढी प्रश्नसम्म आफ्नो पहुँच पुऱ्याउन सक्छ ।

### समयको बचत

परीक्षाको समयमा इन्टरनेट प्रयोग गरेर समय बचत गर्न सकिन्छ । इन्टरनेटमा यस्ता साइटहरू हुन्छन् जहाँ खोजेको प्रश्नको उत्तर सजिलै फेला पार्न सकिन्छ । त्यत्तिकै पनि रुटिन पढाइले बोर भैरहेको हुन्छ । इन्टरनेट सर्फ गरेर स्कुली किताब-कापीको संसारभन्दा पर मनोरञ्जनको दुनियाँमा पुग्न सकिन्छ ।

इन्टरनेटको सबैभन्दा ठूलो फाइदासमयको बचत हो । आफ्नो ज्ञानलाई धेरै कम समयमा टल्काउने माध्यम हो- इन्टरनेट । इन्टरनेटको माध्यमबाट विद्यार्थीले आफूले खोजेको प्रश्नको उत्तरसम्म आफ्नो पकड धेरै कम समयमै बनाउन सक्छन्, त्यो पनि धेरै मनोरञ्जक ढंगले ।

प्रयोगात्मक परीक्षाको प्रोजेक्ट बनाउन पनि इन्टरनेट सहयोगी साबित हुनसक्छ । प्रोजेक्टमा कोर्सभन्दा टाढाका कुराहरू पनि समावेश गर्नुपर्छ । यसबाट अधिकतर विद्यार्थी हैरान हुन्छन् । परीक्षाका बेला यताउतिबाट जानकारी लिँदा समय खेर गएजस्तो लाग्छ । त्यतिबेला इन्टरनेटबाट जानकारी लिएर प्रोजेक्टलाई राम्रो बनाउन सकिन्छ । चाहे त्यो कला विषयसँग सम्बन्धित प्रोजेक्ट होस् वा विज्ञानसँग सम्बन्धित । इन्टरनेटमा हरेक किसिमको जानकारी पाइन्छ ।

### बानी राम्रो होइन

यद्यपि के कुरामा ध्यान पुऱ्याउनुपर्छ भने परीक्षाका दिनमा इन्टरनेट आफ्नो बानी नबनोस् । यो बानी खतरनाक साबित हुनसक्छ । इन्टरनेटको प्रयोग खाली समयमा मुड फ्रेस गर्नका लागि मात्र गर्नुपर्छ । परीक्षाको समयमा सबैभन्दा महत्त्वपूर्ण कोर्स नै हुनुपर्छ । परीक्षामा सबै प्रश्न कोर्सबाटै आउँछन् । हो, यदि कुनै विषयमा कम जानकारी छ भने बिनाकुनै हिचकिचाहट इन्टरनेटको उपयोग गर्न सकिन्छ ।


JOIN THE BRITISH ARMY & SINGAPORE POLICE
Admission Open
For Intake 2010 /2011
Both Physical & Educational
Sponsor By:
Bikas Gurung (UK)
Sudip Rai (Singapore)
British Gurkha Fitness & Education Training Centre
Chabahil Shifal, Tel: 01-2081532, Mobile: 9741103508, 9804254890
यस ट्रेनिङ सेन्टर चाबहिल चुच्चेपाटीबाट चाबहिल सिफल चौरी अगाडि सारिएको सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

Achieve your dream...Make your career
Being
BRITISH ARMY & SINGAPORE POLICE
"Every man is an architect of his own fortune, but it needs proper guidance"
NG.Lic No.44948/063-64
British Army तथा Singapore Police Preparation Class मा भर्नाखुल्यो !!!
चाँडै गर्नुहोला धमाधम भर्ना लिईदैछ
COURSES
Educational: Mathematics, English, Grammar, Barb Test, Oral Test, Essay Writing, Dictation, Passage
Physical: Puss Up, Set Up, 800m(Running, Drill, B.F.T, Doko carry
THIS COUNTRY OWES YOU
हाम्रा विशेषताहरु
→ न्युनतम शुल्कमा गुणस्तरीय सेवा प्रदान गरिने ।
→ गत Intake हरुमा अधिकतम विद्यार्थीहरुलाई भर्ना गराउन सफल ।
→ EX-British Army द्वारा शारीरिक प्रशिक्षण गराईने ।
→ दक्ष शिक्षकहरुबाट शैक्षिक प्रशिक्षण गराईने ।
→ हरेक हप्ता Test गराईने ।
→ उत्कृष्ट विद्यार्थीलाई छुटको व्यवस्था गरिने ।
→ कम्पनीको आफ्नै Uniform उपलब्ध गराईने ।
→ पुरानो प्रश्नपत्र एवं सम्भावित नयाँ मोडेल अनुसार अधिकतम अभ्यास गराईने ।
BRITISH GURKHAS EDUCATIONAL & PHYSICAL TRAINING CENTRE(P.) LTD.
shankhapark-4, Dhumbarahi, Kathmandu, Nepal
Contact: 01-4007538,9841344404,9841306113,9841145319,9851002703
Branch Office
Dharan-9,Acharya Line
Ph:025-696513,9804007669
9842021640,9842195609

Nepal's No.1 Leading & Pioneering Pre-Gurkha Army Training Center
SALUTE GORKH Training Center Pvt. Ltd.
के तपाईं पनि ब्रिटिश आर्मी तथा सिंगापुर पुलिसमा भर्ती हुन चाहनुहुन्छ ?
Rahul Pandey, Chairperson 9846219177 9841876269
Bibek Thapa, Managing Director 9846262455 9847061236
Congratulations
You are
Admission Open for Intake 2010/11
Contact Address
Head office : Amarsingh Chowk, Pokhara, Phone : 061-524851
Branches :
UK : 39 Ceres Road, Plumstead, London, SE 18 1HR, Mo: 00447792586113
Kathmandu : Balaju Chakrapath, Ph: 01-4385975
Dang : Ghorahi, Ph : 9847831552, 082-563278
Dharan : Acharya Line, Ph : 025-696513, 9804007669
Info Centers:
Baglung, Ph : 068-522413, 522017, Mo. : 9847620398 | Nepalgunj, Ph : 081-560249, Mo : 9848029953 | Butwal, Mo. : 9804409768 | Myagdi, Mo. : 9847703205, 9847627817

+२ विशेष

# जब पहिलो परीक्षा बिग्रन्छ



गत वर्ष वैशाख-जेठमा सोनमको परीक्षा सुरु भएको थियो। उनको पहिलो पेपर इकोनोमिक्सको थियो। उनी दोस्रो दिनको परीक्षामा अनुपस्थित रहिन्। शिक्षकलाई लाग्यो– सायद बिरामी भएकी होलिन्, तर त्यही दिन सोनम बजारमा भेटिइन्।

'परीक्षा दिन आएनौ नि, बिरामी थियौ ?' शिक्षकले सोधे।

'होइन सर, बिरामी त थिइनँ, तर मेरो पहिलो परीक्षा नराम्रोसँग बिग्रिएको थियो। त्यसैले सोचें, यो वर्ष ड्रप गरूँ। त्यसैले अर्को परीक्षा दिइनँ,' सोनमले भनिन्।

सोनमको जस्तै धेरैजसो छात्रछात्रा पहिलो परीक्षा बिग्रिएको खण्डमा बाँकी परीक्षा नदिने निर्णय लिन्छन्। यस्तो स्थितिमा उनीहरूको एक वर्ष खेर जान्छ, जसको परिणाम जीवनभर भोग्नुपर्छ।

पहिलो परीक्षा बिग्रिनुको अर्थ परीक्षाको मैदान छोडेर फर्कनु होइन। ठीक छ, परीक्षा बिग्रिए कम अंक आउँछ, तर प्रत्येक विषयको २ पेपर हुन्छ, बिग्रिएको पेपरको भर्पाई दोस्रो पेपरको राम्रो तयारी गरेर वा बढी अंक ल्याएर गर्न सकिन्छ।

उदाहरणका लागि इकोनमिक्सको २ पेपर हुन्छ। यदि पहिलो पेपर बिग्रियो, त्यसमा १ सय अंकमा ३५ अंक आउने आशा छ, तर यही विषयको दोस्रो पेपरको राम्रो तयारी गरेर त्यसमा १ सय मा ६५ अंक ल्याइयो भने कुल मिलाएर ५० प्रतिशत नम्बर आउँछ।

विद्यार्थीले कक्षा ११ र १२ मिलाएर कुल १ हजार पूर्णाङ्कको परीक्षा दिनुपर्छ। प्रत्येक विषयको पहिलो पेपर कक्षा ११ मा र दोस्रो पेपर कक्षा १२ मा पढाइ हुन्छ। यदि कुनै विद्यार्थीले इकोनोमिक्सको दुवै पेपर बिगारे भने पनि निराश हुनुपर्दैन। अरू मेजर र कम्पलसरी विषयमा राम्रो अंक ल्याएर त्यसको क्षतिपूर्ति गर्न सकिन्छ।

यदि कुनै परीक्षार्थीलाई कुनै पनि विषयमा पास मार्क्स आउने आशा छैन भने पनि सबै विषयको परीक्षा दिनुपर्छ। यसले ऊ पूरक परीक्षाका लागि योग्य हुन्छ र उसको एक वर्ष बर्बाद हुनबाट जोगिन्छ। पूरक परीक्षाको बेलासम्म परीक्षार्थीसँग थुप्रै समय हुन्छ, जसमा उनले उक्त विषयको राम्रो तयारी गर्न सक्छन्।

कहिलेकाहीँ परीक्षार्थीहरू सोच्छन्– 'पहिलो पेपर त बिग्रिहाल्यो, अब बाँकी पेपर दिनुभन्दा राम्रो फेरि अर्को वर्ष परीक्षा दिनु हो।' तर अर्को वर्ष कुनै पेपर बिग्रँदैन भन्ने के ग्यारेन्टी छ ? त्यसैले विद्यार्थीले आफ्नो एक वर्ष बर्बाद हुनबाट बचाउनुपर्छ।

पहिलो पेपर बिग्रिहाल्यो भने पनि निराश हुनुपर्दैन। जे हुनु थियो भैहाल्यो। त्यसको असर बाँकी पेपरमा पर्न दिनुहुँदैन। पेपर बिग्रिएको चिन्ता लिनुहुँदैन, किनभने यसले कुनै फाइदा गर्दैन, बरु घाटा नै गर्छ र अर्को पेपर पनि बिग्रने सम्भावना बढ्छ। त्यसैले त्यसलाई बिर्सेर अर्को पेपरको तयारीमा जुट्नुपर्छ।

यदि कसैको एक वर्ष गुम्यो भने कम्पिटिसनको दौडमा ऊ एक वर्ष पछाडि पर्छ र यसै कारण उसले कैयौं महत्त्वपूर्ण अवसर गुमाउन सक्छ। साथीहरूका बीच पनि ऊ पछाडि पर्छ।

– श्यामकुमार सिंह

## नगरौं कापीमा पहिचान उजागर

परीक्षा चाहे जुनसुकै होस्, यदि कसैले जानीजानी आफ्नो परिचय उत्तरपुस्तिकामा खोल्छन् वा परीक्षकका लागि कुनै सन्देश लेख्छन् भने यसको न केवल मार्किङमा खराब असर पर्छ, बल्कि परीक्षा बोर्डले परीक्षार्थीलाई अयोग्य पनि ठहऱ्याउन सक्छन्। त्यसैले उत्तरपुस्तिकामा आफ्नो नाम, ठेगाना आदि लेख्ने विद्यार्थीहरूले सावधान हुनुपर्छ किनभने यस्तो गल्ती गरेर उनीहरू आफ्नो खुट्टामा आफैं बञ्चरो हानिरहेका हुन्छन्।

परीक्षामा पत्रलेखनसम्बन्धी प्रश्नको उत्तरमा आफ्नो ठेगाना लेख्नु अवैधानिक काम हो, किनभने यसले परीक्षार्थीको वास्तविक परिचय खुल्छ र यस्तो काम गर्ने परीक्षार्थीलाई परीक्षा बोर्डले अयोग्य ठहऱ्याउन सक्छन्। यसको साटो काल्पनिक नाम, ठेगाना उल्लेख गर्नु उपयुक्त हुन्छ। परीक्षामा उत्तरपुस्तिकाको तय स्थानबाहेक कुनै अर्को ठाउँमा आफ्नो रोल नम्बर, रजिस्ट्रेसन नम्बर आदि पनि लेख्नुहुँदैन। गत वर्ष मोनिकाले भूलवश उत्तरपुस्तिकामा आफ्नो नाम लेखिन्। त्यस्तै शत्रुघनले थप उत्तरपुस्तिकामा आफ्नो रजिस्ट्रेसन नम्बर लेखिदिए। यसको कारण सोध्दा उनले भने– 'मलाई डर थियो कि मुख्य उत्तरपुस्तिकासँग धागोले बाँधिएको थप उत्तरपुस्तिका कहीं च्यातियो भने ?' मोनिका र शत्रुघनजस्ता कैयौं छात्रछात्रा अन्जानमा यस्ता गल्ती गरिरहन्छन्। यस्तो गल्तीले परीक्षार्थीलाई नै हानि गर्छ। उत्तरपुस्तिकामा सिम्बल नम्बर, केन्द्रको नाम, विषय, पत्र, मितिका अतिरिक्त अरू केही पनि उल्लेख गर्नुहुँदैन, जसले परीक्षार्थीको परिचय झल्कियोस्।

कतिपय परीक्षार्थी आफ्नो उत्तरपुस्तकामा आफ्नो धर्म, जाति वा सम्प्रदाय सूचक शब्द, चिन्ह वा अंक आदि लेख्छन्, यसो गर्नु उचित होइन। त्यसैले परीक्षामा ओम नमः शिवाय, श्री गणेशाय नमः, जय माँ सरस्वती आदि लेख्नु वा आफ्नो धर्मको प्रतीक चिन्ह बनाउनु अनुचित हो। धर्मका आधारमा परीक्षकलाई प्रभावित गर्न वा सहानुभूति पाउन विद्यार्थीहरू यसो गर्छन्। कतिपय परीक्षार्थी आफ्नो उत्तरपुस्तिकामा परीक्षकसँग दयाको भीख माग्छन्, यदि तपाईंले मलाई पास गरिदिनुभयो भने तपाईंको भलो हुनेछ। कतिले परीक्षाको समयमा बिरामी भएको कारण देखाएर पास गरिदिन अनुरोध गरेका हुन्छन् भने कतिले आमाबुवा वा कुनै नातेदारको मृत्युको कारण देखाएर पास गरिदिन निवेदन गर्छन्।

ती परीक्षार्थीको पनि कमी छैन, जसले आफ्नो कापीमा परीक्षकलाई धम्कीपूर्ण सन्देश लेख्छन्, यदि तपाईंले मलाई पास गर्नुभएन भने म आत्महत्या गर्छु, जसको पूरै दोष तपाईंमाथि लाग्नेछ। यस्ता कुराले परीक्षकमाथि कुनै असर पर्दैन। उनलाई त परीक्षार्थीको बुद्धि देखेर अफसोच हुन्छ। यति ध्यान उसले आफ्नो पढाइमा लगाएको भए सायद यी फाल्तू कुरा लेख्ने न ऊसँग समय हुन्थ्यो, न त त्यसको आवश्यकता।

यदि कसैले कुनै परीक्षामा आफ्नो परिचय खुलाउने चेष्टा गर्छ भने उसले ठूलो गल्ती गरिरहेको छ। हुन सक्छ, उसको परीक्षा नै रद्द होस्। त्यसैले परीक्षार्थीले कुनै पनि परीक्षामा आफ्नो परिचय खुलाउने प्रयास गर्नुहुँदैन।




# के हो कार्बन व्यापार ?

• कुलचन्द्र अर्याल

पृथ्वीमा रहेका करिब १ सय ९ वटा तत्त्वमध्ये कार्बन पनि एक हो । विभिन्न जैविक पदार्थ तथा अन्य वस्तुमा विभिन्न यौगिक तथा वायुमण्डलमा कार्बनडाइअक्साइड ग्याँसका रूपमा कार्बन छ । कार्बनडाइअक्साइडले वायुमण्डलको करिब शून्य दशमलव २१ प्रतिशत अंश ओगटेको हुन्छ । यस्तै हरेक जैविक पदार्थको संरचनामा कार्बनको मुख्य अंश हुन्छ । पेट्रोलियम पदार्थ, कोइला आदि जीवांश इन्धन (फोसिल फ्युल) हरूमा पनि कार्बन हुन्छ । जैविक इन्धनहरूको दहनबाट ऊर्जा उत्पन्न हुने क्रममा त्यहाँ रहेको कार्बन छुट्टिन्छ जुन वायुमण्डलमा रहेको अक्सिजनसँग मिलेर कार्बनडाइअक्साइड बन्छ । जैविक पदार्थहरूमा रहेको कार्बन आफैंमा हानिकारक होइन, तर जब यो कार्बनडाइअक्साइडका रूपमा वायुमण्डलमा पुग्छ यसले प्रदूषकका रूपमा काम गर्छ ।

कार्बनडाइअक्साइडको निश्चित मात्रा वनस्पतिहरूका लागि अत्यावश्यक हुन्छ र यसले कुनै प्रदूषकका रूपमा भूमिका खेल्दैन तर जब वायुमण्डलमा कार्बन डाइअक्साइडको मात्रा बढ्न थाल्छ तब यो प्रदूषकका रूपमा परिवर्तित हुन्छ । यसरी वायुमण्डलमा निश्चित मात्रा भन्दा बढी रहेको कार्बनडाइअक्साइडले हरितगृह ग्याँसका रूपमा नकारात्मक असर गर्न थाल्छ ।

विश्वमा बढ्दो औद्योगीकरणसँगै हरितगृह ग्याँस वा कार्बन डाइअक्साइड ग्याँसको उत्सर्जन पनि बढिरहेको छ । यसरी वायुमण्डलमा हरितगृह ग्याँसको मात्रा बढ्दै जाँदा विश्वको जलवायुमा नकारात्मक असर देखा पर्न थालेको छ । कार्बनडाइअक्साइड लगायतका हरितगृह ग्याँसले वायुमण्डलमा यस्तो तह बनाउँछन्, जसले पृथ्वीमा आएका सूर्यका किरणलाई पुनः वायुमण्डलमा परावर्तन हुनबाट रोक्छ, जसबाट पृथ्वीको तापक्रम बढ्छ । काँचको घर (हरितगृह) भित्र बेमौसमी बाली उत्पादनका लागि विकिरण सोस्ने र तापक्रम बढाउने जुन प्रक्रिया अपनाइन्छ त्यही प्रक्रियाबाट कार्बन डाइअक्साइड लगायतका ग्याँसले पृथ्वीको तापक्रम बढाउने भएकाले यी ग्याँसहरूलाई हरितगृह ग्याँस भनिएको हो ।

अहिले हरितगृह ग्याँसको असरका कारण विश्वको तापमान बढिरहेको छ । विश्वको तापमानमा भैरहेको निरन्तरको वृद्धि एवं जलवायु परिवर्तनका कारण उत्पन्न चुनौतीहरूमा संसारका वैज्ञानिकहरूको ध्यान खिचिएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न हुने चुनौतीबाट बच्न हरितगृह ग्याँसको उत्सर्जन कम गर्ने तर्फ विश्वका नीति-निर्माताहरू एकमत छन् ।



## के हो कार्बन व्यापार ?

विश्वका औद्योगिक शक्तिसम्पन्न राष्ट्रहरूले हरितगृह ग्याँस उत्सर्जनको अधिकांश हिस्सा ओगटेका छन् । त्यसकारण जलवायु परिवर्तन रोक्न तिनै औद्योगिक शक्तिसम्पन्न राष्ट्रको कार्बन उत्सर्जनमा कटौती अनिवार्य छ । सन् १९९७ मा तयार भएको र २००५ देखि लागू भएको जलवायु परिवर्तनसम्बन्धी क्योटो अभिसन्धिले विश्वको ३८ वटा औद्योगिक राष्ट्रले सन् २०१२ सम्ममा ५ दशमलव २ प्रतिशतले कमी ल्याउनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । क्योटो अभिसन्धिमा अमेरिकालगायतका मुख्य प्रदूषक राष्ट्रले आनाकानी गर्दै आए पनि अन्ततः त्यो सबैका लागि बाध्यकारी बनेको छ । जलवायु परिवर्तन नियन्त्रण एवं कार्बन कटौतीको मुद्दा विश्वको अर्थतन्त्रसँग जोडिएकाले पनि क्योटो अभिसन्धिको प्रावधान विवादरहित बन्न सकेन । औद्योगिक अर्थतन्त्रमा आधारित रहेका विश्वका धनी देशहरू कार्बन उत्सर्जन गर्ने नाममा उद्योगहरू बन्द गर्न वा उत्पादन कटौती गर्न किन राजी हुन्थे र ? कार्बन कटौति गर्नु धनी राष्ट्रहरूका लागि महँगो सावित हुने देखिएपछि क्योटो अभिसन्धिले कार्बनको व्यापार गर्न सकिने प्रावधानसमेत अगाडि सार्‍यो, जसअनुसार औद्योगिक देशहरूले निश्चित सीमासम्म कार्बन उत्सर्जन गर्न पाउने अधिकार किन्न सक्ने भए । त्यसका लागि उनीहरूले कार्बन उत्सर्जन घटाउने राष्ट्रलाई पैसा तिर्नुपर्ने भयो ।

स्वच्छ ऊर्जाको प्रयोगद्वारा कार्बन उत्सर्जन घटाउने राष्ट्र, समुदाय वा संस्थालाई बढी उत्सर्जन गर्ने राष्ट्र वा संस्थाले आर्थिक सहयोग गरी सोही परिमाणको कार्बन उत्सर्जन गर्न पाउने अधिकार ग्रहण गर्न सक्छ । यसरी कार्बन उत्सर्जन घटाउन महँगो पर्ने पक्षले त्यसबापतको अधिकार अर्को पक्षबाट ग्रहण गर्छ, जसलाई कार्बन उत्सर्जनमा गरिएको कटौती महँगो सावित हुँदैन । कार्बन व्यापारको मुख्य उद्देश्य विश्वको अर्थतन्त्रलाई असर नपर्ने गरी जलवायु परिवर्तन नियन्त्रण गर्नु हो । क्योटो अभिसन्धिले गरेको यस्तो व्यवस्थालाई स्वच्छ विकास संयन्त्र पनि भनिन्छ । यस्तो व्यवस्थाबाट मुख्यतः गरिब राष्ट्र लाभान्वित हुन्छन्, जसको कार्बन उत्सर्जनमा खासै भूमिका रहँदैन, तर जलवायु परिवर्तनबाट भने प्रभावित हुन्छन् ।

## कार्बन व्यापार र नेपाल

विश्व कार्बन उत्सर्जनमा नेपालको हिस्सा नगण्य छ, तर पनि जलवायु परिवर्तनबाट नेपाल धेरै प्रभावित हुन थालेको छ । जलवायु परिवर्तन र विश्व ऊष्णीकरणबाट खासगरी नेपालको जलस्रोतका आधार मानिएका हिमश्रृंखलाहरूमा ठूलो असर पुगेको छ भने पर्यावरणीय असन्तुलन देखिएको छ । जलवायु परिवर्तन नियन्त्रणमा नेपालले खासै केही गर्न सक्दैन, तर जलवायु परिवर्तनका कारण परेको नकारात्मक प्रभावको अप्रत्यक्ष रूपमा जरिवाना तिराउन भने सक्छ । त्यो पनि कार्बन व्यापारमार्फत । पछिल्लो समयमा कार्बन व्यापारमार्फत नेपालले केही अरब रुपैयाँ प्राप्त गरेको छ । वैकल्पिक ऊर्जा (बायो ग्याँस) को प्रयोगद्वारा कार्बन उत्सर्जन घटाउन भूमिका खेलेकोमा अघिल्लो वर्ष नेपालले विश्व बैंकबाट करिब ४ करोड प्राप्त गरेको थियो । गत वर्षदेखि भने नेपालको कार्बन व्यापारको दायरा फराकिलो भएको छ । नेपालका वनजंगलसमेत विश्व कार्बन बजारमा समेटिएको छ । वनजंगलको माध्यमबाट वायुमण्डलको कार्बन घटाएको भन्दै नेपालले पाँच अर्ब रुपैयाँ प्राप्त गर्ने भएको छ । यता गोबर ग्याँस, लघु जलविद्युत, सुधारिएको घट्ट, सौर्य ऊर्जाजस्ता वैकल्पिक ऊर्जाको प्रयोगद्वारा कार्बन उत्सर्जन घटाएकाले नेपालले बर्सेनि १७ करोड रुपैयाँसमेत प्राप्त गर्ने भएको छ ।

नेपालमा रहेका २० हजार गोबर ग्याँस प्लान्ट कार्बन व्यापारका लागि दर्ता भैसकेको र प्रत्येक वर्ष थप २० हजार दर्ता गरिँदै लाने वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले जनाएको छ । यता सुधारिएको चुल्हो पनि कार्बन व्यापारमा दर्ता गरिने भएको छ । एउटा सुधारिएको चुल्होले प्रत्येक वर्ष आधा टन कार्बन उत्सर्जन कम गर्छ । यसरी सुधारिएको चुल्होबाट समेत वार्षिक ५ लाख डलर कार्बन व्यापार गर्न सकिने विज्ञहरू बताउँछन् ।

विश्वबजारमा कार्बनको मूल्य प्रतिटन १५ अमेरिकी डलर छ । यसको अर्थ एक टन कार्बन उत्सर्जन घटाएबापत १५ अमेरिकी डलर प्राप्त हुन्छ । कार्बनको बढी उत्सर्जन गर्ने गरी तीव्र औद्योगिक विकास पनि हुन नसकेको र त्यो स्तरको ऊर्जा खपतको हैसियत पनि नभएकाले हामी हाम्रै ऊर्जाद्वारा विश्वको पर्यावरण सन्तुलनमा टेवा पुर्‍याउन मात्र होइन, विश्वबजारबाट फाइदासमेत लिन सक्छौं । विश्वमा बढिरहेको ऊर्जाको संकटसँगै हाम्रै देशमा पनि निरन्तरको पेट्रोलियम संकट धान्न अब वैकल्पिक ऊर्जाको खोजी अपरिहार्य बनिसकेको छ ।

## neok12.com

हामी युट्युब र विकिपिडियाजस्ता साइटका बारेमा परिचित छौं । युट्युवमा विभिन्न विषयसँग सम्बन्धित भिडियो राखिएको हुन्छ भने विकिपिडियामा विभिन्न विषयका बारेमा जानकारी दिइएको हुन्छ, तर युट्युबमा धेरै जानकारी हुँदैन र विकिपिडियामा भिडियो हुँदैन । यदि कुनै विषयका बारेमा जानकारी र भिडियो दुवै एकै स्थानमा उपलब्ध भए कति सहज हुन्थ्यो होला ?

यही कुरालाई ध्यानमा राखेर भारतको हरियाणा राज्यका केही उत्साही युवाले यो साइटको निर्माण गरेका हुन् । यो साइट खासगरी १२ कक्षासम्मका विद्यार्थीहरूका लागि निर्माण गरिएको छ । विद्यार्थीहरूका लागि विभिन्न विषयमा जानकारी र तीसँग सम्बन्धित भिडियोसमेत यसैमा राखिएको छ । यसलाई युट्युब र विकिपिडियाको मिश्रण भन्न पनि सकिन्छ । यसमा भएका विभिन्न विषयको सूचीमा गएर आफूलाई आवश्यक शीर्षकमा क्लिक गर्नुपर्छ । यसो गर्दा त्यो विषयसँग सम्बन्धित जानकारी प्राप्त गर्न सकिन्छ । यो जानकारी विकिपिडियालगायतका वेबसाइटबाट लिइएको हुन्छ । यो साइट निर्माणमा विभिन्न दक्ष शिक्षकहरूको सहयोग लिइएको दाबी पनि साइटले गरेको छ । जे भए पनि यो साइट विद्यार्थीहरूका लागि एकदमै महत्त्वपूर्ण छ ।

केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
बेदाग गोरो मुहारको लागि
रूपअमृत Rs.1650/-
Anti Pimple
[Rose Sunscream Free]
मुहारको दाग धब्बा हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाइ बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी

Private रेगुलर Test/SLC
टेष्ट ग्यारेन्टी पास
कक्षा समय बिहान दिउँसो
◆ ९, १० र SLC फेल भई निराश भएकाहरूलाई सजिलै SLC पास गर्ने मौका
◆ ६ महिनामै कक्षा ८ पास, ९ नपढी सोझै SLC दिन पाउने
◆ SLC मार्कसिटमा प्राइभेट नभई रेगुलर भएर आउने
माध्यम अंग्रेजी नेपाली
श्री शिवपुरी नमुना मा.वि. सामाखुशी, कपुरधारा
(चिल्ड्रेन पार्कको ठीक अगाडी) Ph. 014362125

खुल्यो ! खुल्यो !! खुल्यो !!!
निःशुल्क ब्युटिसियन ट्रेनिङ्ग सेन्टर खुल्यो ल्ड को सहयोगमानेपाल सरकारबाट मान्यताप्राप्त विदेशबाट तालिम लिका वरिष्ट ब्यूटिसियनद्वारा अत्याधुनिक मेसिनहरुबाट छोटो समयमा कोर्षहरु ग्यारेन्टीका साथ Basic, diploma, Advance, Teaching/ Special Beautician Course मा सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।
कोरियन लोसनद्वारा ग्यारेन्टीकासाथ हेयर स्ट्रेट गरिन्छ ।
तुः सम्पर्क गर्नुहोला
New ITC ट्रेनिङ्ग सेन्टर
गोगबु, गणेशथान रोड, काठमाडौं
फोन: ०१-२०२३६१८, ९८४१३३०८५०, ९८४१०४५९१९

होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook
✧Waiter
✧Bartender
✧Housekeeping
✧Front Office
✧Coffee Making
✧Bakery
✧Caregiver
✧Hotel Mgmt.
✧F&B Mgmt.
✧Airfare & Ticketing (Fare Calculation)
✧Abacus, Amadeus, Galileo, e-ticketing
✧Travel Operation
✧Tour & Travel Mgmt.
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
✧Abroad Study- UK, USA र Australia
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)

"विगत वर्षहरुको गहिरो अनुभव र हाम्रो सफलता"
प्राइभेट TEST/SLC–067
कक्षा–१०मा भर्ना खुल्यो !
कक्षा ८ पास, भर्खरै 9/Test फेल भएका तथा SLC फेल भएर निराश भई बसेका तथा अवसर खोजी गर्दै अध्ययन निरन्तर गर्न चाहनेहरूका लागि सूवर्ण अवसर ... !
हाम्रा विशेषताहरू
▶▶ अनुभवि तथा दक्ष शिक्षक–शिक्षिका
▶▶ निःशुल्क शैक्षिक सामग्री
▶▶ उचित शैक्षिक परामर्श तथा प्रोत्साहन
▶▶ कमजोर विद्यार्थीहरूको लागि निःशुल्क छुट्टै कक्षाको व्यवस्था
▶▶ Weekly, Monthly र Terminal परीक्षा तथा पृष्ठपोषण
▶▶ उत्पीडित वर्ग, गरिब तथा जेहेन्दार विद्यार्थीहरूको लागि विशेष छात्रवृत्ति प्याकेज,
▶▶ विगत वर्षहरूमा १००% विद्यार्थीहरू पास गराउन सफल ।
भर्खरै SLC दिएर बसेका विद्यार्थीहरूलाई English Language र Computer Training मा विशेष छुट, सिट सिमित छ ।
कक्षा समय: बिहानी/ दिवा
जि.शि.का. तथा EIA नेपालद्वारा मान्यता प्राप्त
विस्तृत जानकारीका लागि :
नवबुद्ध OPEN SCHOOL
चाबहिल ४४७५३००/०१६२१२३५७ (चावहिल चोकदेखि गणेशथान जाने बाटो)
शोभाभगवती, ढल्कुचोक ४२५०५३३, ९८४९१६९०६७ (इन्द्रेणी मन्दिरको अगाडि)

प्राइभेट TEST/SLC - 2067
१२ वर्षको गहिरो अनुभवका साथ यस पटक पनि पुन भर्ना खुल्यो SLC पास गर्ने सुवर्ण अवसर आजै सम्पर्क राख्नुहोस् ।
प्राइभेट TEST/SLC कसका लागि ?
कक्षा ८ वा ९ पास गरी स्कुल जान नपाएका र कक्षा ९, Test वा SLC फेल भै निरास भएकाहरुका लागि ।
सम्झना एकेडेमी नै किन ?
अत्यन्त अनुभवि शिक्षक/शिक्षीकाद्वारा अध्यापन, गरिव जेहेन्दार दलित पिछडिएकाहरुका लागि छात्रवृत्तिको व्यवस्था, कमजोरका लागि विशेष कक्षा संचालन, होस्टेलको राम्रो व्यवस्था भएको । बिहान, दिउँसो र बेलुका कक्षा संचालन हुने, अंग्रेजी/नेपाली छुट्टा छुट्टै कक्षा को व्यवस्था ।
TEST/SLC ग्यारेन्टीका साथ पास हुने गरी पढ्नलाई सम्झनुहोस्
SAMJHANA ACADEMY पुरानो बसपार्क, नेपाल पुलिस क्लब ठिक पछाडि
सम्पर्क 014246397

# क्यानोन क्यामेरा

क्यानोन ब्रान्डका ह्यान्डिक्याम, एसएलआर तथा डिजिटल क्यामेरालगायत क्यामेराका लागि आवश्यक उपकरणहरु कमलपोखरीस्थित क्यानोन लिंक एड सिटी सेन्टरले बिक्री-वितरण गर्दै आएको छ।



## क्यानोनको ह्यान्डीक्याम एफएस-३०६

लेग्रिया एफएस ३०६ मोडलको यो ह्यान्डीक्यामले भिडियो तथा फोटो खिच्न सकिन्छ। ४१ एक्स जुम, फ्लास मेमोरी, एस डि मेमोरी कार्ड र इमेज स्टेप लाइजरसहितको यो ह्यान्डीक्यामेरा बोक्नका लागि छरितो एवं सानो छ। यो ह्यान्डिक्यामेरामा भिडियो लाइटपनि सँगै छ।

**बजार मूल्य : ३३,५००/–**

## पावरसर्ट ए ३१० आइएस

पावरसर्ट ए-३१०० आइएस मोडलको यो क्यामेरा हेर्दा निकै आकर्षक देखिन्छ। यसमा लिथियम ब्याट्री राखिएको छ। १२ दशमलव १ मेघापिक्सेलको यो क्यामेरामा ४ एक्स अप्टिकल जुम र २ दशमलव ७ इन्चको एलसिडी उपलब्ध छ।

**बजार मूल्य : १६,०००/–**





## इक्सस-१३०

१४ दशमलव१ मेघापिक्सेलको यो डिजिटल क्यामेरा आकर्षक र सानो आकारमा उपलब्ध छ। २८ एमएम वाइड एल लेन्स, ४ एक्स अप्टिकल जुमसहितको यो क्यामेरामा २ दशमलव ७ इन्चको एलसिडी छ। स्टिल फोटोग्राफीका लागि मात्र होइन भिडियो छायांकनका लागि पनि यो डिजिटल क्यामेरा उपयुक्त छ। क्यामेरा एचडी मुभीसहितको छ।

**बजार मूल्य : २९,५००/–**



## इच एफ-२००

लेग्रिया एच एफ २०० ह्यान्डीक्यामबाट स्तरीय भिडियो छायांकन गर्न मात्र होइन स्टिल फोटोसमेत खिच्न सकिन्छ। यसमा ३ दशमलव ३ मेघापिक्सेलको क्यामेरा सुविधा छ। फुल एचडि भिडियो, एच डि लेन्ससहितको यो ह्यान्डिक्याममा भिडियो लाइटको पनि सुविधा छ।

**बजार मूल्य : ६३,५००/–**



## पावरसर्ट ए-३०००

पावरसर्ट ए-३००० मोडलको यो क्यामेरामा पहिलेको जस्तो पेनटर्च ब्याट्री हटाइएको छ। लिथियम ब्याट्री राखिएको यो क्यामेरा १० मेघापिक्सेल क्षमताको छ। यो क्यामेरा ४ एक्स अप्टिकल जुम, २ दशमलव ७ इन्च एलसीडी स्क्रिनसहितको छ।

**बजार मूल्य : १४,५००/–**



## डिजिटल कम्प्याक्ट क्यामेरा

### इक्सस-२१०

इक्सस २१० मोडलको यो डिजिटल कम्प्याक्ट क्यामेरा निकै सानो एवं छरितो छ। विभिन्न आकर्षक रंगमा उपलब्ध यो १४.१ मेघापिक्सेल क्षमताको क्यामेरा हो। १४ एमएम वाइड एंगल लेन्स, ५ एक्स जुमसहितको यो क्यामेरा एच डी मुभी रेकर्डिङको पनि सुविधा छ। यो डिजिटल क्यामेरा ३ दशमलव ५ इन्च एलसिडी, फुल टच प्यानल सुविधायुक्त छ।

**बजार मूल्य :३३,५००/–**




## खोई के मिलेन



तस्बिर : नवराज बाग्ले

जल शाहको दुईवर्षे अमेरिका बसाइका क्रममा चलचित्रपारखीहरूले उनलाई खुबै मिस गरे । मन परेकी नायिका अमेरिका पुगेर सुटुक्क विवाह गरी उतै भासिएपछि प्रशंसकहरूको चित्त दुख्नु स्वभाविक थियो । केहीअघि जल नेपाल आएको खबर सुनेपछि प्रशंसकहरू उत्साहित भएका थिए । जलले आमालाई भेट्ने बहानामा नेपाल आएको बताएकी थिइन् । दर्शकले सोचे उनलाई फेरी पर्दामा देख्न पाइनेछ कि भनेर । यहाँबाट जाँदाभन्दा दुई गुना बढी मोटाएर आएकी जलले पनि अभिनय गर्ने इच्छा राखेकी हुन् । तर खोई के मिलेन, के मिलेन ? जल नेपाल आएको केही समयमै उनका श्रीमान् शरदकुमार रिमाल पनि नेपाल आएका छन् । थाहा भए अनुसार उनीहरु अहिले साथै छन् । नेपाल आए लगत्तै श्रीमान् आएपछि सबैसमक्ष चिनारी गराउने जलले भनेकी थिइन् । उताहुँदा यहाँ नानाथरी कुरा काटियो नि ? *साप्ताहिक*सँगको कुराकानीमा उनले भनेकी थिइन् - 'त्यस्तो केही थिएन, हाम्रो दाम्पत्य जीवन सुमधुर चलिरहेको बेलामा यहाँ भने जल शाहको घर भत्कियो भन्ने हल्ला चल्यो ।' लोग्ने-स्वास्नीको झगडालाई परालको आगो भनिएझैं हल्ला चले जस्तो उनीहरुको सम्बन्ध नबिग्रेको पारिवारिक श्रोतले जनाएको छ । त्यसो भए जलले पहिले भने जस्तो श्रीमान्‌लाई सबैसंग नचिनाएकीले पनि त्यस्तो हल्लाले स्थान पाएको होला कि ?

## ड्रिम ब्वाइ हमाल



उमेर पुगेपछि युवाले ड्रिम गर्ल र युवतीहरूले ड्रिम ब्वाइको कल्पना गर्छन् । सपनाको राजकुमार र सपनाको राजकुमारी खोज्नु वा उनीहरूको कल्पनामा रमाउनु एक प्रकारको आनन्द पनि हो, जुन कुरा सबैमा लागू हुन्छ । राजेश हमाल पनि हजारौं युवतीका सपनाका राजकुमार हुन् । नेपाली रजतपटका सर्वाधिक लोकप्रिय कलाकार हमाललाई नेपाली चलचित्र हेर्ने र नहेर्ने दुवै समूहले ड्रिम ब्वाइका रूपमा लिन्छन् । विवाह गरिसकेका नायिकादेखि भिजे, आरजेहरू पनि ड्रिमको ब्वाइका रूपमा हमालको नाम लिन्छन् । पछिल्ला दिनमा चल्तिकी गायिका निशा सुनारले पनि आफ्नो ड्रिम ब्वाई हमाल भएको बताइन् । निशाका अनुसार हमाल नै उनका ड्रिम ब्वाइ भएकैले उनले आफ्नो आगामी महत्त्वाकांक्षी गीतिसंग्रह 'भावना मनको' मा संग्रहित एउटा गीतमा उनीसँग अभिनय गर्ने अभिलाषा राखेकी छिन् । 'नायक राजेश हमाल मेरो सपनाका राजकुमार हुन्' ग्लामरस गायिका निशाले भनिन्- 'मलाई उनीसँग अभिनय गर्न मन छ ।' नायिका निशाले चाहेजस्तो भयो भने नायिका जल शाहले निर्देशन गर्ने उक्त म्युजिक भिडियोमा निशाका साथमा राजेश हमालले अभिनय गर्नेछन् ।

## छविलाल अर्थात् ?



'छविलाल कन्जुस छैन' शीर्षकको एउटा चलचित्र निर्माणको क्रममा छ । छविलाल नाम भएकाहरूका लागि यो खुसीको खबर हो, किनभने चलचित्रको शीर्षक नै छविलाल कन्जुस छैन भनेपछि त्यसभन्दा राम्रो कुरा अरू के हुनसक्छ आफू लोभी नभएको प्रमाणित गर्नलाई । चलचित्र उद्योगमा छवि ओझा नामका एक जना निर्माता छन्, कतै उनको जीवनीमा आधारित भएर त चलचित्र बनाउन लागिएको होइन ? पक्कै होइन, किनभने छविको कथामा आधारित भए छवि ओझाले नै यो चलचित्र बनाइहाल्थे नि । एउटा सूत्रले भन्यो, माओवादी अध्यक्ष पुष्पकमल दाहालको न्वारानको नाम छविलाल भएकाले उनी लोभी-कन्जुस छैनन् भन्नका लागि यो चलचित्र तयार पारिएको हुनसक्छ, तर कुरा त्यसो पनि होइन रहेछ । चलचित्रमा छविलाल नामधारी एउटा अजीवको पात्र छ, जो आफ्नो स्वार्थका लागि जति पनि पैसा गर्छ । यो चलचित्रको शीर्षक भने चलचित्रका निर्माता सञ्जय कुटुसँग मिल्दो छ । चलचित्र बनाएर नाम कमाउने इच्छा राखेका सञ्जयको पैसा खाएर कतिपयले चलचित्र नै बनाएनन्, यद्यपि उनी निरन्तर चलचित्र निर्माणमा सक्रिय रहे । श्याम भट्टराई निर्देशित दुई चलचित्र मर्यादा र मौसम तयार भएर दर्शकमाझ आउनु सञ्जयका निम्ति राहतको पक्ष रह्यो । यी दुइ चलचित्रले औसत व्यापार गरे । अन्य पेसाबाट कमाएको पैसा निरन्तर चलचित्र बनाउँदै सक्ने भएकाले पनि छविलाल भनेका सञ्जय नै रहेछन् भन्ने पुष्टि भएको छ । सञ्जयले छविलाल कन्जुस छैन भनेर आफूलाई प्रमाणित गर्नलाई यो चलचित्र बनाएका हुन् भने हाम्रो सलाम छ ।

## कसले बुझ्ने पीडा?





विवाहको लड्डु खाने पनि पछुताउँछ नखाने पनि....यो चल्तीको उखान हो । खासगरी विवाहको प्रसंगमा । अब एकछिन कुरा गरौं दुई अविवाहित राजेशको । नायक राजेश हमाल र गायक राजेशपायल राई विवाह गर्ने उमेर बितिसक्दा पनि अविवाहित नै छन् । दुवैलाई विवाह किन नगरेको भनेर पत्रकारहरूले पटक-पटक सोध्ने गरेका छन् । उनीहरू विवाह हुन पनि सक्छ, नहुन पनि सक्छ अथवा खोजेजस्तो पाइएको छैन भनेर पन्छिन्छन् ।

केही समयअघि एउटा वैदेशिक कार्यक्रममा दुवै राजेश साथै थिए । त्यसक्रममा महानायक हमालले नम्बर वान पार्श्वगायकसँग सोधे, तपाईंले किन विवाह नगर्नुभएको नि ? गायक राजेश मुसुक्क हाँसे अनि भने, खोइ लगन नजुरेर नै होला । गायक राजेशले पनि नायक राजेशसँग त्यस्तै प्रश्न गरे । दुईबीच जीवनको यो समयमा आइपुगेर अब विवाहको बाटो रोज्ने नरोज्ने विषयमा प्रशस्त कुराकानी भए । गायक राजेशका अनुसार जीवनको उत्तरार्द्धमा एक्लै हुने डरका कारण पनि विवाह गर्नुपर्छ कि भन्नेमा नायक राजेश पुगेजस्ता छन् । 'मैले किन विवाह गरिनँ, अब गर्ने नगर्ने भनेर उनले धेरै पटक सोधे' गायक राजेशले भने- 'उनले विवाह कत्तिको आवश्यक छ, भनेर मेरो धारणा बुझेका पनि हुन सक्छन् ।' जे होस् अविवाहित यी बूढा (?) हरू विवाह नगरे पनि विवाहका कुरा गर्दा रहेछन् । कतै विवाहको लड्डु नखाएर पछुताएका त होइनन् ?

## घरपछि घरजम ?



नायिका उषा पौडेलले घर किनेकी छिन् । चलचित्र क्षेत्रमा संघर्षशील नायिकाका रूपमा चिनिएकी उषाले केही समयअघि मात्र सिनामंगलमा घर किनेकी हुन् । केही समयअघि गृहपूजा गरेर उषा परिवारका साथमा उक्त घरमा बस्न थालेकी छिन् । घर किनेपछि उषामा घरजम गर्ने विचार पनि आएको हुनसक्छ । एक वेबसाइटको अर्न्तवार्तामा उनले भनेकी छिन्- 'एक जना प्रशंसकले विवाह गर्ने प्रस्ताव गरे पनि मैले त्यस विषयमा सोचेकी छैन भनिदिए ।' तर उनका समकालीन साथीहरू सबैले विवाह गरिसकेको अवस्थामा यतिखेर उषा पनि घरजमको मुडमा हुनुपर्छ, त्यसकै पहिलो खुड्किलोस्वरूप उनले घर किनेकी हुनसक्छ । उषा भन्छिन्- 'मैले विवाह गर्ने केटा चलचित्र क्षेत्रभन्दा बाहिरको हुनेछ ।' त्यसो भए उनले अब विवाहको बाटोमा जाने मुड बनाएकी हुनसक्छ ।

## खोजेकी पाइएन



गायक भरत सिटौला क्युट छन् । मीठो स्वरका यी गायकका प्रशंसक पनि उत्तिकै छन् । केही समयअघि उनले बजारमा 'महिमा' गीतिसंग्रह ल्याए, जसको एउटा गीत हरेराम हरेकृष्णले राम्रै लोकप्रियता पायो । चकलेटी पपगायक सिटौलालाई पछ्याउने त थुप्रै हुनुपर्ने हो। उनलाई कति प्रेमप्रस्ताव आए त ? भनेर प्रश्न सोधियो, जवाफमा उनी मीठोसँग हाँसे । भरतले भने- 'आए केही केही, तर दिगो हुन सकेनन् ।' अहिलेसम्म १-२ वटा प्रेमसम्बन्ध चले पनि अहिले सिंगल रहेको उनको जिकिर थियो। अब सोधियो, गीतिसंग्रहको नाम महिमा राख्नुको केही अर्थ छ कि ? भरतले सुरुमा त्यस्तो खासै केही नभएको बताए पनि एकछिनपछि जीवनको कुनै मोडमा महिमा नामकी सुन्दरीसँग भेट भएको कुरा अस्वीकार गरेनन् । सायद कुनै दिन उनले यो रहस्य आफैं खुलाउलान् । विवाह नगर्ने ? केही समयअघि युरोपमा कन्सर्ट सकेर फर्किएका गायक सिटौलाले भने- खोइ खोजेकी पाइएकी छैन, पाइए त गर्नुपर्ला ।'

# लोहान अब पोर्न स्टार

प्रायः सधैं चर्चामा रहने हलिउड नायिका लिन्ड्से लोहानले आफ्नो कमजोर फिल्मी करियरलाई माथि उठाउन नयाँ कदम चाल्ने भएकी छिन् । त्यसका लागि उनले पोर्न स्टार लिन्डा लवलेसको जीवनीमा आधारित चलचित्रमा अभिनय गर्ने योजना सार्वजनिक गरेकी छिन् । ई-अनलाइनका अनुसार २४ वर्षीया लोहानले चलचित्र 'इन्फर्नो' मा उक्त भूमिका निर्वाह गर्न लागेकी हुन् । विशुद्ध पोर्न चलचित्र 'डिप थ्रोट' मा लवलेसले निर्वाह गरेको भूमिका लोहानले निर्वाह गर्न लागेकी हुन् । शिल्डका अनुसार निर्देशक म्याथ्यु वाइल्डरले लोहानलाई यो चलचित्रमा काम गर्न प्रस्ताव गरेका छन् । निर्माताहरूले कान्स चलचित्र महोत्सवमा यो चलचित्रको आधिकारिक घोषणा गर्ने कार्यक्रम तय गरेका छन् ।



# नाङ्गिइन् नितु

गर्म मसालामा एयर होस्टेस्का रुपमा देखिएकी अभिनेत्री नितु चन्द्रा ट्राफिक सिग्नलमा फुटपाथ व्यापारीका रुपमा प्रस्तुत भएकी थिइन् । दुई फरक-फरक चरित्र निभाएकी यी अभिनेत्री आफ्नो आगामी चलचित्र अपार्टमेन्टका लागि चर्चामा छिन् । जग मोहन मुन्दडाको यो चलचित्रमा उनी रोहित रोय तथा तनुश्री दत्ताका साथमा देखा पर्दैछिन् । चलचित्रमा नितुको चलचित्रका अभिनेता रोहितसित केही हट सिन त पक्कै पनि छ । तर उनी चर्चामा आउनुको कारण यति मात्र होइन । नितुले यो चलचित्रमा बाथ सिन अर्थात् नुहाएको दृश्य दिएकी छिन्, तर सावरमुनि वा बाथटबमा भने होइन । उक्त नुहाएको दृश्यमा नितु भुइँमा बसेकी छिन् । उनको शरीरमा कपडा देखिँदैन । उनको अगाडि पानी भरिएको बाल्टिन छ र उनी उक्त बाल्टिनको पानी मगबाट निकाल्दै आफ्नो शरीरमा खन्याएर नुहाइरहेको देखाइएको छ । नितुको बाथ सिनलाई धेरैले अभिनेत्री स्मिता पाटिलले चलचित्र चक्रमा दिएको दृश्यसित तुलना गरेका छन् ।





# आशिन भइन् बेहोश

गजनी चलचित्रकी अभिनेत्री आशिन तमिल फिल्म कालभलकरनको छायांकनको क्रममा बेहोश भएकी छिन् । श्रोतका अनुसार छायांकनका लागि तयार हुने क्रममा अचानक उनको भ्यानिटी भ्यानमा ग्यास लिक भएपछि उनी बेहोश भएकी हुन् । उनीसँगै भ्यानमा रहेका उनका मेकअप म्यान र हेयर ड्रेसर पनि बेहोश भएको बताइएको छ । घटनालगत्तै अभिनेत्री आशिन र भ्यानिटी भ्यानमा रहेका अन्य सबैलाई छायांकन स्थल भन्दा २० किमि दूरीमा रहेको हस्पीटलमा लगि तत्काल उपचार गरिएको थियो । उपचार पछि सबै सकुशल रहेको स्रोतले जनाएको छ ।

# तौल घटाउने काइदा

हलिउड नायिका जेनिफर एनिस्टन आफ्नो तौल घटाउने अभियानमा छिन् । तौल घटाउनकै लागि उनले नौलो उपाय अपनाएकी छिन् । तौल घटाउन उनी अचेल बेबी फुड अर्थात् शिशुको आहारा खान थालेकी छिन् । एक समाचारमा जनाइएअनुसार जेनिफर आफ्नो नयाँ चलचित्र 'जस्ट गो विद इट' को छायांकनका लागि हवाई जानुअघि आफ्नो तौल कम गर्न चाहन्छिन् । यसका लागि उनले सेलिब्रेटी ट्रेनर ट्रेसी एन्डरसनको सहयोग लिएकी छिन् । ट्रेसीले जेनिफरलाई 'द बेबी फुड क्लिन्स इटिङ प्लान' अनुसार खानपिन गर्ने सल्लाह दिएकी छिन् । उक्त योजनाअनुसार जेनिफर हेल्दी डिनरका अतिरिक्त प्युरिड फुडको १४ चम्चा पनि खान्छिन् । कफी तथा वाइनकी पारखी जेनिफरलाई शिशु आहारले सकारात्मक प्रभाव पारिरहेको छ । पछिल्लो केही सातामै उनको झन्डै साढे तीन केजी तौल कम भैसकेको छ । जेनिफरको सन्तुलित आहारमा फलफूलका अतिरिक्त चिल्लो र अमिलो-पीरोरहित खाना समावेश छन् ।



# विवाहअघि आमा बन्ने ?

अस्ट्रेलियन पप गायिका डेनी मिनागले विवाह गर्नुअघि असल आमा बन्ने योजना सार्वजनिक गरेकी छिन् । प्रेमी क्रिस स्मिथसँग यसै वर्ष विवाह गर्ने उनको योजना व्यस्तताका कारण पछि सरेको छ । विवाहको योजना पछि सरे पनि उनी चाँडै नै क्रिसकै सन्तानलाई जन्म दिँदैछिन् । 'पहिलो सन्तान जन्मिएपछि मात्र विवाहको मिति तय गर्ने सल्लाह भएको छ,' डेनी भन्छिन्– 'क्रिस राम्रो श्रीमान् बन्न योग्य छ कि छैन भन्ने कुरा जाँच्न बाँकी छ ।' क्रिसमा राम्रो श्रीमान्मा हुनुपर्ने सबै गुण छन् । डेनीका अनुसार उनी पहिले असल आमा बन्ने प्रयास गर्नेछिन् । त्यसपछि मात्र क्रिससँगै विवाह गर्नेछिन् । यसबीच क्रिसलाई कुनै अर्की युवती मन परिन् भने डेनीले के गर्लिन् ? उनी भन्छिन्– 'यो त हुनै सक्दैन । मेरो गर्भमा रहेको सन्तानकै कारण पनि क्रिस मबाट टाढा जान सक्दैन ।'



# बेबो अब नेगेटिभ भूमिकामा

बलिउडकी बेबो अर्थात् अभिनेत्री करिना कपूर हाल 'गोलमाल थ्री', 'स्टेप मम', 'एजेन्ट विनोद' जस्ता चलचित्रमा व्यस्त छिन् । यीमध्ये पनि करिना 'एजेन्ट विनोद' बाट उत्साहित भएको स्रोतले जनाएको छ । कारण उक्त चलचित्र छोटे नवाब अर्थात् अभिनेता शैफ अलि खानको निर्माणमा बन्दैछ । यसमा करिनाले शैफसँगै अभिनय गर्दैछिन् । चलचित्रमा करिना नकरात्मक भूमिकामा प्रस्तुत हुँदैछिन् । उनले पाकिस्तानी एजेन्टको चरित्र निर्वाह गर्दैछिन् । श्रीराम राघवनको निर्देशनमा निर्माण भैरहेको यो चलचित्रलाई स्पाई थ्रीलर श्रेणीमा राखिएको छ ।



## केवल एक प्रश्न

# तपाईंको जीवनसाथी सजातीय हुनु अनिवार्य छ कि छैन ?

प्रश्न सजिलो हो तर जवाफ दिन गाह्रो पर्‍यो । अहिले आएर पनि आफ्नै जातिको केटीसँग विवाह गर्छु भन्नु त्यति उचित नहोला । त्यसैले मेरी भावी जीवनसाथी सजातीय हुनु अनिवार्य छैन ।

**विमलेश अधिकारी (नायक/मोडल)**

अहँ छैन, भावी जीवनसाथी आफ्नै जातीको हुनुपर्छ भन्ने कुरामा मलाई विश्वास छैन । जीवनसाथी जुन जातिको भए पनि हुन्छ तर जीवनभर साथ दिनुपर्छ ।

**जेनिशा मोक्तान (मिस नेपाल)**

विवाह भन्ने कुरा जीवनमा एकपटक गरिन्छ, त्यो पनि धेरै सोचविचार गरेर । मन मिल्ने मान्छेसँग प्रेमविवाह गर्ने जमानामा जीवन साथी सजातीय हुनु खासै अनिवार्य छैन ।

**ऋचा शर्मा (भिजे)**

प्रश्न रमाइलो लाग्यो तर मेरो जवाफले तपाईं अचम्ममा पर्नुहोला । म मेरो भावी जीवनसाथी अर्थात् श्रीमान् सजातीय नै हुनुपर्छ भन्ने कुरामा विश्वास गर्छु ।

**श्वेता उप्रेती (गायिका)**

जीवनसाथी सजातीय नै हुनु अनिवार्य छैन । म त्यस्ती युवतीलाई जीवनसाथी बनाउँछु जसले मलाई जीवनभर साथ दिन्छिन् ।

**अशुसेन लामा (गायक)**





# चिल्ड बियर

– जेम्स प्रधान (संगीतकार/गायक)

## मेरो अनुभव


कस्तो बेला सम्झाउनुभएको ? वाह, चिल्ड बियर त्यो पनि यो मौसममा । उखरमाउलो गर्मीमा कामले थाकित भएका बेला चिसो बियरको घुड्की लगाउन पाइयो भने त स्वर्गीय आनन्द नै पाइन्छ । हुनत अहिले केही समययता मैले 'ड्रिङ्स' गर्न कम गरेको छु । उमेर बढ्दै गएपछि खाने, पिउने र मस्ती गर्ने काम आफैं कम हुँदै जाँदो रहेछ । घरपरिवारको जिम्मेवारी र सिर्जनशील कामले गर्दा पिउन त्यति मन नलागेको मैले महसुस गरेको छु । त्यसो भन्दैमा पिउँदै नपिउने होइन । कहिलेकाहीँ छुट्टीका बेला घरमै बूढीसँग बसेर चिल्ड बियर पिउँछु । त्यसो गर्दा मन रमाएको महसुस हुन्छ । अनि घुम्नका लागि कतै गएका बेलामा पनि पिउन-पिलाउन मन लाग्छ । अचेल फेरि पेट लाग्ने र युरिक एसिडजस्ता रोगहरूको डरले बियर पिउन डर पनि लाग्छ । आखिर ज्यान मेन्टेन त गर्नैपर्‍यो, तैपनि गर्मीले टाउको तताएपछि चिल्ड बियरको सम्झना आउँछ ।

एउटा बेला थियो, उमेर पनि भर्खरको थियो । काम-व्यवहारमा फसिएको थिएन । त्यतिबेला चिल्ड बियर पिएर चौरमा लडन निकै मज्जा आउँथ्यो । त्यो बेला सम्झँदा बियर त जवानीमै पिउने कुरा रहेछ भन्ने लाग्छ । गर्मीले सताएपछि पाँच-सात बोतल सकिएको त पत्तै हुँदैनथ्यो । साथीहरू पनि त्यस्तै बियर पिउनै हत्ते गर्ने । धेरै मातिन्छ भनेर हार्ड डिंक गर्न मनले मान्दैनथ्यो । बियर पियो र मात्तियो । मलाई बियर पिएको भन्दा पनि बियर पिएर बान्ता गरेको सम्झना धेरै छ । बियरले पेटमा ग्याँस बढाउँछ । त्यसले मलाई त वाक्क-दिक्क बनाउँथ्यो । मात्तिने गरी पिएको भोलिपल्ट अब पुग्यो, भोलिदेखि पिउँदिनँ भनेर अठोट गरे पनि केही दिनपछि फेरि पिउन मन लाग्ने हुँदो रहेछ । तीन वर्ष अघिको होलीमा त्यस्तै भयो । दिनभरि होली खेल्दै चिसो बियर पिउँदै मज्जा गरियो । राति कतिबेला उठेर बाथरुम गएछु र बान्ता गर्दागर्दै बेहोश भएर लडेछु । टाउकोमा लागेको चोट निको हुन धेरै दिन लाग्यो, हा..हा...हा.. अहिले सम्झँदा हाँसो उठ्छ । म त के भन्छु भने बियर वा जुनसुकै पदार्थ होस्, पिउनु तर धेरै मात्ने गरी होइन ।



## ● सानो पर्दा ●

### खोजी प्रतिभा दोस्रो चरणमा




नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको रियालिटी शो 'खोजी प्रतिभाको' नयाँ चरणमा प्रवेश गरेको छ। प्रत्येक मंगलबार राति ९:३० बजे प्रसारण हुने यो कार्यक्रमअन्तर्गत आगामी जेठ ३, ५, ६, ७ तथा ९ गते दोस्रो चरणको छायाँकन गरिनेछ। काठमाडौंमा गरिने छायाँकनमा उपत्यका बाहिरबाट साप्ताहिक ग्रीनकार्ड प्राप्त गरेर आएका प्रतिभाहरू सहभागी हुनेछन्। अन्तिम चरणको प्रतिस्पर्धाका लागि अभिनयतर्फ २० जना, नृत्यतर्फ ३० जना तथा गायनतर्फ ४० जनाको छनौट गरिनेछ। दिनेश डिसीद्वारा सञ्चालित यो कार्यक्रममा संगीतकार सुरेश अधिकारी, गायक राजेश पायल राई, कोरियोग्राफर रिनाशा राई, अभिनेता नीर शाह, नायक भुवन केसी निर्णायक छन्।

### ३ सय ५० भाग

दीपकराज गिरीद्वारा निर्देशित हास्यश्रृंखला 'तीतो सत्य' ले प्रसारणको गौरवमय ३ सय ५० भाग पूरा गरेको छ। नेपाल टेलिभिजनबाट प्रत्येक बिहीबार राति प्रसारण हुने यो श्रृंखलाले वैशाखको तेस्रो सातादेखि प्रसारणको ३ सय ५० भाग पूरा गरेको हो। समसामयिक विषयवस्तुमाथि तीखो व्यंग्य प्रहार गर्ने यो कार्यक्रममा दीपकराज गिरी, दीपाश्री निरौला, निर्मल शर्मा, गोपाल अधिकारी, राज आचार्य आदि कलाकारले अभिनय गरिरहेका छन्।

### पुष्पा सगरमाथामा

भिडियो जक्की पुष्पा जोशी सगरमाथा टेलिभिजनमा देखिन थालेकी छिन्। प्रत्येक बुधबार राती आठ बजे प्रसारण हुने नयाँ कार्यक्रम 'जिन्दगीका रंगहरू' मार्फत उनी यो च्यानलमा प्रस्तुत हुन थालेकी हुन्। यो कार्यक्रममा हरेक साता पुष्पाले समाजका प्रतिष्ठित व्यक्तिहरूसँग जीवनका रमाइला क्षणहरूमा केन्द्रित रहेर कुराकारी गर्छिन्। कार्यक्रममा मन्त्री, सभासद, नेता, चलचित्र कलाकार, गायक, गायिका, खेलाडी आदि व्यक्तित्वलाई पालैपालो समावेश गरिने कार्यक्रम सञ्चालिका तथा निर्मात्री पुष्पा बताउँछिन्।

### छेउ न टुप्पो

नेपाल टेलिभिजन टु बाट प्रसारण भैरहेको हास्यव्यंग्यसहितको सांगीतिक कार्यक्रम 'छेउ न टुप्पो' ले दर्शकको मन जितिरहेको छ। प्रत्येक बिहीबार साँझ ७:३० बजेदेखि प्रसारण हुने यो कार्यक्रममा दुई जना सञ्चालकले ठट्यौली शैलीमा नेपाली चलचित्रका गीतका साथै लोक, आधुनिक, पप गीतका म्युजिक भिडियो प्रसारण गर्छन्। हास्यकलाकारद्वय दमन रूपाखेती तथा शेखर खनालले यो कार्यक्रम सञ्चालन गरिरहेका छन्। कार्यक्रमको निर्देशन पनि दमन रूपाखेतीले नै गरेका हुन्।

### हुन्छ हुन्छ पक्कै हुन्छ गोलमाल




चलचित्रमा समेत व्यस्त सानो पर्दाका हास्य कलाकार विष्णु सापकोटा कान्तिपुर टेलिभिजनका लागि नयाँ हास्यश्रृंखला तयार पारिरहेका छन्। यसअघि नेपाल टेलिभिजनबाट प्रसारण भएको हास्यश्रृंखला 'भै'गो नि त' तयार पारिसकेका सापकोटाले निर्माण गर्न लागेको नयाँ श्रृंखलाको शीर्षक 'हुन्छ हुन्छ पक्कै हुन्छ गोलमाल' राखिएको छ। कलाकार सापकोटाले अर्का निर्देशक किशोर ढकालसँग मिलेर यो श्रृंखलाको निर्देशन गरिरहेका छन्। थुप्रै चलचित्रमा अभिनय गरेर दर्शक हँसाइसकेका सापकोटालाई '५२ घुस्सा ५३ ठक्कर' श्रृंखलामा निर्वाह गरेको गोथेको भूमिकाले लोकप्रिय बनाएको थियो। सापकोटाले तीतो-सत्य, मेरी बास्सै आदि आधा दर्जनभन्दा बढी श्रृंखलामा अभिनय गरिसकेका छन्।

## ● विदेशबाट ●



### सीआईडीमा नयाँ सदस्य

सोनी च्यानलबाट प्रसारण भैरहेको लोकप्रिय कार्यक्रम सीआईडीमा केही परिवर्तन हुने भएको छ। यो श्रृंखला आगामी जेठ ८ गते शनिबारदेखि साताको एकपटक मात्र प्रसारण हुनेछ। दैनिक रुपमा प्रसारण भैरहेको यो कार्यक्रम साप्ताहिक रूपमा प्रसारण हुनेबित्तिकैको पहिलो भागमा सीआईडीका नयाँ सदस्यसँग परिचय गराइनेछ। नयाँ सदस्यका रूपमा ऋषिकेश पाण्डेय अफिसरका रूपमा छनौट भैसकेका छन्। यसबाहेक जसबीर कौर तथा मानिनी पनि सदस्यका रूपमा छनौट भएका छन्। माननी तथा जसवीर दुव सीआइडीमा सहभागि हुन पाएकोमा खुसी छन्।



तस्बिर : नवराज बाग्ले

## जम्का भेट

यो साता महजोडी अर्थात् मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको चर्चा निकै भयो। गत शुक्रबार राजधानीको वसन्तपुरमा आयोजित शान्ति सभामा उनीहरूका अभिव्यक्ति तथा व्यंङ्यात्मक प्रस्तुतिको प्रशंसा गर्ने निकै भयो। ए.नेकपा माओवादीको आह्वानमा भएको आमहड्ताल अनि कांग्रेस तथा एमालेको अडान आदिका कारण अस्तव्यस्त देशमा शान्तिको बहाली हुनुपर्ने धारणा राख्दै सबै राजनैतिक दललाई सहमतिमा आउन महजोडीले पृथक् शैलीबाट सन्देश प्रवाह गरे। शान्तिसभामा सहभागी हजारौं मानिस तथा टेलिभिजनमा प्रत्यक्ष हेरिरहेका लाखौं दर्शकका सामु बोल्दै महजोडीले कहिलेकाहीं ठाक्कठुक्क पर्दा पनि 'महमति'मा आएका कारण विगत तीन दशकदेखि महजोडीले सफलता पाएको प्रसंग कोट्याउँदै राजनैतिक दलहरूलाई पनि त्यसैगरी झिना-मसिना कुरामा नअल्झेर सहमतिमा आउन आग्रह गरे।

**शान्तिसभा गरेकै राति माओवादीले आमहड्ताल फिर्ता लिनु संयोग हो ?**

शान्तिसभा पनि एउटा कारण हो। आमहड्ताल फिर्ता गरेर माओवादीले सहमति गर्न एक स्टेप अघि सारेको छ। अब सरकारले दुई स्टेप अघि बढ्नुपर्छ।

**केही कलाकारहरू माओवादी हड्तालमा सहभागी भैरहेको अवस्थामा तपाईंहरू भिन्न ढंगबाट जनतासामु प्रस्तुत हुनुभयो ?**

अभिव्यक्तिको स्वतन्त्रता छ। व्यक्तिगत रूपमा कसैलाई सघाउने वा कसैको समर्थन गर्ने कुरामा सबै स्वतन्त्र छन्। कलाकार पनि त्यसबाट अछुतो छैनन्। उहाँहरूसँग हाम्रो सम्बन्ध कलाकार साथीका रूपमा सुमधुर छ। फोनमा उहाहरूसँग कुरा भैरहन्छ। बाहिरबाट हेर्दा विपरीत विचार राख्ने विभिन्न पार्टीका नेताहरू आपसी भेटमा हाँसी-हाँसी कुरा गर्छन्, त्यस्तै हो।

**तपाईंहरू देशमा शान्ति बहालीका लागि आवाज उठाउनुहुन्छ, उनीहरू पनि त शान्ति, संविधान र संयुक्त सरकार बनोस् भन्ने चाहना राखेको बताउँछन् नि ?**

त्यही त हो विचारधारामा फरक भनेको। उहाँहरू त्यसरी जाँदै हुनुहुन्छ, हामी यसरी गैरहेका छौं।

**शान्तिसभामा तपाईंहरूको अभिव्यक्ति तथा व्यंग्यको शैली कडा थियो नि ?**

हाम्रो विधा व्यंग्य हो। त्यसैले हामी त्यही शैलीमा आयौं। जसमा देशमा हतियारको शासन हुनु भएन भन्ने कुरा थियो। जनताबाट चुनिएर आएका र जनताका लागि काम गर्छु भन्ने नेताहरू वास्तवमै जनताका नोकर हुन् र जनता मालिक हो। यसमा यो कुरा पनि महत्त्व राख्छ कि कसैको घरमा काम गरेर बसेका पनि जनता हुन् र नेताहरू उनीहरूका पनि नोकर हुन्। उनीहरूले जनताका लागि देश बनाउने नोकरी गरिरहेका छन्।

**शान्तिसभापछि प्रचण्डले सहरवासी बुद्धिजीवीलाई सुकिला बताउँदै उनीहरू शान्ति स्थापनाको बाधक भएको बताउनुभयो नि ?**

प्रचण्डजी आफै चिटिक्क परेका सुकिला पहिरन लगाउनुहुन्छ। उहाँ निकै 'ह्यान्डसम' पनि हुनुहुन्छ। उहाँले लगाउने सर्ट, पाइन्ट, कोट हामीले लगाउनेभन्दा सुकिला छन्। उहाँहरू अरू जो मैला भएर आएका छन्, उनीहरूलाई सुकिलो बनाउनतर्फ पो लाग्नुपर्छ। अहिलेको अवस्थामा सुकिलो र मैलो भनेर वर्ग छुट्ट्याउनु हुँदैन। कुनै एक सिद्धान्तलाई अँगालेर हिंडे पनि लोकतन्त्र र शान्ति नै सर्वमान्य सिद्धान्त हो। लोकतन्त्रभित्र सबै अटाउनुपर्छ र सबै मिलेर देशमा शान्ति ल्याउनुपर्छ। हामीले चाहेको त्यति हो।

खुल्यो ! खुल्यो !! खुल्यो !!!
१००% प्राक्टिकल
नेपालमै पहिलो पटक
CCTV, Security System Fire alarm Control System, Embedded System Design, Mastering 8051 Microcontroller तथा Electrical, Electronic बिषयहरूमा अनुभवी इन्जीनियर तथा दक्ष प्राविधिकद्वारा प्रशिक्षणको तालिम खुल्यो। धमाधम भर्ना लिइदैछ, सिट सिमित छ।
प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र प्रा.लि.
अद्वैतमार्ग, पुरानो बसपार्क, काठमाडौं
४२४६९३६

LATEST LASERS
FOR ANY SCARS
ACNE/CHICKEN POX
BURN MARKS
ACCIDENT/STITCH
SKIN RESURFACING
and many more .........
TOUCH BEAUTY LASER CLINIC
Tel : 4469302, 4469305 Old Baneshwor
Customer Service : 9841549320

ग्यारेन्टी टेष्ट पास
PRIVATE रेगुलर टेष्ट/SLC
कक्षा समय बिहान/दिउँसो
भर्ना खुल्यो
माध्यम अंग्रेजी/नेपाली
८ महिनामै कक्षा ८ पास गरी कक्षा ९ नपढी सोझै Test/SLC दिन पाइने
श्री बुद्ध नमुना मा.वि. गोगबु, फोन : ४३६५९५५
हार्वर्ड एकेडेमी कोटेश्वर: ४६०१४३४

English & Computer
Basic to Advanced
Special Discount for S.L.C appeared
IELTS,TOEFL, Speaking classes
Visa/Job Interview Pre. Writing
Japanese, Korean, German French Chinese, Spanish, Hebrew, Ig - Classes
Computer Basic, Acc. Web, Graphic, Hardware
Oasis
Language & Computer Institute
(OLCI) Thamel, Galkopakha 4359170
Thamel - 4418912, Chhetrapatichowk 4250763

उद्घोषण
विद्यार्थीलाई विशेष छुट
RJ VJ MC
★ व्यक्तित्व तथा नेतृत्व विकास
★ मञ्चीय उद्घोषण
★ रेडियो तथा टिभी उद्घोषण
★ पत्रकारिता
★ प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841457750, 9849267194

● चलचित्र ●

# साथी रे




वीरगन्ज अहिले अर्को चलचित्र नगरी भएको छ। भोजपुरी भाषामा चलचित्र निर्माण हुने थलोका रूपमा उक्त स्थानको विकास भैरहेको छ। नेपालको सीमासँग जोडिएको भारतको बिहार तथा उत्तर प्रदेशमा भोजपुरी भाषामा चलचित्र सार्वजनिक गर्ने तथा नेपालमा भने त्यही चलचित्रको नेपाली भर्सन सार्वजनिक गर्ने चलन छ। चलचित्रका कलाकार तथा प्राविधिकमा पनि आधाभन्दा बढी नेपालीहरूलाई नै अवसर दिइने यस्ता चलचित्रका निर्माताका रूपमा नन्दु श्रीवास्तवको नाम अगाडि आउँछ। श्रीवास्तवले निर्माण गरेको चलचित्र 'साथी रे' आज शुक्रबारदेखि उपत्यका बाहिरका दसवटा स्थानमा सार्वजनिक हुँदैछ। भोजपुरी चलचित्रका 'सुपरस्टार' रविकिशन नायक रहेको चलचित्र 'साथी रे' मा निखिल उप्रेती, उषा पौडेल, गरिमा पन्त, सौजन्य सुब्बा तथा मिथिला शर्माको मुख्य भूमिका छ। प्रेमकथामा आधारित यो चलचित्रमा प्रेम र कर्तव्यलाई मूलविषय बनाइएको छ। चलचित्रका निर्देशक किशोर राना हुन्।



# कुस्ती

हास्यप्रधान चलचित्र रुचाउन दर्शकका लागि खुसीको खबर ! आज शुक्रबार सार्वजनिक हुने बलिउड चलचित्र 'कुस्ती' हास्यप्रधान छ। भारतका अन्तर्राष्ट्रिय रेस्लर द ग्रेट खलीले पहिलो पटक अभिनय गरेको यो चलचित्रमा राजपाल यादवले नायकको भूमिका निर्वाह गरेका छन्। खलिको वास्तविक नाम दिलीप सिंह राणा हो। उनी हिमाञ्चल प्रदेशका बासिन्दा हुन्। चलचित्रमा ओम पुरी, नर्गिस, शरद सक्सेना, असरानी, मनोज जोशी आदि कलाकारले पनि मुख्य भूमिका निर्वाह गरेका छन्। राजीव कुमारद्वारा निर्देशित यो चलचित्रमा तौसिफ अख्तर तथा श्रीनिवासले संगीत दिएका छन्। चलचित्रमा भारतको एउटा ग्रामिण क्षेत्रको जनजीवनलाई मुख्य विषय बनाइएको छ। चलचित्रमा उत्तर भारतको एउटा गाउँ देखाइएको छ, जहाँ हरेक वर्ष कुस्ती खेलाइन्छ। उक्त गाउँका सबै बासिन्दा कुस्तीप्रेमी छन्। गाउँमा एकातिर कुस्ती मौलाएको छ भने अर्कातिर अवतार सिंह (शरद सक्सेना) की छोरी लाडली (नर्गिस) सँग चन्दर (राजपाल यादव) प्रेम गर्न थाल्छन्। यद्यपि उनीहरूको प्रेमको यात्रा भने सहज छैन। लाडलीका बुवाले चन्दरका सामु एउटा अनौठो शर्त राख्छन्। यदि उनले लाडलीसँग विवाह गर्ने हो भने साढे ७ फिट अग्ला पहलमान खलीसँग कुस्ती खेल्नुपर्नेछ। त्यो विवाह त्यसबेला मात्र सम्भव हुन्छ जब चन्दरले खलीलाई कुस्तीमा हराउँछन्। मुस्किलले ५ फिट अग्ला राजपाल खलीलाई कुस्तीमा हराएर आफ्नी प्रेमिकासँग विवाह गर्न सफल होलान् त ?

# रोबिन हुड



अंग्रेजी लोककथाका साहसिक पात्र रोबिन हुड पुनः एकपटक चलचित्रमार्फत दर्शकमाझ आउँदैछन्। आज शुक्रबार सार्वजनिक हुने हलिउडको यो नयाँ चलचित्रमा तीनै साहसिक रोबिन हुडको चरित्र चित्रण गरिएको छ। रोबिन हुडसँग सम्बन्धित थुप्रै साहित्यिक कृति, चलचित्र तथा टेलिभिजन कार्यक्रम निर्माण भैसकेका छन्। यो चलचित्र रोबिन हुडसँग सम्बन्धित पछिल्लो दस्तावेज हो। बेलायतमा निर्माण गरिएको यो चलचित्रको निर्देशन रिड्ली स्कटले गरेका हुन्। युनिभर्सल पिक्चर्सको यो चलचित्रमा हलिउडका चर्चित अभिनेता रसेल क्रो ले रोबिन हुडको भूमिका निर्वाह गरेका छन्। चलचित्रमा सरेल क्रोका अतिरिक्त केट ब्लान्चेट, म्याक्स भोन सीडो, विलियम हर्ट, मार्क स्ट्रङ, ओस्कार आइज्याक, डेन्नी हस्टन आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन्। इथन रिफ, साइरस भोरिस, ब्रायन हेल्गेल्यान्ड आदिले तयार पारेको कथामा आधारित यो चलचित्रलाई एक्सन/एड्भेन्चर तथा ड्रामाको श्रेणीमा राखिएको छ। १३ औं शताब्दीका बेलायती योद्धा रोबिन हुडको जीवनगाथा समेटिएको यो चलचित्र १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न मिल्दैन। २ घण्टा २८ मिनेट लामो यो चलचित्रको छायांकन लन्डनका रमणीय लोकसनमा गरिएको छ।

## निर्णयले नचाए इटहरीका विद्यार्थी



इटहरी– 'शिक्षा जीवनको मेरुदण्ड हो' भन्ने अभियानमा हिँडेका गायक निर्णय श्रेष्ठले मंगलबार इटहरीका विद्यार्थीलाई नचाए। पुस्तक बटुल्ने अभियान थालेका श्रेष्ठले इटहरीको सेकेन्डरी बोर्डिङमा भेला भएका इटहरीका विभिन्न विद्यालयका स-साना विद्यार्थीहरूलाई नचाएका हुन्। स्थानीय विद्यालयले संकलन गरेका पुस्तक लिन आएका विद्यार्थीहरू श्रेष्ठको गीतमा मध्याह्नको घामलाई बिर्सँदै नाचे।

निर्णयका गीतले वान्समोर पनि निकै पायो। गीत सकेर मञ्चबाट बाहिरिदासमेत धेरै विद्यार्थीले वान्समोर भन्न छाडेका थिएनन्। रोटरी र रोट्याक्ट क्लबको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा सागर गौतमका साथै अन्य स्थानीय कलाकारले पनि निकै राम्रो प्रस्तुति दिए। पाच वर्षदेखि शिक्षाका लागि सांगीतिक यात्रामा रहेका निर्णयले जीवनको जग बलियो बनाउन सहरहरूमा पुस्तक संकलन गरेर ग्रामीण क्षेत्रका बालबालिकालाई वितरण गर्दै आएका बताए।






तस्बिर : सुरज श्रेष्ठ/ठिकठाक डटकम



WHITE MISCHIEF
ULTRA PURE VODKA
A little mischief. A lot of fun.

## २०६७ ज्येष्ठ
MAY-JUN 2010

| आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S | आइत S | सोम M | मंगल T | बुध W | बिहि T | शुक्र F | शनि S |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | १ 15 | २ 16 | ३ 17 | ४ 18 | ५ 19 | ६ 20 | ७ 21 | ८ 22 |
| ९ 23 | १० 24 | ११ 25 | १२ 26 | १३ 27 | १४ 28 | १५ 29 | १६ 30 | १७ 31 | १८ 1 | १९ 2 | २० 3 | २१ 4 | २२ 5 |
| २३ 6 | २४ 7 | २५ 8 | २६ 9 | २७ 10 | २८ 11 | २९ 12 | ३० 13 | ३१ 14 | | | | | |

UNITED SPIRITS NEPAL PVT. LTD.




DRINK RESPONSIBLY

## • साताको स्वर •



### यज्ञराज भण्डारी

**यादआयो आँसु झऱ्यो... कस्तो प्रकारको गीत हो ?**
यो आधुनिक शैलीको गीत हो । गायनसँगै गीतको शब्द तथा संगीत पनि मैले नै तयार पारेको हुँ ।

**गीतका लक्षित श्रोता को हुन् ?**
माया-प्रेमसँग सम्बन्धित गीत भएकाले युवापुस्ता नै यसका लक्षित श्रोता हुन् ।

**गीतमा कस्ता भावना समेट्नुभएको छ ?**
प्रेममा धोका पाएको प्रेमीको विगतको सम्झना तथा पीडा समेटिएको छ ।

**गीतको कुन पक्ष राम्रो छ ?**
सांगीतिक पक्ष राम्रो छ । गीतको मेलोडीकै कारण यो कम समयमै श्रोतामाझ लोकप्रिय भएको हो ।

**म्युजिक भिडियो कस्तो छ ?**
गायक अराज केशवको निर्देशनमा तयार भएको भिडियोमा गीतकै भावनालाई समेटिएको छ ।

## • म्युजिक अपडेट •

### दुई गीतिसंग्रहको विमोचन

गायक तथा गीतकार अशोक कर्णले रचना गरेका आधुनिक गीतका दुई नयाँ संग्रहको अघिल्लो साता राजधानीमा आयोजित एक समारोहमा विमोचित भएका छन् । गायक फत्तेमान राजभण्डारी, प्रेमध्वज प्रधान, गीतकार राममान तृषित, होटल व्यवसायी राजेन्द्रध्वज किरण तथा चलचित्रकर्मी प्रदीप उपाध्यायले संयुक्त रूपमा ती संग्रह विमोचन गरेका हुन् । शक्ति बल्लभको संगीत रहेको 'तिम्रो आँचल' तथा मनोहर सुनामको संगीतको 'नवसृष्टि' शीर्षकका यी दुई संग्रहमा विभिन्न गायक-गायिकाले गाएका गीत-संगीत समावेश छन् । विमोचन समारोहमा गीतकार कर्ण तथा गायक सुमित खड्काले विमोचित संग्रहका केही गीत गाएका थिए । विमोचित संग्रहका गीतमा स्वरूपराज आचार्य, आनन्द कार्की, अञ्जु पन्त, अशोक कर्ण, जगदीश समाल, माण्डवी त्रिपाठी, सुमित खड्का, शिव परियार, शिशिर योगी, प्रविशा अधिकारी, प्रतिमा सुनाम, सपनाश्री आदि गायक-गायिकाको स्वर सुन्न सकिन्छ । गायक कर्णले यसअघि आफ्नै रचनामा 'फूलको सुगन्ध' शीर्षकको गीतिसंग्रह सार्वजनिक गरिसकेका छन् ।

### युरोपमा सविन र विजय

गायक सविन राई तथा विजय लामाले युरोपका दुई मुलुकमा सांगीतिक कार्यक्रम प्रस्तुत गर्ने भएका छन् । पोखरास्थित सहारा एकेडेमीको सहयोगार्थ दुई देशमा आयोजना हुने सांगीतिक कार्यक्रममा गायकद्वयले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गर्दैछन् । सहारा एफसी युकेले अल्टासोटको प्रिन्सेस हलमा आयोजना गर्न लागेको कन्सर्ट मे महिनाको अन्तिम साता आयोजित गरिंदैछ । जर्मनीको कन्सर्टमा भने स्थानीय ओपेरा क्लासिक ब्यान्डले पनि सहयोग गर्नेछ । सांगीतिक कार्यक्रमबाट संकलित रकम पोखराको दोविल्ला-१७ स्थित सहारा एकेडेमी भवन निर्माणका लागि खर्च गरिनेछ ।

### रेकर्डिङमा व्यस्त

गायक सुमित खड्का पुनः आधुनिक गायनतर्फ फर्किएका छन् । झन्डै ६० भन्दा बढी राष्ट्रिय गीत गाइसकेका गायक खड्का यतिबेला राजधानीका केही स्टुडियोमा आफ्नो नयाँ एकल गीतिसंग्रहका गीतहरू रेकर्ड गराइरहेका छन् । संगीतकार शक्ति बल्लभको एकल संगीतमा तयार पारिएका गीतहरूको उक्त संग्रह आगामी महिना बजारमा आउनेछ ।

### मलेसियामा सांगीतिक धमाका

नेपाली कलाकारहरूको एक समूहले मलेसियाका दुई सहरमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेका छन् । 'सांगीतिक धमाका- २०१०' शीर्षकको उक्त कार्यक्रम क्वालालम्पुर तथा पेनाङमा अघिल्लो शनिबार तथा आइतबार सम्पन्न भएका हुन् । कार्यक्रममा सहभागी भएर स्वदेश फर्किएका गायक आशुषेन लामाका अनुसार कलाकार एकता संघले आयोजना गरेको उक्त कार्यक्रममा साउथ एसियन स्टार आशुषेन लामाका अतिरिक्त विजय लामा, दुर्गा परियार तथा नायिका सौजन्य सुब्बा सहभागी थिए ।

### खाँदबारीमा रेलीमाई

पूर्वी पहाडी सहर खाँदबारीमा 'रेलीमाई सांगीतिक कार्यक्रम' सम्पन्न भएको छ । लोहरुङ सांस्कृतिक समूह, पाङ्मा खाँदबारीले आयोजना गरेको उक्त कार्यक्रममा राजधानीबाट गएका गायक भुवन सुप्तिहाङ राई सहभागी भए । वीरेश राईको संयोजनमा स्थानीय जिविसको सभाहलमा आयोजित सांगीतिक कार्यक्रममा सुप्तिहाङले आफ्ना एक दर्जनभन्दा बढी गीत प्रस्तुत गरेर उपस्थित दर्शकको मन जितेका थिए । कार्यक्रममा भीष्मराज लाम्सोङ राई, मुना लोहरुङ, सविना राई, शमशेर लोहरुङ, दुर्गा लोहरुङ आदि स्थानीय गायक-गायिकाले पनि गीत-संगीत प्रस्तुत गरेका थिए ।

### तयार भयो प्रणय

गायक प्रमोद खरेलको व्यस्तता अचानक बढेको छ । रेडियो कान्तिपुरमा वैशाख महिनाका लागि हट प्रोपर्टीमा छनौट भएर मात्र उनको व्यस्तता बढेको होइन । आगामी जेठको पहिलो साता बजारमा आउन लागेको आफ्नो महत्त्वाकांक्षी गीतिसंग्रह 'प्रणय' को म्युजिक भिडियो निर्माणदेखि विमोचनको चाँजोपाँजो मिलाउन उनी व्यस्त भएका हुन् । 'म बिना कसै-कसैलाई गाह्रो छ पोखरामा...' गीतको म्युजिक भिडियो पोखरामै छायांकन गरेर फर्किएका गायक खरेलले 'प्रणय' का गीतले नेपाली सांगीतिक क्षेत्रमा नयाँ तरंग पैदा गर्ने बताएका छन् ।

### नृत्य कलाकार सम्मानित

अन्तर्राष्ट्रिय नृत्य दिवसको अवसरमा नेपाल म्युजिक सेन्टरले आयोजना गरेको नृत्य प्रदर्शन तथा सम्मान कार्यक्रममा नृत्यनिर्देशक विमला श्रेष्ठलाई सम्मानित गरिएको छ । कार्यक्रममा संस्कृतिविद् सत्यमोहन जोशीले नृत्य तथा संगीतका विषयमा प्राथमिक तहदेखि नै शिक्षाको आवश्यकता रहेको बताए । गीतकार रत्नशमशेर थापाले कला-संस्कृतिको जगेर्ना गर्न सरकारले संगीत शिक्षालाई पाठ्यक्रमका रूपमा अघि बढाउनुपर्ने धारणा व्यक्त गरे । कार्यक्रममा नृत्य निर्देशक भुवन श्रेष्ठ, सावित्री केसी, सिरता राचल, केश थापा आदिको कोरियोग्राफीमा तयार पारिएका कुमारी, परम्परागत, झाँगड, साल्सा, हिपहप, शास्त्रीय आदि नृत्य प्रस्तुत गरिएको थियो ।

## • अफ द बिट •



**सांगीतिक परिवार : संगीतकार शीलाबहादुर मोक्तान आफ्नी गायिका श्रीमती कुन्ती मोक्तान तथा गायिका छोरीहरू शीतल र सुवानी मोक्तानसँग ।**

### सिनेयात्री गजल साँझ

गजल गायनमार्फत सांगीतिक क्षेत्रमा स्थापित गायक शिव परियारले गत साता राजधानीमा आयोजित एउटा सांगीतिक समारोहमा उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरे । सिनेयात्री गजल साँझ कार्यक्रममा गायक परियारले आफ्ना नयाँ तथा पुराना गरी दसवटा गजल प्रस्तुत गरे । कार्यक्रममा गायक रुपक डोटेलले चारवटा गीत गाए । गायक बादल प्रसाईंले पनि आफ्ना दुई गीत गाएर कार्यक्रमलाई संगीतमय बनाएका थिए ।

### पुरानै पेसामा मौसमी

मौसमी गुरुङ पप गायनबाट स्थापित भएकी गायिका हुन् । उनले गाएका अधिकांश पप गीत श्रोताले मन पराएका छन् । श्रोताले उनको स्वर मात्र होइन, कन्सर्टको प्रस्तुति पनि उत्तिकै रुचाएका छन् । सांगीतिक क्षेत्रमा आउनुअघि उनी शिक्षण पेसामा थिइन् भन्ने कुरा पनि उनका प्रशंसकहरूलाई जानकारी छ । संगीतमा व्यस्त र लोकप्रिय हुँदै गएपछि उनले शिक्षण पेसालाई निरन्तरता दिन भ्याएकी थिइनन् । वर्ष २०६७ को प्रारम्भसँगै उनी पुनः शिक्षण पेसामा फर्किएकी छिन् । 'संगीत क्षेत्रमा पनि उत्तिकै सक्रिय हुँ,' मौसमी भन्छिन्– 'पुरानो पेसालाई माया मार्न नसकेर पुनः स-साना नानीहरूलाई पढाउन थालेकी हुँ ।'

### प्रभा भवनमा कन्सर्ट

राष्ट्रिय सांस्कृतिक मञ्चको आयोजनामा गत साता राजधानीमा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भयो । कमलादीस्थित प्रभा भवनमा हिमाल सागर, बाल गायिका स्मिता प्रधान दाहाल, उमेश मायालु, दिप्ती गिरी आदि गायक-गायिका तथा नृत्यांगनाले गीत–संगीत तथा नृत्य प्रदर्शन गरेर कार्यक्रमलाई मनोरञ्जक बनाए । हास्य कलाकार निर्मल शर्मा तथा टेलिभिजनकर्मी नरेश भट्टराईको रमाइलो उद्घोषणले कार्यक्रम रमाइलो बनेको थियो ।

### आउँदैछिन् नलिना

गायिका नलिना चित्रकार नयाँ संग्रहको तयारीमा जुटेकी छिन् । 'चाँडै नै नयाँ संग्रह लिएर स्रोतामाझ आउँदैछु, नलिना भन्छिन्- 'गत वर्ष सांगीतिक कार्यक्रममा व्यस्त भएकाले गीति संग्रह तयार पार्न भ्याइन् ।' नलिनाले नयाँ संग्रहका चारवटा गीत रेकर्ड गराइसकेकी छिन् ।

## • विदेशबाट •

# तेस्रो संग्रहको तयारी



हलिउड स्टार स्कार्लेट जोहन्सन पुनः सांगीतिक क्षेत्रमा फर्कने भएकी छिन् । यसपटक उनी तेस्रो एकल गीतिसंग्रहमार्फत श्रोतामाझ आउन लागेकी हुन् । एमटीभी अनलाइन रिपोर्टअनुसार स्कार्लेटलाई पछिल्ला दुई गीतिसंग्रहले असाध्यै खुसी प्रदान गरेका थिए । 'त्यसैले म तेस्रो संग्रहको तयारीमा जुटेकी हुँ ।' स्कार्लेटले यसअघि एनी ह्वेर आई ले माइ हेड तथा ब्रेक अप शीर्षकका दुई गीतिसंग्रह श्रोतामाझ ल्याइसकेकी छिन् ।

## • ब्याण्ड •



# गोल्ड फिस ट्याङ्क

'संगीत जीवन हो', दुई वर्षअघि स्थापना भएको सांगीतिक समूह गोल्ड फिस ट्याङ्कका संगीतकर्मीहरू संगीतलाई यसरी नै परिभाषित गर्छन् । एस इन्स्टिच्युटका संगीत पारखी विद्यार्थीहरूको यो समूहमा पाँच जना संगीतकर्मी आबद्ध छन् । समूहका सदस्य प्रवेश केसी (गिटारिस्ट), कुशल अकिरा श्रेष्ठ (बेस गिटारिस्ट), गौरव थापा (ड्रमर), सञ्जु बज्राचार्य (गिटारिस्ट) तथा कर्मा शेर्पा (गायक) हुन् । रक संगीतका पारखीमाझ कम समयमै लोकप्रिय भएको यो समूहले विशेष गरी प्रोग्रेसिभ शैलीका गीत सिर्जना गरिरहेको छ । रोबिन एन्ड द न्यू रेभूलुसनबाट प्रभावित यो समूहका संगीतकर्मीहरू अध्ययनमा पनि सक्रिय रहेकाले फुर्सद मात्र गीत सिर्जना गरिरहेका छन् । केही समयअघि राजधानीमा आयोजित अन्तरकलेज ब्यान्ड कन्टेस्टमा सहभागि हुनुअघि नै यो समूहले राजधानीका केही कन्सर्टमा आफ्ना गीत प्रस्तुत गरिसकेको छ । 'रक संगीत पहिलो पटक सुन्नेबित्तिकै सबैलाई मन नपर्न सक्छ,' समूहका संगीतकमीहरू एकै स्वरमा भन्छन्– 'सुन्दै गएपछि यस्ता गीत मन पर्न थाल्छन् ।' संगीतमार्फत सन्देश समेत दिने भएकाले यस्ता संगीत युवापुस्तामाझ लोकप्रिय हुँदै गएको समूहका संगीतकर्मीहरूको धारणा छ । यो समूह पछिल्लो समयमा गीत रेकर्डिङमा व्यस्त छ । गायक शेर्पा भन्छन्– 'चाँडै नै हामी नयाँ गीतिसंग्रहमार्फत श्रोतामाझ आउनेछौं ।'

# भेडेटारमा चिसो खानेहरूको घुइँचो



**भीषण राई**

धरान- भेडेटार भन्नेबित्तिकै जो-कसैलाई शीतलताको अनुभव भैहाल्छ। अहिले जीरो प्वाइन्टबाट दाइनेतर्फ कुनै सवारी साधन हुइँकियो बुझ्नुपर्छ– त्यहाँ सवार मानिस भेडेटार नै हिंडेका हुन्। भेडेटारस्थित चार्ल्स टावरको माथिल्लो तला उक्लिएपछि सुनियो। वाह क्या मज्जा ! कस्तो दामी ! विराटनगरबाट चिसो खान आएका युवतीहरूको समूहबाट एक युवती भन्दै थिइन्- 'मलाई त यहीं बसिरहूँजस्तो लाग्यो।' भेडेटारको चिसोमा रमाइरहेका सबैको मन चंगा भएझैं देखिन्थ्यो। सबै चिसोमा रमाइरहेका देखिन्थे। कोही फोटो खिच्न आतुर थिए। उनीहरू तल बढेको गर्मी सम्झेर पनि भेडेटारको चिसोमा आनन्दित भैरहेका थिए। सदाबहार चिसो भएकाले पनि यहाँ घुइँचो बढेको छ। गर्मी ह्वात्तै बढेपछि त भेडेटारको महत्त्व अझ बढेको छ।

यहाँ शनिबार बढी भीड हुने स्थानीयवासीहरू बताउँछन्, तर पनि अहिले भने कुनै बार पर्खिरहनु पर्दैन। होटल भेडेटार भ्युका सञ्चालक जितेन्द्र रुम्दाली भन्छन्- 'अहिले भेडेटारमा चिसो खान आउनेहरूको संख्या बढ्दो छ।' जितेन्द्र भन्छन्- 'स्थानीय पर्यटकको कमी छैन, यहाँका होटल-व्यवसाय पनि फस्टाएका छन्।' धरान, इटहरी, विराटनगर, इनरुवादेखि पूर्वका विभिन्न स्थानबाट उनीहरू भेडेटार आउने गरेका छन्। धरानेहरूका लागि त भेडेटार पानी-पँधेरोजस्तै छ।

भेडेटारस्थित चार्ल्स टावरमा चढेर रमाईलो पर्यटकहरू पनि प्रशस्त छन्। भेडेटार पुगेपछि कोही टावर चढ्न बिर्सदैनन्। टावर चढ्न १० रुपैयाँ प्रतिव्यक्ति लाग्छ। टावरका स्टाफ युवराज सुब्बा पनि अहिले टावर चढ्ने मानिसको भीड बढेकोमा निकै खुसी छन्। भेडेटारमा आउनेहरूका लागि भेडेटार देखि राजारानी जाने बाटोमा एक किलोमिटर टाढा (पूर्वपट्टि) पर्ने काम्फेकले पनि राहत प्रदान गर्छ। काम्फेकको सिरेटो सँगै बग्ने चिसो हावाले पनि मन हलुङ्गो बनाइदिन्छ। चिसो कुइरो र हुस्सुले घरी घरी भेडेटारलाई छोप्छ। यहाँको हरियो प्राकृतिक सुन्दरताले पनि आगन्तुकहरूलाई शीतलता प्रदान गर्छ।

## एनिका लिटिल प्रिन्सेस



पोखरा- यसअघि पनि निरन्तर बालसौन्दर्यसम्बन्धी कार्यक्रम गर्दै आएको द लुक्स फेसन होम्सले बालबालिकामा अन्तर्निहित क्षमता बाहिर ल्याउने उद्देश्यले आयोजना गरेको प्रतियोगितामा ८ वर्षीया एनिका राना मगरले उपाधि जितेकी छिन्। शिशु निकेतन स्कुलमा कक्षा ३ मा अध्ययनरत रानाले उपाधिसँगै बेस्ट ड्रेसको टाइटल पनि पाइन्। प्रतियोगितामा सुक्रिता पौडेल फस्ट रनर्सअप तथा सञ्जीव गुरुङ सेकेन्ड रनर्सअप घोषित भए। उनीहरूले बेस्ट वाक तथा पर्सानालिटीको टाइटल पनि पाए।

त्यस्तै सिनियरतर्फको उपाधि भने निकिता खड्गीले जितिन्। सिया तामाङ फस्ट रनर्सअप एवं सेकेन्ड रनर्सअप बनेका प्रथम आचार्यले ट्यालेन्टको टाइटल पनि पाए। प्रतियोगितामा स्वेच्छा गुरुङ डिसिपिलिन, सुजन गुरुङ मोस्ट सुइट तथा स्वस्तिका ताम्राकारले बेस्ट हेयरको टाइटल पाए। रवीन्द्र बज्राचार्यको कोरियोग्राफीमा सम्पन्न प्रतियोगितामा अमिर गुरुङ मस्ट क्यिुट, पुकार गुरुङ बेस्ट डान्स, दिकशान्त पौडेल, मस्ट फ्रेन्ड्ली तथा सुशान्त ताम्राकार बेस्ट पर्सानालिटी घोषित भए।

# गर्मीमा स्विट स्वीमिङ



**साप्ताहिक समाचार**

धरान- गर्मीले हैरान। लपक्कै भिजेका कपडा। कामै गर्न मन नलाग्ने। चिसो पेयपदार्थले पनि छुँदैन। विकल्प के छ ? अन्ततः सबै गर्मी छल्न चिसो खोज्दै स्वीमिङ पुलमा मिठो आनन्द खोज्न पुग्छन्। अहिले गर्मीले युवायुवतीहरूको झुन्ड पौडीस्थलहरूमा बाक्लिन थालेको छ। हपहपी गर्मी बढेपछि चिसो पानीमा नडुबी सुख छैन। स्वीमिङ पुलमा फाल हानेर चिसो पानीमा डुबुल्की मार्नुको मजा पनि कम छैन। त्यही सम्झेर पनि अहिले हूलका हूल युवा स्वीमिङ पुलमा डुबुल्की मारिरहेका छन्। केटाकेटीहरू पनि आफ्ना अभिभावकसँग स्वीमिङ पुलमा पौडिरहेको देख्न सकिन्छ। धरानको एक मात्र स्वीमिङ पुलमा जम्प गर्न तयार एक युवतीले भनिन्- 'म त गर्मी अलिकति पनि खप्न सक्दिन।' स्वीमिङ पुलमा बिहानदेखि बेलुकीसम्म उस्तै भीड हुन्छ। स्वीमिङ पुलमा हतार-हतार कपडा उतारिरहेका धरानका जीवन लिम्बूले भने- 'उफ् ! आज त गर्मी ओभरै छ, त्यही भएर डुबुल्की मार्न आएको।'

प्रधुम राई विदेशबाट भर्खर धरान आएका छन्। प्रधुमले पानीबाट निस्कँदै भने- 'गर्मीमा स्वीमिङ पुलमा रमाउँदा कम आनन्द हुँदैन।' स्वीमिङ पुलमा कोही नियमित आउँछन् त कोही कहिलेकाहीं आउने गरेको उनीहरू बताउँछन्। कोही रमाइलो गर्न, कोहि शरीर मेन्टेन गर्न, कोही पौडी सिक्न र विशेष गरी उखरमाउलो घामको पीडाबाट मुक्ति पाउन उनीहरू पौडीपोखरी आउने गरेका छन्।

स्वीमिङ पुलमा स्वीमिङ कस्टम लगाएर चिसो पानीमा लामो समय बसिरहनुमा निकै मस्ती छ। शरीरलाई चुस्त-दुरुस्त बनाउने स्वीमिङले गर्मीमा आनन्दको अनुभूति पनि दिलाउँछ। चिसो पानी देख्नेबित्तिकै मन थाम्नै गाह्रो हुन्छ। यस्तो गर्मीका बेला भने स्वीमिङ पुल भरिने गरेको पुलका सञ्चालकहरू बताउँछन्।

स्वीमिङ गर्दा शरीरका सबै इन्द्रिय सक्रिय हुन्छन्। यसलाई एक मात्र पूर्ण शारीरिक अभ्यास मानिन्छ। स्वास्थ्यका लागि पनि स्वीमिङ निकै आवश्यक छ। यसले शरीरमा भोग बढाउने र रोग भगाउने काम गर्छ। पौडी खेल्ने युवायुवतीहरूको शरीर पनि आकर्षक देखिन्छ।


'विगत वर्षहरूमा उत्कृष्ट नतिजा ल्याउन सफल।'

प्राईभेट TEST/ SLC-2067

नयाँ भर्ना खुल्यो !

कक्षा ८ पास तथा ९, १० र Test/ SLC मा फेल भई, विविध कारणले पढाई रोकिएकाहरुले सिधै कक्षा १० मात्र पढेर सजिलै SLC पास गर्ने सुवर्ण अवसर !

६ महिनामै +2

कक्षा ११ पढ्नु नपर्ने,कक्षा १२ को मात्र परीक्षा दिए पुग्ने, (NIOS Board)

Medium: Nepali & English

Shift: Morning/ Day/ Evening

- Science/Management/Arts Faculty भएको।
- +2/ A Level फेल भए पनि परीक्षा दिन पाईने।
- TU/ KU तथा विश्व भरी मान्यता भएको।
- जागिरे तथा गृहणिले घरैमा पढेर परीक्षा दिन पाईने।

NIOS Board SLC का लागि: Math , Science पढ्नु नपर्ने, कुनै ५ विषय मात्र पढे पुग्ने, Test नदिई सिधै SLC Exam मात्र दिएर सजिलै ६ महिना मै SLC पास गर्न सकिने। (कक्षा ८ को मार्कसिट नभए पनि हुने)

हाम्रा विशेषताहरू: दक्ष तथा अनुभवी शिक्षक/ शिक्षिकाद्धारा अध्यापन गराईने। कमजोर विद्यार्थीहरूको लागि विशेष छुट्टै कक्षाको ब्यवस्था। गरिव, जेहेनदार, दलित र पिछडिएका वर्गलाई विशेष छात्रवृद्धि। होस्टेलको राम्रो ब्यवस्था भएको।

— नेपाल सरकार शिक्षा कार्यालय वाट मान्यता प्राप्त —

जेन्युईन एकेडेमी
☎4462184 चावहिल चोक
(बौद्ध तर्फ ३० मि. अगाडि, दायाँ)
Opp. to SONY Show Room
☎071-229408 बुटवल
(अस्पताल लाईन - ८)

पिस भिजन
ओपन स्कूल
☎4389300
01-6913286
सोह्रखुट्टे (ओरालो मोड)



स्टाफ नर्स

प्रवेश तयारी कक्षा

जन स्वास्थ्य विकास केन्द्र
कोटेश्वर, काठमाडौं
(प्रहरी चौकी देखि करिब १०० मि. भित्र)
फोन: ०१६२१८९३४, ९८५१०६८३५४
E-mail: phdc_org@yahoo.com



भर्ना खुल्यो !भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राइभेट Test/SLC-2067

विगत ९ वर्षदेखि प्राइभेट Test / SLC मा सबैभन्दा बढी बिद्यार्थीहरू सहभागी गराँउदै पास गराउन सफल।

कक्षा ८ पास तथा भर्खरै कक्षा ९, १० वा Test/ SLC फेल भई विविध कारणले पढ्न नपाएकाहरुका लागि कक्षा ९ नपढी सिधै १० कक्षाको मात्रै पढेर SLC Exam दिन पाइने एक वर्षे प्राइभेट Test/ SLC कक्षामा नयाँ भर्ना खुल्यो। सिट सिमित। Medium- अंग्रेजी, नेपाली दुवै। Time- बिहानी, दिउँसो, साझ।

६ महिना मै +2

तथा Math/Science/Test नदिईकनै S.L.C. पास !! (Nios Delhi Board)

Arts Commerce Science

सिट सिमित !!

American/Nios (+2)

कक्षा ८, ९ फेल भए पनि SLC दिन पाईने, +2, 'A'Level फेल भएता पनि ६ महिनामै +2 पास गर्न सकिने, कुनै ५ विषय मात्र पास गरे पुग्ने, TU, KU तथा विश्व भरी मान्यता प्राप्त, जागीरे तथा गृहणीले घरमै पढेर पनि परीक्षा दिन सकिने, नेपाली तथा अंग्रेजीमा परीक्षा दिन पाईने।

कोरिया खुल्यो ! EPS Exam चाँडै हुने भएकाले कोरिया जान चाहनेहरुको लागि EPS-KLT Preparation Course मा पनि भर्ना खुल्यो।

Note: सन २००८ मा भएको EPS-KLT को परीक्षामा सबै भन्दा बढी विद्यार्थीहरू पास गर्न सफल।

डिप्लोम्याटिक एकेडेमी
कुमारीपाटी: 5549139, 9851021665
लगनखेल: 5531437

ओरियन एकेडेमी
सामाखुशीपुल: 4388400, 9851021071
चावहिल: 4460091, 9851085823
नयाँ बानेश्वर: 4484634, 9841160529



जिल्ला शिक्षा कार्यालयबाट मान्यता प्राप्त

प्राइभेट

TEST / S.L.C.



- 8, 9 तथा Test पास गरी पढाई छाडेका
- 9 तथा Test फेल भएका सबैलाई समेटने गरी

10 कक्षामा अन्तीम भर्ना !!!

विस्तृत जानकारीका लागी
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोकमै, ४७८०२२८, ९८४१३८१४१६



# सोख पूरा गर्न कमेडी गीत





काठमाडौं– हिजोआज सबै टेलिभिजन च्यानलमा पारिवारिक टेलिश्रृंखलाले भन्दा पनि हास्यप्रधान टेलिश्रृंखलाले पहिलो स्थान ओगटेका छन् । आमदर्शक समसामयिक विषयमा व्यंग्य हान्दै चोटिला कथा समेटिएका हास्यप्रधान सिरियल हेर्न मन पराउँछन् । उनीहरू जति हास्यप्रधान कथा समेटिएका सिरियल हेर्न मन पराउँछन् त्यति नै बढी कमेडी गीत सुन्न चाहन्छन् । आमदर्शकले चाहेअनुरूपको कमेडी गीतको तुलनामा सोखका रूपमा कमेडी गीत गाउनाले यो क्षेत्र धराशयी बन्दै गएको छ । केही गायकले आफ्नो पेसा बनाउनकै लागि कमेडी गीत गाए पनि अधिकांश हास्यकलाकारले भने सोखका रूपमा गीत गाउने गरेका छन् ।

हास्य कलाकारितामा जमेका दमन रूपाखेती कमेडी गीत भन्दा व्यंग्यप्रधान टेलिफिल्म नै आमदर्शकले मन पराउने बताउँछन् । रूपाखेतीले सोखका रूपमा सात वर्षअघि गाएको 'कुखुरे बैंसले गर्नु गऱ्यो' गीतले एकताका चर्चा पाएको थियो । दुई वर्षपछि दोस्रो एल्बम 'खति' सार्वजनिक गरेका रूपाखेतीको एल्बमले त्यति चर्चा पाएन भने तेस्रो एल्बम 'लास्टामा त्यही हो' को 'लास्टामा त्यही हो' गीतले भने चर्चा पाएको थियो । आफूलाई हास्यकलाकारका रूपमा परिचय दिन रुचाउने रूपाखेति घुमाउरो परामा सोख पूरा गर्न गीत गाएको नभएर थप चर्चा कमाउन गीत गाएको बताउँछन् ।

कमेडी गीत गाउन र लेख्न सोचेजस्तो सजिलो छैन, मौका पर्दा कमेडी गीत गाउने अर्का हास्यकलाकार नारद खतिवडा भन्छन्– 'कमेडि गीत गाएर त एक्लो जीवन धान्न त गाह्रो छ,परिवार पाल्न त परै जाओस् ।' उनी सोखका रूपमा गीत गाउने कुरा स्वीकार गर्दै भन्छन्– 'दर्शकले आग्रह गरेकै कारण गाउने गरेको छु, तर म कमेडी गायक नभएर हास्यकलाकारका रूपमा आफ्नो परिचय दिन चाहन्छु,' खतिवडाले भने- 'तर मैले गाएका गीत सबैले मन पराउँछन् ।' कमेडी गीत गाएर आफ्नो परिवार पाल्न नसक्ने भएकाले अधिकांश नवोदित गायकहरू एउटा एल्बम सार्वजनिक गर्दै बेखबर बन्ने गरेका छन् । हास्यकलाकारितामा जमेका अधिकांश कलाकारले भने सोखका रूपमा कमेडी गीत गाएको बताउने गरेका छन् ।

आठ वर्षअघि हास्यकलाकारका रूपमा उदाएका शिशिर सुवेदी पनि आफ्नो सोख पूरा गर्न कमेडी गीत गाएको स्वीकार गर्छन् । सुवेदी भन्छन्– 'आफ्नो स्वर गीत गाउन लायक छ कि छैन भनी जाँच्न गीत गाएको थिएँ, फेरि मौका मिल्यो भने सोख पूरा गर्न गीत गाउँछु तर पेसा भने बनाउँदिनँ ।' सुवेदीले तीन वर्षअघि आफ्नै रचनामा 'कचकच' एल्बम निकालेका थिए । उनको उक्त एल्बमको 'अलिकति ढिलो घर आए कच कच' गीतले निकै चर्चा पाएको थियो। उनले 'कचकच' एल्बमको बिक्रीबाट खासै दाम कमाउन सकेनन्। सुवेदी कमेडी गीतजति हिट भए पनि आधुनिक र पप गीतहरूको जस्तो बजार लिन गाह्रो पर्ने बताउँछन्।

कमेडी गीत हास्यकलाकारको सोखका रूपमा गाइने पेसा बने पनि यसलाई पूर्ण पेसै बनाउँछु भनेर लागिपर्ने गायकहरू भने कमै छन् । आफूले पनि सोख पूरा गर्न गीत गाएको बताउने हास्यकलाकार किरण केसी भन्छन्– 'कमेडी गीतबाट नाम कमाए पनि दाम कमाउन सजिलो छैन, मलाई धेरै साथीहरूले तेरो स्वर राम्रो छ भने त्यही भएर बेला-बेलामा अरूको सोख पूरा गर्न आफैं गीत रचना गरी गाउँछु ।' किरण भन्छन्– 'गीत जति हिट भए पनि आमदर्शक श्रोताले मलाई हास्यकलाकार भनेर नै चिन्छन्, त्यही भएर म आफ्नो भन्दा पनि अरूको सोख पूरा गर्न गीत गाउँछु, पेसाका रूपमा भने होइन ।' केसीले 'धरोधर्म' र 'राता मकै' एल्बम निकालिसकेका छन् । उनको धरोधर्म एल्बमले खासै चर्चा बटुल्न नसके पनि राता मकै एल्बमका सबै गीत दर्शक-श्रोताले मन पराएकै कारण दसौं हजारको हाराहारीमा बिक्री भएको दाबी केसीको छ ।

तस्बिरहरू : नवराज बाग्ले

हिजोआज कमेडी गायन क्षेत्र हास्यकलाकारको सोख पूरा गर्ने क्षेत्र बनेको छ । पूर्ण पेसाकै रूपमा कमेडी गीत गाउन भनेर उदाएका कमेडी गायकहरू पनि यो क्षेत्रमा राम्रोसँग जम्न सकेका छैनन् । उनीहरूले एउटा गीत गाउन नपाउँदै आफ्नो पेसा बदल्ने गरेका छन् । आधुनिक र पपगीतको बजारमा कमेडी गायकहरू विलीन हुन पुगेका छन् । यसरी सोखका रूपमा गीत गाउने हास्यकलाकारहरूमा हरिवंश आचार्य, रतन सुवेदी (जो अहिले जापान पलायन भएका छन्), नारद खतिवडा, दमन रूपाखेति, शिशिर सुवेदी, किरण केसी, राम कार्की, आर.पी.भट्टराई आदि छन् ।

म्युजिक कम्पनीहरूले सर्तबमोजिम एल्बमको रोयल्टी नदिने र कमेडी गीत गाउनेहरूलाई गायक भन्न नै हिचकिचाउने भएकाले अधिकांश नवोदित कमेडी गायकहरू एउटा एल्बम बजारमा आउन नपाउँदै हराउने गरेका छन् । दस वर्षअघिदेखि कमेडी गीत गाएर कमेडी गायनक्षेत्रमा आफूलाई परिचित गराउन सफल प्रकाश ओझा भन्छन्– 'लोकदोहोरी गीत गाएजस्तो कमेडी गीत गाउन सजिलो छैन, सजिलो हुने भएको भए त आज पप, आधुनिक र दोहोरी गीतका गायकहरूझैं यो क्षेत्रमा नयाँहरूको जगीजगी हुन्थ्यो होला । ओझाका अनुसार नाटकबाट हँसाउन सजिलो छ तर गीतको माध्यमबाट हँसाउन गाह्रो छ ।

पेसाका रूपमा गाउने कमेडी गायकहरू पनि आफ्नो पेसाबाट त्यति सन्तुष्ट छैनन् । कमेडी गायनमा आफ्नो पकड जमाउन सफल ओझा आफू कहिल्यै पनि कमेडी गायनबाट नहराउने र निराश नबन्ने बताउँछन् । उनी कमेडी गायन क्षेत्रमा जस्तो गीत गाउँदा पनि हुन्छ भनेर उदाउनेहरू मात्र एउटा एल्बम सार्वजनिक गर्न नपाउँदै हराउने र राम्रो स्वर हुनेहरू भने यही क्षेत्रमा जम्ने गरेको बताउँछन् । ओझा सबैलाई कमेडी गायन क्षेत्रलाई आफ्नो स्वर जाँच्ने थलो नबनाउन आग्रह गर्दै भन्छन्– 'गीत गाउन मन हुनेहरूले यो क्षेत्रलाई सौखिन पेसा नबनाई पूर्ण पेसा बनाएर नै लागिपरे भैहाल्यो नि ।' २०५६ सालमा 'झ्यानाकुल्टुङ' एल्बम लिएर आफूलाई कमेडी गायकका रूपमा स्थापित गराउन कमेडी रजतपटमा उदाएका ओझाले सातवटा एल्बम सार्वजनिक गरिसकेका छन् । उनले गाएका अधिकांश गीत हिट भएका छन् । उनले एउटा चलचित्रमा हिरोका रूपमा अभिनय गरे पनि उनी आफू हिरो नभएर कमेडी गायक मात्र भएको बताउँछन् । उनले यो क्षेत्रमा नाम र दाम दुवै कमाएका छन् ।

हातका औंलामा गन्दा पनि औंला नभरिने कमेडी गायकहरू पनि दुई-तीन वर्षको लामो अन्तरालमा मात्र नयाँ एल्बम लिएर देखा पर्छन् । हास्यकलाकारितालाई पेसा बनाएका अधिकांश कलाकारको पार्टटाइम जब र स्वर जाँच्ने माध्यम बनेको कमेडी गायन हालसम्म कुनै पनि गायकहरू पूर्ण रूपमा गीत गाएर जम्न सकेको देखिँदैन । कमेडी गीत गाउनेहरूलाई गायक नभनेर जोकर भन्ने गरेकाले पनि उनीहरूले आफूलाई गायक भन्न हिचकिचाउने गरेका छन् । कमेडी गायकका रूपमा प्रकाश ओझा, प्रकाश बस्नेत, प्रकाश पौडेल, श्रीकृष्ण लुइँटेल, कुमार न्यौपाने आदिले बेग्लै पहिचान बनाएका छन् ।

**–विमल खतिवडा**









# बालुवामा रमाइलो

**भीषण राई**

चतरा- सप्तकोसी नदीको किनारमा बालुवाका ठूला-ठूला मैदान छन् । सप्तकोसीमा बालुवाका थुप्रै टापु पनि बनेका छन् । हावाको झोकाले नदीको पानी लहर बनेर घरीघरी किनारको बालुवामा ठोक्किन्छ । कपडा खोलेर केही क्षण मस्त भए कतिखेर घामले ढाड सेक्यो भने तुरुन्त नदीमा फाल हाले भैहाल्यो । बालुवामा उभिएर, लडिबुडी गरेर तस्बिर खिच्दै हिंड्ने भीड पनि छ । 'भारतको गोवाजस्तै लाग्यो' संखुवासभाका हरि वैरागी दाहालले सप्तकोसी किनारमा भने । दाहाल मात्र होइन, यहाँ आउने प्राय: सबैको मुखबाट यस्तै वाक्य सुनिन्छन् ।

शनिबार एक हूल युवा सप्तकोसीको बालुवामा रमाउन त्यहाँ पुगे । उनीहरू भन्दै थिए, 'बालुवा खेल्न मज्जा आयो ।' उनीहरू विभिन्न खानेकुरासहित साइकलमा त्यहाँ पुगेका थिए । उनीहरू त्यहाँ दिनभर बालुवामा रमाइलो गरेर बेलुकी मात्र धरान फर्किएका थिए । समूह-समूहमा कोसी किनारमा पौडी खेल्नेहरूको भीड बढ्दै गएको छ ।

चिसो हिउँ पानीले शरीर भिजाउँदा आनन्द मिल्छ । यहाँ लगभग ३० हेक्टरभन्दा बढी जमिन बालुवाले भरिएको छ । नागबेली परेको सप्तकोसी नदी पवित्र कोकाहासँग मिसिएर पहाडको काखबाट चतराघाट हुँदै तराईमा छरिएर बगेको सप्तकोसीले बनाएको टापुले सबैको मन लोभ्याएको छ । हरिबोधनी एकादशीमा बराहक्षेत्रमा ठूलो मेला लाग्छ । यहाँ भारत, बंगलादेशका साथै भुटानबाट पनि तीर्थालु भक्तहरू आउँछन् । त्यतिखेर सप्तकोसीको बालुवामा नरम्ने कोही हुँदैनन् ।

प्रत्येक वर्ष साउन महिनाभर प्रत्येक सोमबार धरानस्थित पिण्डेश्वर बाबाधाममा लाखौं बोलबम भक्तजनले सप्तकोसीको पवित्र जल यहींबाट लान्छन् । सप्तकोसी नदीमा काठको डुंगा नचढी कोही फर्कँदैनन् । अहिले सप्तकोसी किनारमा सुम्निमा जल यातायात कम्पनी तथा नेपाल रिभर ट्रान्सपोर्टले मोटरबोटमार्फत जलयात्राको व्यवस्था मिलाएकाले सुविधा थपिएको छ । यो क्षेत्र जलयात्रा गर्नेहरूका लागि पनि राम्रो गन्तव्य बन्दैछ ।

उखरमाउलो गर्मीका बेला चिसो पानीमा डुबुल्की लगाउँदै बालुवामा लडिबुडी गर्नेहरूमा धरान, इटहरी, विराटनगर आदि सहरका युवाहरू हुन्छन् । फिसिङ गर्नेहरूका लागि पनि कोसी उपयुक्त गन्तव्य बन्दैछ । फिसिङका लागी प्राय:जसो आधुनिक फिसिङ रड लिएर रिटार्यड जीवन बिताइरहेका लाहुरेहरू पुग्छन् । कोसीटप्पुका चराहरू उड्दै आउने भएकाले यहाँ चराहरूको पनि अवलोकन गर्न सकिन्छ । दूधकोसी र तम्मरमा ऱ्याफ्टिङका लागि आउने विदेशीहरू पनि एकैछिन बालुवामा आनन्द लिन्छन् । यहाँ बालुवामा रमाउँदै पिकनिक खेल्नेहरूको पनि निकै भीड हुने गरेको छ ।

यहाँ पर्यटकका लागि स-साना होटल पनि खोलिएका छन् भने यातायातको पनि राम्रो व्यवस्था छ । यद्यपि राति बस्ने आधुनिक होटलको भने सुविधा छैन । सुनसरी जिल्लाको उत्तरी सिमानामा पर्ने बराहक्षेत्र गाविसको उत्तर दिशामा अवस्थित छ यो ठाउँ, जहाँ धरान, झुम्का, फत्तेपुर र गाईघाटबाट मोटरमार्फत सजिलै पुग्न सकिन्छ । यो पहाड र तराईको मुख्य नाकाका रूपमा रहेको चुरे पहाडको फेदीमा पर्छ । धरान (१३ किलोमिटर) र झुम्का (२६ किलोमिटर) बाट ४० मिनेटमा सजिलै पुग्न सकिन्छ, तर बाटो ग्राभेलमात्र भएकाले पर्यटकलाइ धूलोले भने सताउन सक्छ ।

# मिस टिन र मिस्टर झापा सऱ्यो



बिर्तामोड- झापाको बिर्तामोडमा यही वैशाख ३० गते हुने भनिएको मिस टिन झापा तथा मिस्टर झापा तीन साताका लागि पछाडि सरेको छ । आयोजक मदरल्यान्ड जिम हाउसका अनुसार प्रतियोगिताको लागि सम्पूर्ण तयारी पूरा भए पनि एक साता लामो आमहड्ताल तथा कक्षा ११ र १२ को परीक्षाका कारण सारिएको हो । प्रतियोगिता जेठ २२ गते हुने कुरा आयोजक संस्थाका अध्यक्ष दीपक गिरीले बताए ।

'मिस टिनका अधिकांश सहभागी परीक्षार्थी छन्', अध्यक्ष गिरीले भने, 'कार्यक्रमको बीचमै लामो समय हड्ताल भएकाले पनि कार्यक्रम सारिएको हो ।' गिरीका अनुसार मिस टिनतर्फ २५ जनाले सहभागी जनाउनेछन् भने मिस्टर झापातर्फ ४० जनाले प्रतिस्पर्धा गर्नेछन् । उनले प्रतिस्पर्धीहरूलाई 'क्लोज क्याम्प' मा राखिएको पनि जानकारी दिए ।

कार्यक्रमलाई सफल तुल्याउन राजनैतिक दलहरूले पनि सहयोग गर्ने भएका छन् । सधैंजसो सुन्दरी प्रतियोगितामा अवरोध सिर्जना गर्दै आएको माओवादीका झापा सेक्रेटरी अग्निले पनि अहिले नै निर्णय नगरे पनि सकारात्मक सङ्केत दिएका छन् । उनले पार्टीको परिवर्तित निर्णयअनुसार नै चल्ने जानकारी दिए ।

**– हिमाल खरेल**




# कुलत पोर्नोग्राफीको

पृष्ठ १ बाट जारी

इन्टरनेट प्रयोगकर्ताहरूका सम्बन्धमा अध्ययन गर्ने इन्टरनेट फिल्टर रिभ्युले सार्वजनिक गरेको पछिल्लो सर्वेक्षण अनुसार प्रतिसेकेन्ड २८ हजार इन्टरनेट प्रयोगकर्ताले पोर्नोग्राफी हेरिरहेका हुन्छन्। एक सेकेन्डमा ४ सय जनाले यस्ता वेबसाइट सर्च इन्जिनमार्फत खोज्ने गरेको पनि उक्त सर्वेक्षणमा उल्लेख छ।

**फस्दैछन् युवायुवती**

इन्टरनेटमा राखिएका सम्पूर्ण यौनसामग्रीलाई छाडा वा अश्लील भनेर वर्जित गर्न सकिने अवस्था छैन। यस्ता वेबसाइटबाट यौन-शिक्षा लिन सकिने तर्क कतिपयको छ। त्यस्तै, स्वस्थ्य मनोरञ्जनका लागि पनि यस्ता साइटहरू खोलिएको दाबी गरिन्छ। तर, अश्लील साइट भित्र छिर्ने युवायुवतीहरूले शिक्षा ग्रहणकै लागि समय खर्चिरहेका हुन्छन् भन्ने छैन। उनीहरू यौनाङ्ग, यौनक्रियाकलाप वा यस्तै दृश्यमा लिप्त हुने गरेका पाइएको छ।

अध्ययन-अनुसन्धान नभए पनि नेपाली युवायुवती पोर्नोग्राफीको कुलतमा फस्दै गएको जानकारहरूको दाबी छ। साइबर क्याफे छिर्ने युवायुवतीदेखि बालबालिकाहरू यस्तो कुलतमा फस्दै गएको उनीहरू बताउँछन्। नेपाली समाजमा यौनका सम्बन्ध खुला बहस नहुनु र यस्ता अश्लील वेबसाइट हेर्न कुनै बन्देज नभएकाले पनि युवायुवती तथा बालबालिकालाई पोर्नोग्राफीको कुलतले गाँज्दै लगेको समाजशास्त्री डा. चैतन्य सुब्बा बताउँछन्। 'तर, नेपालमा कम्प्युटर प्रयोगकर्ताहरूको संख्या अत्यन्तै कम भएकाले पोर्नोग्राफीको प्रभाव स्पष्ट थाहा पाउन सकिएको छैन।'

विशेषगरी युवाहरू साइबर क्याफे छिरेर युवतीहरूको नग्न तस्बिर, भिडियो हेर्ने गरेको एक साइबर सञ्चालक बताउँछन्। 'इमेल, च्याट गर्न वा इन्टरनेटबाट अरू नै जानकारी लिन कमै आउने गरेका छन्', नाम गोप्य राख्ने सर्तमा उनले भने- 'जरुरी कामले इन्टरनेट चलाउनेहरूले पनि कुनै न कुनै पेजमा अश्लील सामग्री खोजिरहेका हुन्छन्।'

पोर्नोग्राफी हेर्ने क्रममा युवावर्गको दैनिकीमै प्रभाव परिरहेको बताउँछिन् मनोविज्ञ सुमाया राई। यस क्रममा उनीहरूले पढाइ-लेखाइ नै छाड्ने गरेको राईले बताइन्। त्यसैगरी बालबालिकाहरू अज्ञानतावश पोर्नोग्राफीको सिकार हुने भएकाले दीर्घकालीन रूपमा उनीहरूमा गम्भीर मानसिक असर पर्न सक्ने राईले औंल्याइन्। 'सञ्चार प्रविधिको दुष्प्रभाव भन्नुपर्ला,' मनोविज्ञ राई भन्छिन्- 'नेपाली समाजमा पनि पोर्नोग्राफी हुर्कँदै गएको छ।'

युवावर्ग मात्र होइन, बालबालिका एवं प्रौढहरूमा समेत यस्तो लत बस्दै गएको उनले बताइन्। नेपाली समाजमा विवाहभन्दा अघिको यौनसम्पर्कलाई वर्जित गरिएको र सामाजिक मान्यता नदिइएकाले पनि युवाहरू यौनका बारेमा बढी जिज्ञासु भएको उनको भनाइ थियो।

प्रविधिको सही प्रयोग हुन नसक्नु दुःखलाग्दो कुरा हो भन्छन् कम्प्युटर एशोसिएसन अफ नेपाल (क्यान)का महासचिव विनोद ढकाल। 'प्रविधिको दुरुपयोग भैरहेको छ', उनले भने- 'तर, यसलाई नियन्त्रण गर्न ठूलो चुनौती छ।' विश्वकै टाउको दुखाइ बन्दै गएको पोर्नोग्राफीले नेपालजस्तो विकासोन्मुख मुलुकलाई अझ नराम्रोसँग गाँज्ने उनले बताए। 'स्पष्ट कानुन र संकुचित सामाजिक परिवेशका कारण पनि पोर्नोग्राफीले मलजल पाएको हो', ढकालले भने- 'जनचेतनाबाट मात्र यसको नियन्त्रण सम्भव हुनसक्छ।' समाज तथा देश-निर्माणको संवाहक मानिएका युवावर्ग नै यस्ता कुलतमा फस्दै जानुले नराम्रो संकेत दिएको छ। यसरी पोर्नोग्राफीको कुलतमा फसेपछि युवा-ऊर्जा नै गलत दिशातर्फ मोडिने उनले बताए।

युवायुवती मात्र होइन, कम्प्युटरमा गेम खेल्न वा इन्टरनेट सिक्न साइबर जाने बालबालिकाहरू समेत पोर्नो साइटहरूमा अलमलिएको पाइन्छ। सिविन नेपालले १२ देखि १८ वर्षसम्मका १४ सय ३० जना बालबालिकाबीच गरेको एक अध्ययनमा करिब ३६ प्रतिशतले जानीजानी अश्लील साइट हेर्ने बताएका थिए। त्यसमध्ये १८ प्रतिशत बालबालिकाले दिनहुँ इन्टरनेटमा यौनजन्य सामग्री हेर्ने गरेको पाइएको थियो।

**कमजोर कानुन**

विश्वका विकसित मुलुकहरूले पोर्नोग्राफीलाई नियमन गरेर कानुनी दायरामा ल्याएका छन्, जसले भोलिको दिनमा त्यसबाट विकृति फैलन पाउँदैन, तर नेपालमा अझै पनि पोर्नोग्राफीका सम्बन्धमा स्पष्ट कानुन छैन। नेपालको विद्युतीय कारोबारसम्बन्धी ऐन, २०६३ अनुसार कम्प्युटरलाई लक्षित गरिएर वा कम्प्युटरलाई माध्यम बनाएर गरिने अपराधलाई 'साइबर अपराध' उल्लेख गरी त्यसबापत हुने सजाय उल्लेख गरिएको छ। तर, त्यसमा पनि स्पष्ट रूपले साइबर पोर्नोग्राफीलाई समेटिएको छैन।

'हामीले २०६३ कै विद्युतीय कारोबार सम्बन्धी ऐनलाई आधार बनाएर 'साइबर क्राइम' नियन्त्रणका लागि काम थालेका छौं,' सीआईडी क्राइम सेलका संयोजक प्रहरी निरीक्षक एएम सिंह धामी भन्छन्- 'तर, कानुनी रूपमा सबै पक्षलाई स्पष्ट रूपमा नसमेटिएकाले केही अप्ठ्यारो छ।' पोर्नोग्राफी नियन्त्रणका लागि सम्बन्धित सरकारी निकाय तथा आईएसपीसँग मिलेर साइबर क्याफेलाई एउटै कानुनी दायरामा ल्याउने गृहकार्य भैरहेको प्रहरी निरीक्षक धामीले बताए।

हुन त यसअघि पनि महानगरीय प्रहरीले साइबर क्राइम नियन्त्रणका लागि टोली गठन गरेर काम सुरु गरेको थियो, तर उसको काम कारवाही विचैमा तुहियो। यसको करिब दुई वर्षपछि गठन भएको सीआईडी क्राइम सेलले विभिन्न अप्ठ्यारा सामना गररै भए पनि साइबर क्राइम नियन्त्रणका लागि प्रभावकारी ढंगले अघि बढ्ने बताएको छ।

सेल गठन भएयता इमेलमार्फत विभिन्न उजुरी परेको छ, जसमध्ये पोर्नोग्राफीसम्बन्धी पनि केही उजुरी छन्। 'पोर्नोग्राफी सम्बन्धी पनि केही उजुरी छन्', सेलका कुमार राना भन्छन्। यद्यपि, पोर्नोग्राफीसम्बन्धी कसुर के-के हुन् र कस्तो सजाय गर्ने भन्ने विषयमा प्रहरी अझै पनि अन्यौलकै भुमरीमा मडारिरहेको छ।

फितलो कानुनकै कारण हो वा कानुनी अज्ञानताका कारण नेपालमा पोर्नोग्राफी हेर्न कुनै अवरोध छैन। त्यसैले पोर्नोसाइट हेर्ने मात्र होइन, त्यसलाई इन्टरनेटको माध्यमबाट फैलाउने काममा पनि उत्तिकै सक्रिय देखिन्छन् गिरोहहरू। खासगरी ब्लगमार्फत अहिले अश्लील भिडियो एवं नग्न तस्बिरहरू अनियन्त्रित रूपमा फैलिइरहेका छन्। सहमतिमा भएका यौन क्रियाकलापको दृश्य खिच्ने र त्यसलाई मोबाइल फोन तथा इन्टरनेटमार्फत फैलाउने काम भैरहेको छ। यसले समाजलाई विकृत त बनाउँदैछ नै, महिलाहरूमाथि पीडा पनि थपिँदैछ।

साइबर पोर्नोग्राफी नियन्त्रणका लागि विश्वका कतिपय मुलुकले कुन किसिमको पोर्नोग्राफीलाई छुट दिने र कुनलाई नदिने भनेर स्पष्ट रूपमा छुट्याएका छन्। आंशिक वा कलात्मक हिसाबले तयार परिएको सफ्टकोर पोर्नोग्राफीलाई छुट दिइएको छ भने भद्दा नग्नता दर्साउने हार्डकोर पोर्नोग्राफीलाई नियमन गरिएको छ। बेलायतले व्यक्तिको मस्तिष्कलाई नकारात्मक असर पुऱ्याउने खालका नग्न तस्बिर एवं भिडियो प्रसारण गर्न नपाइने व्यवस्था गरेको छ। त्यस्तै, अमेरिकको चिल्ड्रेन्स इन्टरनेट प्रोटेक्सन एक्ट २००२ ले मतिष्क नकारात्मक असर गर्ने खालका सामग्रीमा बालबालिकाको पहुँच रोक्ने उद्देश्यले आवश्यक प्रविधि अपनाउनुपर्ने व्यवस्था गरेको छ। जसअनुसार संघीय अनुदानप्राप्त पुस्तकालयहरूमा अश्लील दृश्य हेर्न तथा चाइल्ड पोर्नोग्राफी हेर्न रोक लगाउने गरी फिल्टर प्रयोग गर्न छुट दिइएको छ तर अनुसान्धानका लागि भने रोक लगाइएको छैन। छिमेकी मुलुक चीनमा पोर्नोग्राफीलाई कडाइका साथ निषेध गरिएको छ। त्यहाँ यस्ता साइट खुल्ने कम्प्युटर सफ्टवेयर राख्नुपर्ने प्रावधान छ। चीनले सन् २००९ मा १५ हजार पोर्नोग्राफी वेबसाइट बन्द गरेको थियो।

**किन फैलँदैछ**

विभिन्न बहुराष्ट्रिय कम्पनीले इन्टरनेटलाई मनोरञ्जन र यौन बजारका रूपमा विकास गर्ने योजनाबद्ध प्रयास गरेकाले लाखौं युवा साइबर पोर्नोग्राफीको कुलतमा फसेको कतिपयको भनाइ छ। यौनका बारेमा जानकारी पाउनु समाज र व्यक्तिका लागि आवश्यक भए पनि त्यसलाई विकृत पार्दै उपभोगवादी संस्कृतिलाई मलजल दिने काम भैरहेको छ। एक समाजशास्त्रीका अनुसार पुँजीवादको मुख्य चरित्र नै नाफा कमाउने भएकाले अश्लील संस्कृतिमार्फत युवावर्गलाई उपभोक्तावादी बनाउन इन्टरनेटको उपयोग गरिएको छ। विकृत यौनले उनीहरूको बजार विस्तारमा ठूलो सहयोग पुऱ्याउँछ।

यस्ता साइटहरू दुई किसिमबाट सञ्चालन भैरहेका हुन्छन्। केही पे-साइटले क्रेडिटकार्डमार्फत शुल्क लिएर अश्लील सामग्री बिक्री गर्छन्। शुल्क नलिने साइटहरूले भने पेसाइटहरूको विज्ञापनबाटै आफ्ना साइट सञ्चालन गरिरहेका हुन्छन्। इन्टरनेट फिल्टर रिभ्युको सर्वेक्षणअनुसार विश्वमा प्रतिसेकेन्ड ३ हजार डलर भन्दा बढी रकम यस्ता साइटमा खर्च भैरहेको हुन्छ।



### रोचक तथ्य

- माइक्रोसफ्ट, गुगल, अमेजन, इबे, याहु आदिको संयुक्त कमाइभन्दा पोर्नोग्राफी उद्योगको कमाइ बढी छ।
- विश्वमा प्रतिसेकेन्ड ३०७५ दशमलव ६४ डलर पोर्नोग्राफीमा खर्च भैरहेको हुन्छ।
- विश्वमा प्रतिसेकेन्ड २८ हजार जना इन्टरनेट प्रयोगकर्ताले यस्ता साइट हेरिरहेका हुन्छन्।
- विश्वमा प्रतिसेकेन्ड ४ सय जनाले सर्च इन्जिनमार्फत पोर्नोसाइट खोज्ने गरेका छन्।
- विश्वभर ४ दशमलव २ मिलियन वेबसाइट पोर्नोग्राफीसँग सम्बन्धित छन्, जुन कुल वेबसाइटमध्ये १२ प्रतिशत हो।
- विश्वभर ७ मध्ये १ युवा इन्टरनेटमा पोर्नोसाइट खोजिरहेको हुन्छ।
- विश्वभर कुल इन्टरनेट प्रयोगकर्तामध्ये २५ प्रतिशतले पोर्नोसाइट हेर्ने गरेका छन्।

**स्रोत : इन्टरनेट फिल्टर रिभ्यु**

## भिडियो क्लिप्सको बिगबिगी

वीरगन्ज- अविवाहित हुँदाको प्रेमीसँग खिचिएको भिडियो प्रेमीले सार्वजनिक गरिदिँदा यहाँ एक युवतीको वैवाहिक जीवन बिथोलिएको छ। वीरगन्जकी ती युवतीको विवाह भारतको छत्तीसगढ राज्यको वसतपुर जिल्लाको एक डाक्टरसँग भएको थियो। श्रीमती परपुरुषसँग सम्भोगरत रहेको भिडियो देखेपछि परिवारबाट निकालिएकी युवती अहिले माइती घर आइपुगेकी छिन्।

आपसी सहमतिमा मोबाइलद्वारा खिचिएका दृष्यहरू प्रेमीले पूर्वप्रेमिकाको ठेगानामा पठाइदिएका थिए। युवतीको निकट सूत्रका अनुसार विवाहपश्चात् ठूलो रकम माग गरी ब्ल्याकमेलिङ सुरु गरेका वीरगन्जकै छपकैयाका ती युवकले माग पूरा नभएपछि यस्तो हर्कत देखाएका थिए।

एक परस्त्रीसँग सम्भोगरत रहेको भिडियो वीरगन्जमा सर्वत्र भएपछि तेक्वान्दोमा नेपालका लागि पदक जितिसकेका एकजना पूर्वखेलाडीले सहर छाड्नु परेको छ। ती पूर्वखेलाडीकै घरनजिककी महिलाको चिया पसलमा यतिबेला ताला झुन्डिएको छ।

नितान्त गोपनीय मामिलालाई क्यामेरामा कैद गर्ने तर यस्ता कुरा सार्वजनिक हुने कुरामा पर्याप्त गम्भीरता नदेखाउँदा उब्जिएका अप्रिय घटना हुन् यी। त्यतिमात्र होइन सहरमा घडीअर्वा पोखरीमा सामान्य प्रेमलापका गतिविधिसमेत मोबाइलका सेटमा छ्यापछ्याप्ती हुन थालेपछि सहरका युवा-युवतीहरू त्रसितहुन थालेका छन्।

पोखरी परिसरमा प्रेमलाप गर्दाका दृश्य सार्वजनिक हुन थालेपछि साँझ-बिहान घुमफिर गर्न जाने एकमात्र ठाउँका घुमन्तेहरूको संख्या घट्न थालेको छ। विवाहित जोडीहरूको संख्या पनि घटेको परिसर भित्र सञ्चालनमा रहेको एक कोल्डस्टोरका अनिल चौधरीले बताए।

सहरको बढ्दो भीडलाई छल्न युवा-युवतीहरू आफ्ना प्रियजनसँग बसिरहेको अवस्थामा पोखरी परिसरको पर्खाल माथिबाट लुकेर खिचिएका दृश्य सार्वजनिक भएका छन्। स्थानीय युवा पवन साहका अनुसार जोडीहरू बेन्चमा वा रूखमुनि बसेको गतिविधि मोबाइलमा रहेको क्यामेराको मदतले पर्खालमाथिबाट भिडियो बनाउने एक समूह सक्रिय छ। भिडियो खिचेर कम्प्युटरमा लगेर सम्पादन गरी पुनः मोबाइलमा डाउनलोड गरेर सम्बन्धित जोडीलाई देखाएर ब्ल्याकमेलिङ गर्ने गरिएको साहले बताए।

यही क्रममा बेइज्जती हुने डरले एक आईसक्रीम पार्लरमा काम गर्ने एक युवती अहिले वीरगन्जबाट पलायन भएकी छिन्। उनीसँगै भिडियोमा चुम्बन सटासाट गर्ने स्थानीय माईस्थानका युवक पनि हाल फरार छन्। यस्तै प्रवृत्तिका आधा दर्जनभन्दा बढी भिडियो अहिले युवाहरूले ब्लुटुथको माध्यमले एक अर्काको मोबाइलमा सटासाट गरी रमाइलो मान्ने गरेका छन्। सूचना प्रविधिको प्रयोगभन्दा पनि दुरुपयोग बढी रहेकोमा प्रबुद्ध वर्गले भने गुनासो गरेका छन्।

सार्वजनिक स्थलमा घुमफिर र रमाइलो गर्न पुगेका युवा-युवतीको नितान्त व्यक्तिगत क्षणलाई लुकेर क्यामेरामा कैद गर्ने कार्यलाई कदापि सही मान्न सकिँदैन स्थानीय युवा नेता अरविन्द सिंहले बताए। परिसरलाई थप व्यवस्थित र रमणीय बनाई आन्तिरक पर्यटक एवं वीरगन्जवासीको मनोरञ्जनका लागि सुरक्षित बनाउनुपर्ने कुरामा उनले जोड दिए।

पछिल्लो समयमा आर्थिक नगरीमा सार्वजनिक भएका यस्ता भिडियो प्रकरणले समाजमा एक प्रकारको तरंग फैलाएको छ। मुलुककै ऐतिहासिक घडिअर्वा पोखरीलाई वीरगन्जकै एक मात्र रमणीय स्थल मानिन्छ। निश्चिय पनि सार्वजनिक स्थलमा प्रेम अभिव्यक्तिलाई यहाँको समाजले मान्यता दिएको छैन्। परिसर भित्र आपत्तिजनक क्रियाकलाप नगर्न नगरपालिकाले कडाइका साथ नियम पालना गराउनुपर्छ। समय-समयमा निरीक्षण पनि गर्नुपर्छ तर त्यसरी लुकेर भिडियो लिनेहरूमाथि पनि कारबाही हुनुपर्नेमा युवाहरूले जोड दिएका छन्।

**-भूषण यादव**

## ● पहिलो विश्व ●





**खन्चुवा मोटी :** स्यासी थोमसको खानपिनले सबैलाई मोहित तुल्याउँछ । ३२ वर्षीया स्यासी १ सय ५३ किलेग्रामकी छिन् । एक क्लबमा नाइट सेक्युरिटीको काम गर्ने स्यासीलाई स्थानिय बासिन्दाले खानेकुरा दिएर उनले खाएको हेर्दै आनन्द लिन थालेपछि स्यासीले पनि त्यसलाई व्यावसायिक रूप दिइन् । अहिले उनी आफूले खाएको भिडियो र फोटो प्रकाशित गरेर मासिक २ हजार पाउन्ड आम्दानी गर्छिन् ।




अन्त्यमा...

पुरुषहरूले यौन उत्तेजना बढाउन सेवन गर्दै आएको भिएग्रा सन् १९९८ देखि अन्तर्राष्ट्रिय वजारमा आए पनि महिलाले भने त्यस्तो औषधी सेवान गर्न पाएका छैनन् । उत्पादनको छोटो समयमै भिएग्राले पुरुषहरूमा पुऱ्याएको फाइदाबाट भिएग्रा निर्माता फाइजर कम्पनीका वैज्ञानिकहरू हौसिएका थिए । यौन आकर्षण नभएका महिलालाई लक्षित गरेर अनुसन्धान थालेका



फाइजरका वैज्ञानिकहरूले आफ्नो अनुसन्धान निष्कर्षको नजिक पुगेको बताएका छन् । भिएग्राको सेवनले पुरुषहरूको मस्तिष्कमा प्रभाव पारेर उत्तेजना बढाउँछ, यही गुण महिलामा पनि हुन्छ । त्यो इन्द्रिय कहाँ छ भन्ने विषयमा वैज्ञानिकहरूले आफ्नो ध्यान केन्द्रित गरेका थिए । केन्ट स्यान्डविचको प्रधान कार्यालयमा अनुसन्धान गरिरहेका वैज्ञानिकहरूले महिलालाई उत्तेजित गर्ने इन्द्रिय पत्ता लागेको बताए । अब उक्त इन्द्रियलाई कुन तत्वले उत्तेजित गर्छ भन्ने विषयमा अनुसन्धान केन्द्रित हुने अनुसन्धान दलका प्रमुख क्रिस वेहम्यानले बताउँछन् ।

## विभिन्न देशमा यौन आचरण

● वान पोलले गरेको सर्वेक्षणमा जर्मन पुरुषहरू कमसल प्रेमी ठहर भएका छन् । विभिन्न २० देशका महिलाले जर्मन पुरुषको शरीर गन्हाउँछ भनेका छन् । सोही सर्वेक्षणमा स्पेनका पुरुषलाई बेस्ट लभरको संज्ञा दिइएको छ ।

● विश्वमा सबैभन्दा कम समयको यौनसम्पर्क थाई जोडीमा हुन्छ । उनीहरूको सरदर यौनसम्पर्क १० मिनेटको हुन्छ । यसको विपरीत सर्वाधिक लामो यौनसम्पर्क ब्राजिलियनहरूबीच हुन्छ । उनीहरूको सहवासको अवधि ३० मिनेट हुन्छ ।

● डुरेक्स कन्डमले गरेको सर्वेक्षणमा सर्वाधिक कामुक पुरुष ग्रीकका रहेको पत्ता लागेको थियो ।

● इजरायलको तेल अबिबलाई वेश्याहरूको राजधानी पनि मानिन्छ । त्यहाँ २ सय ५० आधिकारिक वेश्यालय छन् ।

● आधिकारिक रूपमा वितरण गरिने अश्लील चलचित्रमध्ये ९० प्रतिशत चलचित्र क्यालिफोर्नियाको स्यान फर्नान्डो भ्यालीमा निर्माण हुन्छ, जसलाई स्थानीय बासिन्दाहरू पोर्न भ्याली पनि भन्छन् ।


● अस्ट्रेलियाका महिलाहरूमा स्तन ठूलो बनाउने चाहना फेसनका रूपमा बढिरहेको छ । एक सर्वेक्षणअनुसार त्यहाँ स्तन ठूलो बनाउने महिलाहरूको संख्या ४० प्रतिशत छ ।

● न्युजिल्यान्डका महिलाहरूले आफ्नो जीवनमा २० दशमलव ४ जना पुरुषसँग त्यस्तो सम्बन्ध राखेका हुन्छन् ।





## बाटो पत्ता लगाउनुहोस्



## घेरै सुत्नुपर्छ

बेलायत र इटालीका वैज्ञानिकहरूले सामान्य निद्राको आनन्द लिनेको तुलनामा कम सुत्नेहरूको मृत्यु २५ वर्ष चाँडो हुने खतरा १२ प्रतिशतले बढ्ने निष्कर्ष निकालेका छन् । ती वैज्ञानिकहरूले नौ घन्टाभन्दा बढी समय सुत्ने मानिस र समयअगावै मृत्यु हुनेहरूबीचको सम्बन्ध निकाल्न खोजेका छन् । १५ लाख व्यक्तिमा गरिएको १६ प्रकारको उक्त अध्ययनको परिणामले निद्रा र मृत्युबीचको सम्बन्धलाई स्पष्ट पारेको छ । अध्ययनले समयअगावै भएको मृत्युको अधिकांश मामिलालाई ६ देखि ९ घन्टाभन्दा कम वा अधिकको रात्रि निद्रासाग जोडेर उक्त निष्कर्ष निकालिएको हो ।

## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | २ | | | ३ | | | ४ |
| | ५ | | | | ६ | | | ७ | |
| | | ■ | ८ | | | | ■ | | |
| | | ■ | | ९ | | | ■ | | |
| १० | | | | ११ | | | | १२ | |
| | १३ | | | | १४ | | | | |
| | | १५ | | | | १६ | | | |
| | | | १७ | | | | १८ | १९ | |
| ■ | | | २० | | | | | | ■ |
| ■ | | | | २१ | | | | | ■ |

**दायाँ**

१. आकाशगंगा (४)
२. शिवपुत्र, कुमार (४)
३. चार वेदमध्ये एक (४)
५. छोड्ने काम (४)
६. गौतम बुद्धको एक नाम (४)
८. कुवेरका प्रजागण (२)
१०. रतिका पति (४)
११. तालमा हुने झार (४)
१२. ऋण उधारो (२)
१३. त्यागपत्र (४)
१४. पञ्जावको एक प्रसिद्ध सहर (५)
१५. आखा (३)
१६ निरन्तर, अटुट (४)
१७. धातुको लेपन (३)
१८. कुनै वस्तुको माथिल्लो तह (३)
२०. दानव, नरपिशाच (३)
२१. सुन, स्वर्ण (३)

**तल**

१. प्रार्थी, आवेदक (४)
२. दुर्गा भवानीको एक नाम (४)
३. जस्तो थियो त्यस्तै रहनु (४)
४. रावण, लंकापति (४)
५. मेहनत (४)
६. तृष्णा, प्यास, इच्छा (४)
७. लेनदेनसम्बन्धी लिखत (४)
९. यज्ञ, पूजा आदि गराउने व्यक्ति (४)
१०. पोथी कोइली (४)
१२. शारीरिक व्यायाम (४)
१३. सप्तरीको सदरमुकाम (५)
१४. तीनवटा मुटु हुने जीव (४)
१५. कोसेली, उपहार (४)
१६. पढाउने व्यक्ति, शिक्षक (४)
१७. हरिणको एक प्रजाति (३)
१८. सुगम, सरल (३)
१९. अन्धकार, अज्ञान (३)

## पत्याउनु हुन्छ ?



टोरन्टोका बार्बिक्यु सेफ टेड रेडरले हालै सर्वाधिक ठूलो ह्यामबर्गर तयार पारे । उनले तयार पारेको बर्गरको तौल २ सय ६७ किलोग्राम थियो ।



बेलायतको सबैभन्दा सानी महिला एमन्दा मेरीले गत वर्ष एउटा छोरा जन्माइन् । मेरीको लम्बाइ ० दशमलव ९४ मिटर छ भने उनको छोरा ० दशमलव ६४ मिटरको छ ।

भारतीय सेनाले आतंकवादलाई निस्तेज तुल्याउन भूत झोलोखा नामक खुर्सानीको धूलो प्रयोग गर्ने भएको छ । यो खुर्सानी सर्वाधिक पीरो मानिन्छ ।



इन्डोनेसियामा पाइएको कोमोडो ड्रागनसँग मिल्दोजुल्दो विताताावाको दुइवटा लिंग रहेको अनुसन्धानमा रहेका वैज्ञानिकहरूले बताएका छन् ।




## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## ● तालुमा आलु ●



**प्रकाश ओझा**

मीनाले रिनासँग भनिन्, 'थाहा छ, आजसम्म मलाई मेरो पतिले बाहेक अरु कसैले पनि किस गरेको छैन ।

रिनाले भनिन्, 'तिमी आफ्नो लाचारीमा अपशोच गर्दैछौ कि गर्व ?

०००

चौधरी सरले छोरालाई घुमाउन चिडियाखाना लिएर गए । छोराले हात्तीलाई एउटा बदामको गेडा ख्वायो ।

'एक गेडा अरू पनि खान दे छोरा, आजकाल मेरो बिजनेस राम्रो चल्दैछ ।' चौधरी सर जोसका साथ बोले ।

०००

प्लेन उडिरहेका बेलामा इन्जिनमा गडबडी भयो । आगो लाग्न थाल्यो, ककपिटबाट पाइलट निस्कियो र सबै प्यासेन्जरलाई सान्त्वना दिँदै भन्यो- 'तपाईंहरू चिन्ता नगर्नुस्, म तुरुन्त मद्दत लिएर आउँछु ।'

त्यसपछि उसले प्यारासुट लगायो अनि जहाजबाट हामफाल्यो ।

०००

सुझाव : दुई प्रकारमा मानिसले मात्र जुवा-तास खेल्नुहुँदैन । एक जोसँग पैसा छ अर्को जोसँग पैसा छैन ।

०००

'मेरी श्रीमतीले ?' एउटा व्यक्ति आफ्नो साथीसँग भन्दै थियो, 'हिजोआज हार्मोनियम बजाउन छाडेर मुरली बजाउन थाली, जुन मेरा लागि खुसीको कुरा हो ।'

'ए हो..' साथी उत्सुक भावमा बोल्यो- 'तर यो खुसीको कुरा कसरी भयो ?'

'पहिले हार्मोनियम बजाउँदा उसले गाउँथी पनि, अहिले मुरली बजाउँदा गाउन मिल्दैन ।'

०००

एउटी युवतीले आफ्नो हुनेवाला श्रीमान्लाई चिठी लेखी,

'डियर सुरेन्द्र, हामीले विवाहको मितिलाई केही समयका लागि पछि सार्नुपर्ला जस्तो छ । अहिले म वीरेन्द्रसँग भागें... ।

०००

रेस्टुराँमा डिनर सकेपछि ग्राहकले वेटरसँग भन्यो- 'भाइ टुथपिक ल्याऊ त'

'खाली हुनेबित्तिकै ल्याउ'छु हजुर', वेटरले उत्तर दियो ।

०००

**मेरो कुरो**

'रक्सी मन्दविष हो ।'
'कसलाई हतार छ र ?'

## ● कविता ●

### त्यसैले त बाँचेकी छु



तिमीसँगै बाँच्ने-मर्ने कसम खाएकी छु
साथ दिएका छौ तिमीले, त्यसैले त बाँचेकी छु
घरबाट क्याम्पस जान्छु भनी ढाँटेर
तिमीसँगै रमाएर फिलिम हेर्न भएकी छु
बसमा चढी नयन जुधाई कुरा गर्दाखेरि
मख्ख परी लजाएर भुतुक्क भएकी छु
गाउँघरमा तिम्रो मेरो नराम्रो कुरा भए पनि
हात जोडी आँसु झारी टाढा नजाऊ है भनेकी छु
डर लाग्छ कहिलेकाहीँ तिमी टाढा हुन्छौ कि भन्ने
त्यसैले तिमीलाई पाऊँ भनी व्रत बसेकी छु
आँखाबाट आँसु छताछुल्ल हुँदाखेरि नरोऊ भन्छौ तिमी
तिम्रो शब्दबाट खुसी भएर हाँसेकी छु
सपनीमा अनि विपरीतमा पनि
तिमीले मलाई दिएको माया अनि मुस्कान देखेकी छु।

**शान्ता भण्डारी**

### विष कहाँ खाइन्छ र ?

औंला काटी नाम नलेखे माया कहाँ पाइन्छ र
रूपै नराम्रो देखेपछि माया कहाँ लाइन्छ र
तिमीबिना मर्छु म, त्यो त भन्ने कुरा मात्रै
प्रेममा बिछोड हुँदैमा विष कहाँ खाइन्छ र
माया त हो अचेल समय बिताउने खेल मात्रै
स्वार्थी यो दुनियाँमा चोखो प्रेम कहाँ चाहिन्छ र
कोसौ टाढाबाट पनि मायाको नाटक रच्दै
रमाइलो नहुने भए भेट्न कहाँ धाइन्छ र
चोखो प्रेम गर्ने पनि हुन्छन् यो संसारमा
धोका नपाई बिछोडका गीत कहाँ गाइन्छ र ?

**सौगात मिश्र**

### झर्दो रहेछ

छुट्नुअघि चाँडै चिठी लेख्छु भन्नेले
आँखैभरि तिमीलाई देख्छु भन्नेले
के थाहा क्षणभरमै भुल्न सक्दो रै'छ
थाहै नदिई अन्त कतै फुल्न सक्दो रै'छ
पँधेरीमा तिम्रो याद गर्छु भन्नेले
मर्नै परे तिमीसँगै मर्छु भन्नेले
हेर्दाहेर्दै स्वार्थको पुल तर्दो रहेछ
क्षणभरमै विश्वासको फूल झर्दो रहेछ ।

**सन्त थुलुङ**

### कस्तो अचम्म

गौतम बुद्धकै हातमा तरबार कस्तो अचम्म
सर्वहाराको नै सुनका दरबार कस्तो अचम्म
अर्कामाथि दोष थुपारेर आफू पन्छि हिँड्छन् सबै
जलभण्डारमै बिजुली हाहाकार कस्तो अचम्म
विकास-निर्माणका आश्वासनले जनता झुक्याई
अभिनयमा पारंगत कलाकार कस्तो-कस्तो अचम्म
जिउँदाहरू भोकले मर्नै लाग्दा मन्दिरबाहिरै
भित्रका पत्थरको जय-जयकार कस्तो अचम्म
ज्ञानु पनि भन्थे जनताको निम्ति पहल गर्दैछु
सत्तानिम्ति नेताहरूका टकराव कस्तो अचम्म
शान्ति-सुरक्षा सुदृढ हुँदैछ बोलीमा मन्त्रीज्यूको
घुम्ने मेचमाथिको अन्धो सरकार कस्तो अचम्म

**आकाशचन्द्र न्यौपाने**

### एक्लै हिँड्ने भा'की छौ रे

भन्छन् साथीभाइले मलाई एक्लै हिँड्ने भा'की छौ रे
मेरो नाम लिंदा पनि अतीत साइनो ला'की छौ रे
सडक पेटी किनारामा बद्नाम गर्दै आ'की छौ रे
मेरो खबर सोध्दा पनि चिन्दिन भन्ने भा'की छौ रे
कुरा काट्दै गीतहरू बजारमा गा'की छौ रे
अब कहिल्यै नभेट्ने वाचा कसम खा' की छौ रे
मैले धोका दिएँ भनी हल्ला गर्दै छा'की छौ रे
मेरो माया बिर्सिएर अरू कसैकी भा'की छौ रे

**प्रकाश खतिवडा**

## ● लघुकथा ●



### कुकुर

दुब्लो, हेर्दै मायालाग्दो कुकुर, खान मन लागेको कुरा डर मान्दै-मान्दै स्वाद लिन्छ । माछा-मासु नखाएको व्यक्तिको घरको कुकुर भएका कारण मासु, भात खान त कता हो कता बास्ना सुँघ्नसम्म पाउँदैनथ्यो । कहिलेकाहीं छिमेकमा मासु पाकेको बास्ना थाहा पाउनासाथ छिमेकको ढोका छाड्दैनथ्यो । धर्मात्मा र उस्तै रिसालु स्वभावका मालिकले धुलाइ गर्लान् भन्ने पीर सायद कुकुरको मनमा हुन्थ्यो । डर मान्दै-मान्दै फालेका हाड खाँदा एक दिन मालिक्नीले थाहा पाइहालिन्, रिसले भुन्भुनिदै घर पुगेर कुकुरको धुलाइ गर्ने प्रतीक्षामा थिइन् । एकै छिनमा कुकुर मनको धोको पूरा गरेर घरमा के पुगेको थियो, कुकुरलाई सिक्रीले बाँधेर रामधुलाइ गरिन् । रिसले आँखा चिम्लिएर बर्साएको लट्ठीले कुकुरको टाउको फुट्यो र संसारबाट पर भयो, लट्ठी अझै बर्सिंदै थियो ।

**–सौगात मिश्र**

# जोखिममा जुम्ल्याहा बालबालिका

**आदर्श केसी**



रुकुम जिल्लाको खाराकी गीता विकका कोखमा चार महिनाका जुम्ल्याहा छोरा-छोरी रोइरहेका छन् । ३५ वर्षीया गीताको पेट पनि भोकै छ । छोरीको मोहका कारण आमाबाट माया-ममता नपाएर हेपिएको छोरो दुब्लो र ख्याउटे छ ।

पाल्न धौ-धौ भएपछि गरिबीले माया पनि भन्दोरहेनछ'– गीताले पीडा पोख्दै भनिन्, 'घरमा खाने अन्नको गेडो छैन । मैले के खाने र बच्चालाई के ख्वाउने ?' जुम्ल्याहासहित उनका सन्तानको संख्या ५ पुगेको छ । पौष्टिक आहारको अभावमा आमा र शिशुको स्वास्थ्य अवस्था निकै कमजोर छ ।

पोषिला खानेकुराको अभावमा उनका सबै सन्तान कुपोषणको शिकार भएका छन् । श्रीमान् कमाउन भारत गएका छन् । त्यो कमाइले घरखर्च धान्नै समस्या परेको गीताले बताइन् ।

गाउँलेका ढोका-ढोकामा गएर आफ्नो पीडा सुनाउनु नै उनको दिनचर्या बनेको छ । उनको पीडा सुन्नेहरूले पनि दुःख व्यक्त गर्नु बाहेक केही दिन नसकेको गीताले दुःखेसो गरिन् ।

गीता भन्छिन्, 'जुम्ल्याहा सन्तान देखेर दया गर्ने केही गाउँलेले अलि-अलि सहयोग गर्छन् ।' उनी सहयोग नपाएको दिन भोकभोकै बस्नु परेको पीडा सुनाउँछिन् ।

रुकुममा जुम्ल्याहा सन्तान हुनुको पीडा स्थानीय धेरै महिलाले भोगिरहेका छन् । खारा कुरल गाउँमा जुम्ल्याहा शिशुमध्ये खानै नपाएर एउटा शिशुको ज्यान गयो भने अरू सन्तान पनि कुपोषणको शिकार भएको स्थानीय महिला तथा पुनर्मिलन महिला समूहकी अध्यक्ष रेवता गिरीले बताइन् ।

खारा गाविसमा मात्र जुम्ल्याहा शिशु जन्माउने महिलाहरूको संख्या १० पुगेको छ । जुम्ल्याहा शिशु जन्माउने आमाहरूले पोषणयुक्त खानेकुरा खान नपाएका कारण रोगी भएका छन् नै त्यसको असर शिशुहरूमा पनि देखिएको छ । पेटभरि दूध खाना नपाएका शिशुहरू कुपोषणको शिकार भएका छन् ।

गिरीले भनिन्– 'सरकारले जुम्ल्याहा शिशु जन्मिए सहयोग गर्ने व्यवस्था गर्नुपर्छ । गरिबीका कारण धेरै बालबालिका कुपोषणका कारण ज्यान जाने खतरा बढ्दै गएको छ ।'

खाराका अमरसिंह खड्काका दुई जुम्ल्याहा शिशु कुपोषणका कारण खान नपाएर मृत्युको मुखमा पुगेका छन् ।

'श्रीमतीलाई राम्रो पोषिलो खाना ख्वाउन सकिएको छैन । दूध कम आउँछ । दुईवटै शिशुलाई पुग्दैन,' खड्काले भने, 'गाई-भैंसीको दूध किन्ने हैसियत हाम्रो छैन ।' जुम्ल्याहा शिशु जन्माउने आमाबाबुलाई एकातिर सन्तानको भार छ भने अर्कातिर पालनपोषणमा पनि उत्तिकै समस्या हुने गरेको उनीहरूको अनुभव छ । 'जुम्ल्याहा शिशु हुर्काउन हामीजस्ता गरिबहरूलाई निकै समस्या हो । खाना पुऱ्याउन सकिएको छैन,' खड्काले सुनाए । राम्रो खानेकुरा र स्याहार नपाएमा जुम्ल्याहा सन्तान पाउने आमा र शिशु दुवैको स्वास्थ्य खतरामा पर्ने स्वास्थ्यकर्मीहरू बताउँछन् । जिल्ला अस्पताल रुकुमका स्वास्थ्य प्रमुख डा. विनोद गिरीले जुम्ल्याहा शिशु जन्माउने आमाको शरीर कमजोर हुने र शिशुहरू कुपोषणको शिकार हुन सक्ने बताए ।

'जुम्ल्याहा शिशु जन्माउने आमाको उनीहरूका लागि प्रशस्त पोषिलो दूध नभए झन् समस्या हुन्छ । शिशुहरू कुपोषणको शिकार हुने खतरा उत्तिकै हुन्छ,'– उनले भने ।

महिलाहरूको क्षेत्रमा विभिन्न संघसंस्थाले काम गर्दै आए पनि जुम्ल्याहा शिशु र आमाको लागि काम नगरेको डा. गिरीको गुनासो छ । 'सरकारी तथा गैरसरकारी संघ-संस्थाले पनि जिल्लामा जुम्ल्याहा शिशुको क्षेत्रमा काम गरेका छैनन् । यस्ता बालबालिकाका निम्ति सहयोग गर्ने संयन्त्र बनाउन अपरिहार्य छ,'– उनको सुझाव छ ।

उसो त स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका जिल्लाका हुकाम, मैकोट, गोतामकोट लगायतका गाविसमा कुषोषण भएका बालबालिकाहरू थुप्रै छन् । चेतनाको अभाव र औषधि उपचारको व्यवस्था नहुँदा जुम्ल्याहामात्र नभइ अरू बालबालिकाको पनि अकालमै ज्यान जाने गरेको रुकुमकी महिला अधिकारीवादी शारदा डाँगीले बताइन् ।

*सौजन्यः फिचर सेवा बुलेटिन नेपाल प्रेस इन्स्टिच्युट, क्षेत्रीय सञ्चार स्रोत केन्द्र, नेपालगन्ज*

## ● सन्देश ●

हाम्रो प्रेम बीच बाटोमै अड्किएको छ , यसरी बिनासम्पर्क हामी कसरी प्रेमलाई सफल तुल्याउन सक्छौं ? समस्या हरेकलाई हुन्छ, आफ्नो परिवारको, समाजको तर कतिञ्जेल डराइरहने ?

**उत्कर्ष**

सबु, तिमीलाई हार्दिक शुभकामना, आइ लभ यु ।

**अनिष**

दिल्लीको आनन्दविहारबाट रेल चढ्ने बहिनी, मैले तिमीलाई भेट्न सकिनँ । जोगबनीमा पनि भेट भएन । कसरी घर पुग्यौ ?

**अशोक**

सम्पूर्ण साथीहरूलाई सफलता र प्रगतिको धेरै-धेरै शुभकामना ।

**देवेन्द्र कठायत**

इन्दिरा, सविता, विनिसा, सुजना, सम्झना, प्रदीप, रचना, सुदेश, तीर्थ, एलिना, सिर्जना, यशोदा, सविना, जुनु, जेनी, गौरी, मधु, शिवा, संगीता, प्रतिमा, प्रमिता, बिना, टिष्टा, गोमा, सीमा, सुरेश, सुमन, खेम, उषा, उमा, सरिना, जानुका, अन्जना, रेखा, गंगा, जीना, सुनिता, बिमला, धनुष, नियति, समीक्षा, बिना, सरिता, रञ्जिताका साथै सम्पूर्ण साथीहरूमा सम्झना एवं शुभकामना ।

**कल्पना साम्पाङ**

आत्मीय साथीहरू यमुना, माया, गंगा, ईश्वरी, जमुना, राममाया, सुरेन्द्र, रवीन्द्र, एलन, अरुण, भुपाल, किशोर, सुनिता, संगीता, रंजित, प्रभु, प्रकाश, श्रवण, बाबुराम, सागर, असल, रविमा उत्तरोत्तर प्रगतिको कामनासहित सुख, शान्ति, दीर्घायु एवं सुस्वास्थ्यको



हार्दिक शुभकामना ।

**मनीष मगर**

राज, सविन, अमृत, जीत, बुद्धि, सरिता, ईश्वरी तथा अम्बिकामा सम्झना एवं शुभकामना ।

**प्रवेश**

पबि, तिमीले चालेका हरेक पाइलामा सफलता मिलोस् ।

**सजित**

नानु, सम्झनाका साथै मुटुभरिको चोखो माया । खै के भनौ ? छुट्टिएका दुई फरक ध्रुव भए पनि हमेसा हजुरकै यादमा तड्पिएर बाँचिरहेको छु । हजुर जहाँ भए पनि सधैं खुसी रहनु । यो जुनीमा यति नै बाँकी अर्को जुनीमा ।

**एस.बी.**

शान्ति, योजनाहरू पूरा हुँदै जाऊन्, लाखौंलाख शुभकामना ।

**मित्र**

शान्ति, माया अनि सम्झना, ह्वाई आर यू एंग्री ? साँचो प्रेममा कहिल्यै भेदभाव हुँदैन । म सदासदा हजुरकै प्रेमको प्रतीक्षामा रहनेछु ।

**फिरोन**

पार्वती, कमला, मधु, अनिता, प्रमिला, लक्ष्मी, सोनाम, शारदा, सर्वदाका साथै शर्मिलालाई सम्झना एवं शुभकामना ।

**सुमन**

लक्ष्मी, कक्षा ६ को पढाइपछि तिमीले मलाई छोडेर गए पनि म तिम्रै प्रतीक्षामा छु ।

**के.**

राम, चित्र, मुना, कविता, मञ्जु, विनिता, विमला, श्रीराम, गोमा, शान्ता, राधिका, रञ्जु, कुमार अस्मिता, समिता, नारायण, प्रतिमा, अम्बिका, संगीता, सरिता, गंगा, विनिता, चन्द्रिका तथा रश्मिमा हार्दिक शुभकामना एवं सम्झना ।

**हरिभक्त**

विजय, हिमाल, विरेन, अन्जु, गंगा, कमला, विषु, दिन रमाइलोसँग बितोस् । कामहरू सफल हुन् । सबैको मनमा उत्साह जागोस् ।

**सञ्जयकुमार श्रेष्ठ**

परी, आखिर किन टाढिँदैछौ ? मात्र एकपटक मेरो नजरबाट संसार हेर, आँसु हैन, मुस्कान छरेर दुःख बाँड मसँग ।

**इशा**

रोशन दादा, हाम्रो भेट नभएको नौ महिना बितिसक्यो । हजुरलाई मेरो याद आउँदैन जस्तो छ । हजुरले के गर्न खोज्नुभएको ? के समयले मलाई चेञ्ज गरिदियो ? आज पनि म हजुरकी जिद्दी, छुच्ची, पागल र सानी बहिनीकै रूपमा बाँचिरहेकी छु ।

**काली**

लीला, तिमीले चालेका हरेक पाइलामा सफलता मिलोस् ।

**नारायण**

## ● जीवनको गोरेटोमा ●



# शुभ प्रेम

तिम्रो आगमनले मेरो जिन्दगीमा बहार छाएको छ । पूर्णिमाको साँझ मेरो सामु उपस्थित छ । तिमी मेरो जीवनमा नहुँदा निरासा मात्र थियो । मैले यसअघि कसैको माया-प्रेम अनुभव गरेको थिइनँ । आजसम्म हामीले फोनमा मात्र कुरा गर्ने मौका पाएका थियौं । तिमीलाई विश्वास नलाग्न सक्छ, तिमी नै मेरो पहिलो प्रेम हौ । तिमी कस्ती छ्यौ, म कस्तो हुँला भन्ने खुल्दुली हामी दुवैमा छ । हाम्रो भेट पनि भएको छैन । छिट्टै भेट हुने सम्भावना पनि छैन । मलाई थाहा छ तिमीले प्रेमीबाट पाउनुपर्ने माया, हेरचाह पाएकी छैनौ, म टाढा छु, फोन गरिरहन पैसा पनि हुँदैन । तिमी के गछ्र्यौ म जान्दिनँ, तर कामना छ राम्रो गर्दै जाऊ ।

तिमीलाई जस्तै मलाई पनि भेट्ने निकै रहर छ । सँगसँगै घुम्ने, चलचित्र हेर्न जाने, डिस्को जाने, आइसक्रिम खाने, साँझमा थुप्रै कुरा-झगडा गर्ने मेरो पनि मन हो । म बुझ्छु, मैले पनि अहिले नै विवाह गर्न चाहेको हुँ तर मम्मी त्यस्तो चाहनुहुन्न । मम्मीसँग मेरो १० महिनादेखि राम्रोसँग कुरा भएको छैन, उहाँ मेरो राम्रो कुरासमेत मान्ने पक्षमा हुनुहुन्न । सायद म उहाँको आफ्नै छोरा नभएकाले पनि होला । मम्मी मबाट टाढा हुन खोज्नुभएको छ । पहिले-पहिले जस्तो माया गर्नुहुन्न, जति तिमीसँग बोल्नुभयो त्यसरी त मसँग पनि बोल्नुभएको छैन । मैले मम्मीसँग हाम्रो विवाहको कुरा उठाएँ । मैले अझ दुई वर्ष पर्खनुपर्छ रे तर तिमी पर्खिन सक्ने स्थितिमा देखिँदैनौ, तैपनि म आफ्नो तर्फबाट मनाउने हरप्रयास गर्नेछु । तिमीले भनेजस्तो तिमीलाई विवाह गरेर, आफ्नो बनाई तिम्रै घरमा छाड्ने र +२ पछि लिन आउने सोच पनि बनाएको थिएँ तर तिम्रो परिवारले मेरी मम्मीलाई खोज्छन्, समस्या छ । तिमीलाई म निकै माया गर्छु । मायाप्रेम मनमा, हृदयमा, भावनामा हुन्छ, शरीर सुखमा भन्दा पनि । म त्यसो गर्छु- त्यो होइन । म झूट कम बोल्छु तर तिमीले कुनै कुरा लुकाउने छैनौ मसँग । जति खुला म छु त्यति तिमी पनि हुनुपर्छ । दुई दिन घरबाहिर आउन सक्छ्यौ भने म आउँछु । दुई दिन सक्दिनौ भने जिन्दगी के दिन सक्छ्यौ ?

मलाई धेरै माया गर्नुपर्दैन हृदयमा कतै ठाउँछ भने राख । याद राख म तिम्रै लागि मर्न सक्दिनँ र तिमी पनि मेरा लागि मर्ने छैनौ । हामी दुवैजना मिलेर आफ्नो जीवनलाई सुखमय तुल्याउनुपर्छ । मर्नुबाहेक म सबै गर्न तयार छु तिम्रा लागि । जब म अथवा तिमी मर्‍यौं भने हाम्रो प्रेम कसका लागि ?

**–उत्कर्ष**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ ।**

नाम : .......................................................

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव : ............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ............................ वर्ण : ............................

इमेल : .......................................................

ठेगाना : .......................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

.......................................................

.......................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

## ● साथी ●



५ फिट ३ इन्च अग्ला सन्तोष कालामगर गहुँगोरो वर्णका छन् । २१ वर्षीय सन्तोष धेरै नयाँ साथी बनाउने अभियानमा छन् । जातपातमा विश्वास नराख्ने सन्तोष हाल बीएड पहिलो वर्षमा अध्ययनरत छन् । अविवाहित सन्तोष एक-अर्काको मनको कुरा बुझिदिने, दुःख-सुखमा साथ दिने साथीको खोजीमा छन् । आनन्दवन, मणिग्राम, रूपन्देहीका सन्तोषलाई kalasanto99@yahoo.com मा इमेल गर्न सकिनेछ ।



अध्ययन एवं व्यवसाय दुवैलाई निरन्तरता दिइरहेका कुमार श्रेष्ठ सहयोगी एवं मिलनसार स्वभावका छन् । विवाहित कुमार हाल एमबीएस अध्ययनरत छन् । २५ वर्षका कुमार नयाँ ठाउँ घुम्न तथा पत्रमित्रतामा रुचि राख्छन् । गहुँगोरो वर्णका कुमार ५ फिट ५ इन्च अग्ला छन् । कुमारको स्थायी ठेगाना विदुर नगरपालिका, बट्टार, नुवाकोट हो । अरूको भावना बुझ्ने, झूटो नबोल्ने साथीको खोजीमा रहेका कुमारलाई kumar_sabina7@yahoo.com मा इमेल गर्न सकिनेछ ।



१८ वर्षीय हरिशप्रसाद अवस्थी गोरो वर्णका छन् । सरल स्वभावका हरिश हाल बीएस्सी प्रथम वर्षमा अध्ययनरत छन् । ५ फिट ३ इन्च अग्ला अवस्थी अध्ययन एवं पत्रमित्रतामा रुचि राख्छन् । अविवाहित हरिश जात, भाषा, धर्म, लिंग, उमेर, पेसा, सामाजिक रहनसहन, धनी-गरिबका आधारमा भेदभाव नगर्ने साथीको खोजीमा छन् । उनलाई साथी बनाउन चाहनेहरूले सिद्धनाथ विज्ञान क्याम्पस, भीमदत्तनगर-१८ कञ्चनपुरमा पत्राचार गर्न सक्छन् ।



साहित्य लेखनमा रुचि राख्ने सांग्रिस डी मानन्धर २७ वर्षको भए । व्यापारमा आबद्ध सांग्रिस मिलनसार स्वभावका छन् । ५ फिट ८ इन्च अग्ला सांग्रिस गहुँगोरो वर्णका छन् । सांग्रिस सुख-दुःखमा साथ दिने, धनी-गरिब एवं जातीय भेदभाव नराख्ने, समयअनुसार चल्न सक्ने तथा परिस्थितिलाई दास बनाउन सक्ने युवती साथीको साथी खोजीमा छन् । उनलाई क्याक्मी गाविस, हटिया, स्याङ्जामा पत्राचार गर्न सकिन्छ ।



मुस्कान एसपी 'दिवानापन' ५ फिट ४ इन्च अग्ला छन् । १८ वर्षीय मुस्कान आईए दोस्रो वर्षमा अध्ययनरत छन् । मिलनसार स्वभावका मुस्कान पत्रमित्रता, भ्रमण एवं आर्मी बन्ने अभिरुचि राख्छन् । गहुँगोरो वर्णका घमन्ड नगर्ने, नरिसाउने, रगतको नाताभन्दा भावनाको नातालाई महत्त्व दिने साथीको खोजीमा रहेका मुस्कानलाई ह्वामा-५, मिलनको बस्ती, रोल्पामा पत्राचार गर्न सकिन्छ ।

# वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ ?

त्यसो नगरौं ।

**खेमराज लुईंटेल** (३८), **बारा**

होइन तपाईंले बाँदरलाई भऱ्याङ लगाइ दिने कस्तो प्रश्न गरेको ?

**कमल नेपाल** (२०), **काभ्रे**

मान्यता दिनुपर्छ कमसेकम बेरोजगार भएर बसेकाले वैधानिक प्रावधानसहितको नियुक्तिपत्र त पाउँछन् ।

**उत्तम भट्टराई, तानसेन**

दिनुपर्छ, अव्यवस्थित रूपमा यस्तो पेसा चलाउनाले विभिन्न यौनजन्य रोग लाग्न सक्छ । त्यसैले कानुनी मान्यता दिए देशले पनि कमाउँछ ।

**विनोद दाहाल, त्रिचन्द्र क्याम्पस**

यो पनि आफ्नो ठाउँमा त भै नै हाल्छ तै पनि कानुनी मान्यता नै भने दिनुहुँदैन ।

**समशेर योञ्जन, सिराहा**

हुँदैन, नेपाल एउटा गरिब मुलुक हो । सरकारले मान्यता हैन सकेसम्म नियन्त्रण गर्नुपर्छ ।

**रुद्रप्रसाद दाहाल** (२३), **दोलखा**

त्यसै त नेपाल पश्चिमी सभ्यतातर्फ ढल्किरहेको छ तर विकासमा होइन अङ्ग प्रदर्शनमा अझै कानुनी मान्यता दियो भने के होला ?

star_parbin@yahoo.com

हुँदैन, दुई छाक खानलाई त्यही काम नै गर्नुपर्छ र ? अरू केही गरे भैहाल्यो नि ।

**सुरज, वालिङ**

यस्तो कुरा नेपाली समाजमा पच्न केही समय लाग्छ कि ?

**वसन्त न्यौपाने, ताप्लेजुङ**



किन नहुनु नि, जागिर नहुने देशमा रोजगारीको सुर्वण अवसर ।

**राजेन्द्र**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
२. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
३. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
४. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
५. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
६. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
७. राजनीति राम्रो कि समाजसेवा ? किन ?
८. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
९. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
१०. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म ३० वर्षीया युवती हुँ । म एक छोरीकी आमा पनि हुँ । मलाई दोस्रो सन्तानको चाहना थियो, तर श्रीमान्को असहमतिका कारण यो चाहना पूरा नभएकाले म एक सन्तानमै चित्त बुझाउन बाध्य छु । के सन्तानको चाहनामा पनि बाबु नै प्राथमिकतामा पर्छ ?**

**– ज्ञा.**

**उत्तर : वैवाहिक जीवन र सन्तान**

कुनै पनि प्राणीको कर्तव्य हुन्छ कि उसले वंशजको निरन्तरताका लागि सन्तान जन्माओस् । यसका लागि आफ्नो जोडीसँग यौनसम्पर्क गर्नु र त्यो मित्रतालाई कायम गर्दै जन्माएको सन्तानलाई संयुक्त रूपमा हुर्काउनु सामान्य व्यवहार हो । यही सन्दर्भमा मानवको सामाजिक विकाससँगै उसले अनेक किसिमको रीतिस्थिति र मूल्य-मान्यता बनाएको छ । विवाह गर्नु र वैवाहिक जीवनमा बाँधिएर बस्नुको उद्देश्य पनि यसैसँग सम्बन्धित छ र यो वैवाहिक जीवनको यो एक अपेक्षित पाटो हो भन्दा फरक पर्दैन । केही अपवादलाई छाडेर वैवाहिक जीवनको उद्देश्य सन्तान जन्माउनु हुन्छ ।



वैवाहिक जीवनमा प्रवेश गर्नु भनेकै वास्तविक अर्थमा श्रीमान्/श्रीमती दुवैको सझदारीमा जीवन अघि बढाउनु हो, न कि कुनै एकको हैकम चल्नु । यसलाई कसरी सकारात्मक र सुखमय बनाउने भन्ने कुरा निकै महत्त्वपूर्ण हुन्छ । सन्तान कहिले र कतिवटा जन्माउने जस्ता विभिन्न मुद्दामा दुवैका व्यक्तिगत अपेक्षा फरक भए पनि कुनै बिन्दुमा पुगेर साझा खाका बनाउनु आवश्यक छ । वंशजको निरन्तरता अधिकारको कुरा हो भने कोही निःसन्तान बस्छु भन्छ भने पनि त्यो उसको अधिकार हो । दुवैको समान विचार छैन भने यो कुरा सुखमय दाम्पत्य जीवनका लागि नमिल्ने कुरा हुनसक्छ ।

### कतिवटा शिशु जन्माउनु ठीक होला ?

शिशु कतिवटा भन्ने प्रश्न व्यक्तिको इच्छाको कुरा हो । अति नै धेरै सन्तान जन्माउँदा स्वास्थ्यमा पनि नकारात्मक असर पर्न सक्छ । वैवाहिक जीवनको कुरा गर्दा व्यक्तिगत विचार भए पनि यस सन्दर्भमा कुरा अलि फरक हुन्छ । वैवाहिक सम्बन्ध सुचारु रूपमा चल्न दुवैमा समझदारी हुनुपर्छ । वैवाहिक जीवन सामाजिक मान्यता हो । यौन सम्पर्कपछि सन्तान जन्माउने अनि हुर्काउने जिम्मेवारी संयुक्त रूपमा जोडी तथा उनीहरूको नजिकका पारिवारिक सदस्यमा हुन्छ । सन्तान कतिवटा र कहिले जन्माउने भन्ने कुरा दुवैको समझदारीमा हुने कुरा हो । हुनेवाला बाबु (पिता) अर्थात् पुरुषको चाहना नै जहिले पनि प्राथमिकतामा हुनुपर्छ भन्ने छैन ।

अचेल दुइटा सन्तान भन्ने नारा निकै नै प्रचलनमा छ, तर जोडीको इच्छाअनुसार यसमा केही फरक विचार आउन सक्छ । सन्तानको संख्याको कुरा गर्दा विशेष गरेर अन्य कतिपय सामाजिक तथा आर्थिक पक्षलाई विचार गरिएको पाइन्छ, किनभने सन्तान जन्माउनु भनेको शारीरिक रूपमा जन्माउनु मात्रले पुग्दैन । त्यसको उचित लालनपालन एवं शिक्षादीक्षाको व्यवस्था गर्नुपर्छ । दम्पतीको जीवनशैली, वृत्तिविकास, आर्थिक-सामाजिक परिस्थितिका साथै अन्य जिम्मेवारी अनि घरको अवस्थाका सन्दर्भमा अध्ययन गरेर यसको निर्णय लिइन्छ । तपाईंले यस विषयमा खुलस्त लेख्नुभएको छैन । प्रत्येक व्यक्तिको व्यक्तिगत रूपमा एक विचार भए पनि दम्पतीका रूपमा साझा सोच आवश्यक हुन्छ । समाधानका लागि कसरी साझा सोच बनाउने भन्ने विषयमा विचार पुऱ्याउनुपर्छ ।

### श्रीमान्ले थप सन्तान किन नचाहनुभएको ?

तपाईंले यस विषयमा राम्रोसँग चर्चा गर्नुभएको छैन । विशेष गरेर तपाईंको समस्याको सन्दर्भमा यो प्रश्न सबैभन्दा महत्त्वपूर्ण छ । त्यसैले श्रीमान्ले किन थप सन्तान नचाउनुभएको हो, जानकारी प्राप्त गर्ने प्रयास गर्नुहोस् । उहाँका के-कस्ता चासो र चिन्ता छन् भन्ने पनि बुझ्नुहोस् ।

वैवाहिक जीवनमा तपाईंका साथसाथै आफ्ना सन्तान अनि परिवारलाई के-कस्तो स्थितिमा पुऱ्याउने सपना उहाँले देख्नुभएको छ वा लक्ष्य लिनुभएको छ, थाहा भएन । यदि त्यस्तो केही भए तपाईंसँग छलफल गर्नुभएको हुनसक्छ । त्यसबाहेक उहाँको मनभित्र अन्य कुरा पनि हुनसक्छन् । तपाईंले जतिसक्यो त्यसका बारेमा थाहा पाउने प्रयास गर्नुपर्छ । मलाई लाग्छ, तपाईं श्रीमती हुनुभएकाले उहाँको मनको कुरा जान्ने सन्दर्भका तपाईं नै सबैभन्दा नजिक हुनुहुन्छ ।

### समाधानका लागि के गर्न सकिएला ?

यो सजिलो प्रश्न होइन । हामीलाई थाहै छ, दुवैको साझा सोच-विचार नै यसको समाधान हो, तर त्यो बिन्दुसम्म पुग्न मेहनत गर्नुपर्छ । उहाँको चासो र चिन्ता थाहा भएपछि त्यसलाई कसरी न्यून गर्ने र आफ्नो इच्छाका सम्बन्धमा कसरी जानकारी दिँदै मनाउँदै लाने भन्ने काममा लाग्नुपर्छ । यसका लागि सबैभन्दा बढी महत्त्वपूर्ण कुरा, श्रीमान्सँग विस्तृत रूपमा कुराकानी र सरसल्लाह गर्नुपर्छ । वैवाहिक सम्बन्धमा मनमुटाव हुने वा विद्वेष वा द्वन्द्व नजन्माउने किसिमले कुराकानी अघि बढाउनुपर्छ । हुनसक्छ, कतिपय विमती होलान् तर कुराकानी गर्न भने नछोड्नु बुद्धिमानी हुन्छ । तपाईंले अनावश्यक रूपमा झिँझो लाग्ने वा रिस उठ्ने गरी किचकिच गर्नु पनि बुद्धिमानी हुँदैन । तपाईंको अनावश्यक हठले वैवाहिक जीवन धरापमा पर्नसक्छ । दोस्रो सन्तानको चाहना राख्नु नजायज होइन । त्यसैले एक मात्र सन्तानको सट्टा एक थप सन्तान हुँदाको फाइदाका सम्बन्धमा श्रीमान्सँग छलफल गर्नुहोस् । एक्लो सन्तानका लागि पनि भविष्यमा कोही आफन्त त्यसमा पनि भाइ वा बहिनी हुनु कतिको महत्त्वपूर्ण हुन्छ भन्ने कुरामा छलफल गनुहोस् । सन्तान एकलकाँटे नहुने र त्यसको फाइदाका कुरा पनि छलफलमा ल्याउनुहोस् ।

अर्को महत्त्वपूर्ण कुरा के हो भने साझा सोच विकसित गर्न 'मेरो गोरुको बाह्रै टक्का' को कुरा छोडेर दुवैले केही लचिलो हुनु आवश्यक छ । दुवैले आफ्नो हठ छोडेर अघि बढे समाधान निस्कन्छ । यदि श्रीमान् अहिले विचार परिवर्तन गर्ने सोचमा हुनुहुन्न भने तपाईंले केही समय पर्खन सक्नुहुन्छ । पछि ठीक समय मिलाएर कुरा गर्न सकिन्छ, किनभने समयसँगै उहाँको सोचमा परिवर्तन आउन सक्छ ।


भर्ना खुल्यो भर्ना खुल्यो — जिल्ला शिक्षा कार्यालय बाट मान्यता प्राप्त
प्राईभेट TEST/SLC 2067
दक्ष तथा अनुभवी शिक्षकहरु द्वारा उत्कृष्ट अध्यापन गराई सर्वोत्कृष्ट नतिजा ल्याउन सफल यस
TIME INSTITUTE
Technical information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156, 4240082 (Right Side to P.K. Campus)
माध्यम अंग्रेजी/नेपाली
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाडै सम्पर्क गर्नुहोला ।
पुनश्चः कलाकारीता, राजनीति तथा अन्य रोजगारी पेशामा लागि पढ्न छुटाएका बिद्यार्थीहरुका लागि बिशेष कक्षाको समेत व्यवस्था गरिएको छ ।

नयाँ भर्ना खुल्यो
प्राइभेट Test/SLC 2067
(साथै कक्षा ५, ६, ७ र ८ मा समेत भर्ना लिइन्छ ।)
हाम्रा विशेषताहरु :
√ दक्ष तथा अनुभवी शिक्षक/शिक्षिका द्वारा पठनपाठन गराइने
√ अंग्रेजी र नेपाली दुबै माध्यमवाट अध्यापन गराइने
√ एजुकेशनल रिहाव विधिवाट अध्यापन गराइने
√ गरिव तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यावस्था
√ कक्षा सञ्चालन हुने समय : विहान, दिउँसो र वेलुका
SEA PUBLIC OPEN SCHOOL(ACADEMY)
लेखनाथमार्ग, ठमेल, काठमाण्डौ
PH. : 01-4417704
01-4420537
(विगत १२ वर्षदेखि विद्यार्थी सेवामा समर्पित)

सौन्दर्यका सामान
○ Height बढाउने (Yoko Japanese) - 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
○ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134

The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu

ब्युटीसियन कोर्स
निःशुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त ।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स ।
• रोजगारीको ग्यारेण्टी ।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने ।
• विदेश जानेहरूको लागि Special Class
SLC दिएर बसेकाहरुलाई विशेष छुट ।
कोर्सः बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४९१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौ

यौनबर्द्धक
अचुक/ग्यारेण्टेड हर्बल भिटामिन
Herbal Levitra
A Quality Product of Germany
जगाउँछ नशा नशामा जोस र शक्ति दिन्छ Xtra Time र अधिक सन्तुष्टि
(नक्कली देखि सजग)
शीघ्रपतनका लागि Dr. Power Gel
मोटोपना घटाउन/तौल बढाउन
जाँड-रक्सीको कुलत छुटाउन
स्तन बढाउन घटाउन र टाईट गर्न
Cash Guaranteed Result
4672065, 9851034690
2084130, पुर्वाञ्चलः 9852678220
चितवनः 9845163597

New Year 2067 Discount Offer 30% to 60% Boom Offer
Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिइने सामानहरू पाईन्छ ।
शक्ति सम्बृद्धिको लागि हर समस्या, हर रोगबाट छुटकारा दिलाउने नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ । साथमा चुरोट, जाडँ, रक्सीको नशाबाट छुटकारा दिलाइन्छ ।
Counselling for 9808503540
कपाल उमार्ने तेल
Male & Female SEX PROBLEM ?
यौन उत्तेजना नहुने महिलाहरुका लागि यौन सन्तुष्टि दिने – भाइब्रेसन बा बा
Health & Physical Problem ?
100% Sliming & Good Looking को लागि हर्बल पद्धती एक महिनामा १५ के.जी मोटोपन घटाउने, हाईट बढाउने १ महिनामा १५० से.मी. देखि १८० से.मी., अनुहारको समस्याहरु चायाँ पोतो, दाग र अनुहार उज्यालो गोरोबनाउने, गुमेको सुन्दरता फिर्ता, चाउरीपन हटाउने, पेठको धर्सा मेटाउने, स्लीम, हिप थाई, पेट १ दिनमा नै ५ ईन्च कम हुने मोटाउने औषधि १ महिनामा १० देखि १२ केजी बढाउने । १० वर्ष उमेर कम देखाउने योङ बनाउने ।
स्तन, गुप्ताङ्ग टाईट एक दम फिट 100 % ग्यारेण्टी
Handsome Up लिङ्कको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
कोरियन स्प्रे एण्ड सेक्स पावर जेल रु. २१०० ।-
योको हाईट 180 cm सम्म Height बढाउन
Japanes Oil 300/-
100% Guarened 100% Naturaly No Side Effect
पहिले ९० के.जी. 51 cm BEFORE
अहिले 35 cm (मात्र केहि दिनमा) AFTER
होम डेलिभरी ९८४१०३०७३४
हट लाइन ०१-४३५४९८५ ९७२१५२६१३५
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु २४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ ।
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro मोटोपना घटाउने
- Exercise सामानहरु १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)

# कामदारदेखि मालिकसम्म

● विदुर खतिवडा

उनी घरबाट फुत्त निस्किए, लगाएको एक जोर कपडाबाहेक साथमा केही थिएन। गरेर देखाउँछु भनेर लिएको ईखले उनलाई घर छोड्न प्रेरित गरे पनि अगाडिको यात्रा उनका निम्ति सगरमाथा चढ्नुभन्दा चुनौतीपूर्ण थियो। सम्पन्न पृष्ठभूमिका उनी घर छोड्दा मात्र १५ वर्षका थिए। त्यसयता उनी छोडेको घरमा सहायताको झोली थाप्न गएका छैनन्, बरु उल्टै घरका निम्ति मैले गर्नुपर्छ भन्ने कर्तव्यबोध उनमा छ।

यो कथा हो, ३५ वर्षीय केशव पाण्डेको। धादिङको बेनिघाटमा जन्मिएका पाण्डे सानै उमेरमा चितवनको बछ्यौली पुगेका थिए। बेनिघाटमै अध्ययन प्रारम्भ गरे पनि बछ्यौलीमा उनले सुरुबाटै अध्ययन गरे। बछ्यौलीस्थित झुवानी माध्यमिक विद्यालयमा अध्ययन गर्दागर्दै उनी परिवारबाट विद्रोह गरेर हिँडेका थिए।

तीन दाजुभाइमध्ये जेठा केशवको परिवारको पहिचान त्यसबेला पनि राम्रै थियो। पर्याप्त जग्गाजमिन, त्यसमाथि व्यावसायिक आधार पनि भएको उक्त परिवारको सदस्यले त्यसबेला गरेको विद्रोह र अहिले पाएको सफलता हेर्दा चलचित्रको नाटकीय कथाको सम्झना आउँछ।

चितवन सौराहास्थित सनसेट लजका सञ्चालक एकराज पाण्डेका छोरा केशवको कथा उधिन्नुपूर्व बाबु एकराजकै कथा जोड्नु सान्दर्भिक हुन्छ। पाण्डे परिवारका एकराज केही गर्ने उद्देश्यका साथ चितवन झरेका थिए। ०३२ सालतिर तराई झरेका एकराजले जग्गा-जमिन जोडेपछि चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा साथीहरूसँग मिलेर सनसेट लज खोल्ने निर्णय गरे, तर सञ्चालनमा आएको पहिलो दिनमै राप्ती खोलाले उक्त लजलाई बगायो। त्यसपछि नयाँ जमिन पाँच वर्षका लागि लिजमा लिएर फेरि सञ्चालनमा ल्याइयो।

विस्तारै विकास भैरहेको तत्कालीन सौराहामा खेती-किसानी, व्यवसायका अतिरिक्त अन्य क्रियाकलापमा पनि सक्रिय एकराज पाण्डेले छिट्टै प्रतिष्ठा कमाए। एकराज पाण्डेकै छोराका रूपमा नवाब शैलीमा केशव पनि चितवन पुगेका थिए, तर केशवको त्यो रवाफ लामो समयसम्म टिक्न पाएन। यसबीच उक्साहटमा परेर एकराजले दोस्रो विवाह गरे। 'आमा पहाडमा हुनुहुन्थ्यो,' केशवले तत्कालीन परिवेशलाई सम्झँदै भने- 'पहाडकी साधारण महिला तिम्री श्रीमती ? भनेर कसैले उक्साइदिएको भरमा उहाँले दोस्रो विवाह गर्नुभयो। पैसाले मदमस्त भएको बेला एक प्रकारको घमन्ड सिर्जना भएकै कारण उहाँले विवाह गर्नुभएको थियो।'

दोस्रो विवाह गरेपछि पनि उनी तीन वर्ष बुबासँगै बसेँ, तर विवाहपछि उनी साधारण स्वरूपमा आए। बुबाको माया पाउन छोडेका केशव घरायसी काममा बढी व्यस्त हुन थाले। 'दोस्रो विवाह गरेपछि मलाई बुबाले पनि वास्ता गर्न छोड्नुभयो,' उनी भन्छन्- 'एकातर्फ कामको लोडले गर्दा मेरो पढाइ बिग्रँदै गएको थियो भने अर्कातर्फ एक्कासि बुबाले माया गर्न छाडेपछि दिनदिनै पिल्सिएको अनुभव हुन थाल्यो।'

पाँच वर्ष लज चलाएपछि बुबा एकराज पर्यटन व्यवसायबाट अलग्गिए। व्यवसायबाट कमाएको पैसा मोजमस्तीमै सकेपछि बाँकी पार्टनरलाई रिसोर्ट जिम्मा लगाएर उनी खेती-व्यवसायमै फर्किए। एकातर्फ बाबुले पर्यटन व्यवसाय छोड्नु अर्कातर्फ दिनहुँको तनाव झेल्नुले केशवमा आफैं केही गर्ने ईख पलाएको थियो।

घरबाट निस्किएपछि उनी काम खोज्ने क्रममा सन् १९८९ मा सनसेट लजमा पुगे, जहाँ भर्खरै बुबाले आफ्नो हात झिकेका थिए। पार्टनरको छोरो काम माग्न आइपुग्दा बाका पार्टनरले घर फर्कने सल्लाह दिए। 'काम दिने भए दिनुहोस् नत्र म अन्यत्र काम खोज्छु तर घर फर्कन्न भनेपछि उहाँहरूले काम दिनुभयो,' केशवले भने- 'तर बुबासँग यही कारणले विद्रोह भयो, उहाँले मालिक भएर काम गरेको ठाउँमा छोरो नोकर हुन जानुलाई प्रतिष्ठाको विषय बनाएर मप्रति नकारात्मक दृष्टिकोण राख्नुभयो।'

काम गर्ने सन्दर्भमा मालिक वा कामदार भन्ने कुराले महत्त्व राख्दैन भन्ने विचारलाई प्राथमिकता दिँदै उनी मासिक १ सय ५० रुपैयाँको जागिर खान तयार भएका थिए। ५ वर्षको लिज अवधि सकिएपछि सनसेट लज साइलेन्ट सफारी रिसोर्टमा परिवर्तन हुँदै केही पर सऱ्यो। उनी रेस्टुराँको सिटी गाइड पदमा रहेर टुरिष्टलाई पिक-अप ड्रप गर्ने काममा व्यस्त रहे। लजभित्रको सम्पूर्ण कामदेखि टुरिस्टलाई घुमाउनेसम्मका सबै काममा उनी फिट भए।

सन् १९९३ सम्म उनले साइलेन्ट सफारीमा काम गरे। यसक्रममा १ सय ५० रुपैयाँदेखि ३ सय, ५ सय, ७ सय, १ हजार हुँदै १ हजार ५ सय रुपैयाँ मासिक तलब थाप्न थालिसकेका केशवलाई सन् १९९३ मा एक जना विदेशीले नयाँ जागिरको प्रस्ताव राखे। 'मेरो पर्फर्मेन्स देखेर नै उनले काठमाडौंमा रहेर ट्राभल म्यानेजमेन्टको काम हेर्न नेदरल्यान्डको हिमालयन शेर्पा टुर अपरेटर कम्पनीका लागि जागिरको प्रस्ताव गरिएको थियो,' केशवले भने- 'प्रत्येक वर्ष १ हजार पर्यटक बढाउने सर्तमा मासिक ६ हजारको जागिर पाउने भएपछि सौराहा छोड्दै मैले उक्त काम गर्ने निर्णय गरेँ।'

एक वर्ष काम गरेपछि उनलाई त्यो काम मनपरेन, त्यसपछि त्यही कम्पनीमा टुर लिडरको काम मागेर उनी गाइडको काम गर्न थाले। यसक्रममा नेपालका विभिन्न पर्यटकीय स्थलमा पर्यटकलाई घुमाउन व्यस्त भए। नेपालका सबै पर्यटकीय स्थलका अतिरिक्त दक्षिण एसियाका विभिन्न मुलुकमा उनले गाइड भएर यात्रा गरे। भारतको दार्जीलिङ, दिल्ली, नर्थ इन्डिया, पाकिस्तानमा शाखा कार्यालय रहेको उक्त कम्पनीका ती शाखामा प्रमुखमा रहेर पनि उनले काम गरे। सन् २००० मा हिमालयन शेर्पा कम्पनी बन्द भयो। यसबीच उनी मासिक १६ हजार रुपैयाँसम्म कमाउने भैसकेका थिए। हिमालयन शेर्पामा कार्यरत रहेकै बेला उनले अध्ययनलाई पनि अघि बढाएका थिए। उनले भारतको दिल्लीबाट होटल म्यानेजमेन्ट तथा ट्राभल एन्ड टुरिज्म विषयमा तीनमहिने, छमहिने र एकवर्षे विशेष प्रोफेसनल शिक्षा लिए। केशव भन्छन्- 'यसरी लिएको प्रोफेसनल शिक्षाले मलाई कामप्रति थप जिम्मेवार बनायो।'

२५ वर्षे लक्का जवान उमेरमा उनले सन् २००० मै तनहुँकी सुमित्रा घिमिरेसँग लगनगाँठो कसे। हिमालयन शेर्पाअन्तर्गत विभिन्न स्थानमा रहेर कार्यरत रहे पनि उनको मन सौराहामै थियो। त्यसैले सन् १९९७ मा उनी कुनै बेला आफैंले काम गरेको साइलेन्ट सफारीमा लगानी गर्न सफल भए। जागिरका क्रममा बचत गरेको केही रकमका अतिरिक्त एकजना सहृदयी व्यक्तिले ऋणस्वरूप दिएको रकम लिएर साइलेन्ट सफारीमा उनी तेस्रो पार्टनरका रूपमा प्रवेश गरे। केशवले भने- 'कुनै बेला सनसेटमा काम गरेका हामी दुई कर्मचारी राजेन्द्र थापा र म त्यहाँ व्यावसायिक साझेदारका रूपमा छिरेका हौं।' उनीहरू प्रवेश भएपछि साइलेन्ट सफारी युनिक वाइल्ड रिसोर्टमा परिवर्तन भयो।

सन् ९७ मा युनिक वाइल्ड रिसोर्टमा प्रवेश गरे पनि तीन वर्षसम्म जागिरलाई निरन्तरता दिए, तर हिमालयन शेर्पा बन्द भएपछि उक्त कम्पनीमा हासिल गरेको सात वर्षको अनुभवलाई आधार बनाउँदै त्यहीं काम गर्ने साथीहरूसँग मिलेर उनले माउन्टेन लिडर्स ट्रेकिङ एजेन्सी सञ्चालनमा ल्याए। 'हिमालयन शेर्पाको जहाँ-जहाँ अपरेशन थियो, त्यही-त्यही स्थानमा हामीले काम गऱ्यौं,' केशवका अनुसार उक्त कम्पनीले पनि सफलता पाउँदै गयो।

## ● सफलताको कथा ●

त्यसपछि आफैंसँग काम गर्ने भाइहरूले संचालनमा ल्याएको ट्राभल एजेन्सी 'फलाइट कनेक्सन'मा पनि उनले सहयोग गर्दै आएका छन्। यसबाहेक अन्य व्यावसायिक क्षेत्रमा पनि लगानी गरेका केशव यतिखेर सबै व्यवसायबाट सफलता पाउँदै गएपछि अन्य महत्त्वाकांक्षी योजना बुन्न तल्लीन छन्। केशवले हाल विभिन्न व्यवसायमा गरेर ५० जनालाई रोजगार दिएका छन्। केशव यति मानिसलाई रोजगार दिन समर्थ भएकोमा खुसी व्यक्त गर्छन्।

केशवले अहिले पाएको सफलता हेर्दा सबै वातावरण मिले जो-कसैले मानिसले उनको जस्तो सफलता पाइहाल्छन् भनेर अनुमान गर्न सकिन्छ, तर वास्तविकता त्यस्तो छैन। कुनै बेला बाबुले सञ्चालन गरेर उनले हात धोएको व्यवसायमा छोरो कामदारका रूपमा छिरेर हाल त्यही व्यवसायको मालिक बन्ने उनको यात्रामा थुप्रै कठिनाइ पनि सिर्जना भएका थिए। पाण्डेका अनुसार सशस्त्र संघर्ष चलिरहेको समयमा उनी यति संकटमा परेका थिए कि, सबै व्यवसाय छोडेर विदेश जानुपर्ने अवस्था बनिसकेको थियो। 'कौडीको मूल्यमा रिसोर्ट बेचेर हिंड्नुपर्ने अवस्थामा पनि सम्हालिएर व्यवसायलाई निरन्तरता दिएँ,' पाण्डे भन्छन्- 'एक दर्जन युरोपेली राष्ट्र भ्रमणका क्रममा धेरै पटक त्यहाँका साथीहरूले यतै बस भन्दा पनि नेपालमै केही गर्छु भन्ने भावनाका कारण फर्किएको थिएँ।'

### अबका योजना

चितवनको शक्तिखोरस्थित शक्तिखोर भिलेज रिसोर्ट सञ्चालनमा ल्याउन एक बिघा जमिन खरिद गरिसकेका केशव सौराहापछि शक्तिखोरमार्फत पर्यटकलाई चितवनको सुन्दरता परख गराउने योजनाका साथ अघि बढेका छन्। शक्तिखोर नै किन नि ? उनले भने- 'सनराइज हेर्न शक्तिखोरबाट एक दिनको ट्रेकिङ रुटबाट पुगिने सिराइचुली भक्तपुरको नगरकोटभन्दा आकर्षक छ। त्यतिमात्र होइन, सिराइचुली पुग्दा पर्यटकले सेता हिमालका दृश्यसँगै सम्पूर्ण चितवन देख्न पाउँछन्।' यस्तै ऐतिहासिक महत्त्वको उपर्दाङगढी, विशिष्ट चेपाङ संस्कृति, पहाडबाट उर्लीउर्ली झर्ने कञ्चन झरनाको दृश्य हेर्न पाइने यो स्थानमा उनले पहिलो रिसोर्ट खोल्न लागेका हुन्। चेपाङ हिल ट्र्याकका रूपमा शक्तिखोरलाई नयाँ पर्यटकीय गन्तव्य बनाउने उनको उद्देश्य छ।

सौराहामा अझ बृहत् स्वरूपमा काम गर्ने उद्देश्य राखेर नै भाइहरूको नेतृत्वमा अर्को रिसोर्ट खोल्ने योजना पनि उनको छ। उनका एक भाइ युनिक वाइल्ड रिसोर्टमै व्यस्त छन् भने अर्का भाइ हाल अमेरिकामा अध्ययनरत छन्। आमासहितको आफ्नो परिवारलाई इच्छाएको कुरा सहजै पूर्ति गर्न सक्ने सामर्थ्य राख्ने यी युवा काम गर्ने सन्दर्भमा आजसम्म थकाइ भन्ने शब्द उच्चारण गर्नु नपरेकोमा गर्व अनुभूति गर्छन्। भाइहरूका निम्ति दाजु र पिता दुवैको भूमिकामा रहेर उनीहरूको क्यारियर विकासमा मद्दत गरिरहेका केशव परिवारको नेतृत्व गर्दै परिवार सम्हाल्न सकेकोमा पनि खुसी व्यक्त गर्छन्।

### समाजसेवा

सानोमै घर छोडेर संघर्ष गर्नुपरेकाले चाहेजस्तो शैक्षिक योग्यता हासिल गर्न नसकेका कारण अरू कसैले शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शिक्षाकै क्षेत्रमा काम गर्ने उद्देश्य राखेर २०५४ सालमा जापानी सहयोगीहरूसँग मिलेर उनले नेपाल सहयोग संघको स्थापना गरे। यो संस्थाले आधा दर्जनभन्दा बढी सरकारी विद्यालयको भवन निर्माण गऱ्यो। यस्तै नेदरल्यान्ड ओरल हेल्थ सोसाइटीको सहयोग उनको नेतृत्वमा स्थापना भएको सामुदायिक सहयोग केन्द्र नेपालले हालसम्म तीन दर्जन स्थानमा डेन्टल शिविर सञ्चालन गरिसकेको छ, जसबाट ५० हजारभन्दा बढी नागरिक लाभान्वित भैसकेका छन्। लायन्स क्लबअन्तर्गत विभिन्न सेवामूलक कार्य गर्दै क्याबिनेट मेम्बरसमेत भैसकेका केशव सामुदायिक सहयोग केन्द्रका फाउन्डर प्रेसिडेन्ट हुन्। भोलन्टियर टुरिज्मलाई प्रबर्द्धन गर्ने तथा नेपालका ग्रामीण क्षेत्रका जनतालाई आधारभूत कुरामा सेवा गर्ने उद्देश्य राखेको बताउने पाण्डे नेदरल्यान्डकै महिलाका लागि महिला तथा अन्य थुप्रै सहयोगी संस्थाका नेपाल प्रतिनिधि पनि हुन्। केशव विदेशी मित्रहरूकै सहयोगमा चितवनमा स्वास्थ्य केन्द्र निर्माण र एम्बुलेन्स सेवा सञ्चालन गर्ने योजनामा छन्। केन्द्रमार्फत नै उनले ३० जना बालिकालाई निःशुल्क छात्रवृत्ति, लघुउद्यमअन्तर्गत महिलाहरूको आयआर्जनको बाटो खोल्न बाख्रा पालन, वन्यजन्तु तथा प्रकृति संरक्षणका लागि विभिन्न सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएका छन्। नेपाल ट्रेकिङ एसोसिएसन टानका केन्द्रीय सदस्य रहिसकेका केशवले सौराहाको पर्यटन व्यवसायलाई उकास्न त्यहाँ महोत्सव आयोजना गर्नेदेखि अन्य कार्यक्रमका लागि पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्।



## सफलताको सूत्र

- मैले व्यवसाय संचालन गरेको १२ वर्ष भयो, यो क्रममा सुरुवातदेखि काम गरिरहेका मेरा सहकर्मी (कर्मचारी) हरूले अहिलेसम्म पनि मलाई साथ दिँदै आउनुभएको छ, मैले साथीको जस्तो व्यवहार गरेकाले पनि उहाँहरूले आफ्नै व्यवसाय सम्झेर मलाई साथ दिनुभएको हो।
- अर्को कुरा, मेरो व्यवसायमा कार्यरत साथीहरूलाई आपत-विपद वा गाह्रो पर्दा कसैसँग हात फैलाउनु नपरोस भनेर म सचेत छु, उहाँहरूप्रति मेरो दायित्व छ, भन्ने भावनाका कारण पनि मैले आजसम्म कर्मचारीको सहयोग पाएको हुँ।
- मेरो पारिवारिक पृष्ठभूमिले मलाई सफल मानिस बन्नेतर्फ सधैं घचघच्याइरह्यो। सानैमा जिम्मेवार बनेर दायित्वबोध गर्न सक्नुले पनि आज यो सफलता पाएको हुँ।
- मैले सानैमा करियर विकासका लागि कुन क्षेत्र रोज्ने भनेर सही निर्णय गरेको रहेछु, आफ्ना लागि आफैंले गर्नुपर्छ भन्ने भावनाका कारण पनि मैले संघर्ष गरिरहेँ।
- परिश्रम, लगनशीलता र प्रतिबद्धताका कारण म सफल भएको हुँ। मैले आजसम्म परिवार वा आफन्तसँग एक रुपैयाँ लिएको छैन, जति गरेँ आफ्नै बलमा गरेँ, जसले मलाई सन्तुष्टि दिन्छ। मैले गरेर देखाएँ, साथै परिवारलाई पनि सम्हालेँ।
- मैले सधैं कामलाई प्राथमिकता दिएको छु, अहिले पनि कुचो लगाउनेदेखि अम्लेट बनाउनेसम्म सबै काम कर्मचारी साथीहरू जत्तिकै आफैं गर्छु। मैले यो काम गर्ने यो नगर्ने भन्ने हुँदैन।
- एकपटक नेदरल्यान्डमा ट्रेनिङका लागि फेलोसिप पाएँ, जसले मलाई त्यो सुविधा दिएका थिए, उनी आफ्नो व्यवसायका लागि सबै काम आफैं गर्थे। मैले त्यो घटनाबाट राम्रो शिक्षा पाएँ, मलाई भाडा मोल्ने काम पनि असजिलो लाग्दैन। म आफू कामको सन्दर्भमा जति लगनशील छु, अरू पनि त्यत्तिकै जिम्मेवार हुनुपर्छ जस्तो लाग्छ।



# एसएलसीपछि नयाँ ठाउँको भ्रमण

एसएलसी दिएर बसेका विद्यार्थीहरूको दैनिकी फरक-फरक छ । कतिपय विद्यार्थी उच्च भविष्य प्राप्त गर्न र भविष्यमा अध्ययन गर्ने विषयमा टेवा पुगोस् भनेर ब्रिजकोर्सको अध्ययनमा लागेका छन् भने कोही आफ्नो अभिरुचिको विषयमा तालिममा व्यस्त छन् । यी औपचारिक तालिम र कोर्सबाट बाहिरिएर एकथरी विद्यार्थीले नयाँ ठाउँको भ्रमणलाई महत्त्व दिएको पाइन्छ । एसएलसीपछिको समय बिताउने विभिन्न उपाय हुँदाहुँदै हिजोआजका तन्नेरीहरूले नयाँ ठाउँको भ्रमण एवं ती ठाउँका बारेमा जानकारी लिने रुचि देखाएको पाइन्छ । साथीहरू भेला भएर सुन्दरीजल, गोदावरी, पुष्पलाल पार्क, नगरकोट र पनौतीजस्ता पर्यटकीय स्थलमा भ्रमण गर्ने यी तन्नेरीहरूको भ्रमणका सम्बन्धमा आ-आफ्नै तर्क छ ।

सेन्टमेरिजबाट एसएलसी दिएर बसेकी कीर्तिपुरनिवासी आइरिश डंगोलको टिप्पणी छ– 'एसएलसीपछिको यो समय पूर्णतया स्वतन्त्र समय हो । तेह्र वर्ष लामो अध्ययनको तनावलाई यस्तो भ्रमणले बिर्सोउँछ । साथीहरूबीच घनिष्ठता बढाउन पनि यस्तो कार्यक्रम आवश्यक छ । यस्तो भ्रमणको फाइदा के हो त भनी सोधिएको प्रश्नमा उनी मुस्कुराउँदै जवाफ दिन्छिन्– 'पर्यटन व्यवसाय मेरो लक्ष्य हो । पर्यटकीय स्थलको जानकारी भोलि मेरो व्यवसायमा पनि सहायक हुनसक्छ ।'

डंगोल मात्र होइनन्, उनीसँगै आएका अरू साथीहरूले पनि यस्ता भ्रमणका सम्बन्धमा यस्तै-यस्तै तर्क गरेको पाइन्छ । आइडल सेकेन्डरी विद्यालयबाट यो वर्ष एसएलसी दिएकी रोसलिना महर्जन पनि यस्तो भ्रमणबाट नयाँ-नयाँ जानकारी पाइने र त्यस्तो जानकारीले भोलिका दिनमा थुप्रै लाभ उठाउन सकिने बताउँछिन् । एसएलसी बिदाको एक महिने फुर्सदको उपयोगका सन्दर्भमा महर्जन भन्छिन्– बिदाका बेला मैले विभिन्न नर्सरीमा गएर वनस्पति र फूलहरूका बारेमा जानकारी लिएको छु । यसले जीवविज्ञानप्रतिको मेरो उत्सुकता अझ बढाएको छ । यस्तो अनौपचारिक भ्रमणले कुनै औपचारिक तालिम गुमाएकोमा पछुताउ छ कि छैन भन्ने प्रश्नमा उनीहरूले सामूहिक जवाफ दिए– फूलहरूको विश्वविद्यालयमा फूललाई नजिकबाट चिन्नु के कुनै औपचारिक तालिम भन्दा कम हो र ?

एसएलसी दिएर बसेका अरू हजारौं विद्यार्थी गोदावरी, सुन्दरीजल, पुष्पलाल पार्क, पनौती, नगरकोटजस्ता पर्यटकीय स्थलमा यत्रतत्र देखिन्छन् । यस्तो भ्रमणले फुर्सदको सदुपयोग मात्र हुँदैन । नयाँ-नयाँ ठाउँको जानकारी, फुर्सदको सदुपयोग, साथीहरूबीच घनिष्ठता, शारीरिक तथा मानसिक तन्दुरुस्ती यस्ता भ्रमणका लाभ हुन् ।

'जहाँ-जहाँ यो अवधिमा मेला लाग्छ, हामी त्यहाँ-त्यहाँ जान्छौं,' कीर्तिपुरको मच्छेगाउँमा लागेको पुरुषोत्तम मेला भर्न आएका भक्तपुरका एक हँल विद्यार्थीले बताए । यस्तो भ्रमणले आफ्नो संस्कृतिप्रतिको ज्ञान र अभिरुचि बढाएको उनीहरू बताउँछन् ।

हिजोजस्तो एसएलसीपछिको समय घरकै चार भित्तामा गुजार्ने विद्यार्थीहरूको दैनिकीमा परिवर्तन आएको छ । बाहिरी संसार नियाल्ने र ज्ञान लिने यो नयाँ शैली ज्ञानमूलक पनि छ । यसले ज्ञानको दायरा बढाउनुका साथै जीवनजगत्को दृष्टिकोणमा पनि परिवर्तन ल्याउँछ । छोराछोरीले एसएलसीपछि देखाएको यस्तो रुचिमा अभिभावकले पनि सकारात्मक भूमिका निर्वाह गर्नुपर्छ । उनीहरू प्रकृतिमा त्यत्तिकै हराएका छैनन्, प्रकृतिबाट धेरै चीज बोकेर फर्किरहेका छन् ।

**प्रेमकृष्ण श्रेष्ठ**

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम जेठ ४ गते देखि शुरू हुंदैछ । भर्ना खुल्यो ।

| | |
|---|---|
| ● कण्टिनेण्टल कूकिङ्ग | बिहान ११:०० बजे |
| ● बेकरी | दिउँसो १२:३० बजे |
| ● चाईनिज कूकिङ्ग | दिउँसो २:०० बजे |

जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल– रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१ / ९८४००५१३६५

उद्घोषणा
VJ/RJ/MC /Radio Technician
Personality Devlopment Public Speaking
एक्सिस मिडिया नै किन ?
Since 2060
- विगत ६ बर्षदेखि निरन्तर सञ्चारजगत ट्रेनिङ्ग दिदै आएको
- सयौ भन्दा बढि प्रशिक्षार्थी मिडियामा काम गर्न सफल
- आफनै Digital Practical Studio भएको
- चर्चित सञ्चारकर्मी बाट प्रशिक्षण दिईने
प्रशिक्षकहरू
कुशुम ब्रजाचार्य, राज श्रेष्ठ
नरेश भट्टराई, भुवन भट्ट, सुभ
सन्जय बराल, रुपेश श्रेष्ठ, सुष्मा के.सी.
पारस, विनोद खड्का, दिनेश दुलाल
अन्य थुप्रै चर्चित R.J/V.J हरु
Rs. 1000/- Discount
AXIS Media
Bagbazar, Kathmandu,
Phone :– 01-4238334, 9721331656
www.axis media.com.np

Language & Computer
English: Elementary, Intermediate, Advanced & Special Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/ interactive method..)
Japanese/ Korean/German/Chinese
French/ Spanish/ Italian.. classes
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Computer: Basic/Advanced/Accnt./Graphic..
Special Discount for SLC appeared Students!
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Easy Way
Prem Swoveet's best language books with Audio /Video DVDs for elementary/ Intermediate & Advanced levels are coming soon!
Upto date Essays for TOEFL/IELTS 201 Essays Rs.188/-
Face to Face Language Videos Price: Rs. 160/-
Boost Vocabulary Enhance word power Basic to Advanced Price: 50 & 60/-
-OLC's Publications, ph. 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet! Other so called OLC don't belong to us!)

जि.शि.का. तथा EIA नेपालबाट मान्यताप्राप्त
प्राईभेट टेष्ट/SLC 2067
को लागि कक्षा १० मा नयाँ भर्ना खुल्यो
भर्खरै कक्षा ९, १० वा टेष्ट SLC फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसक्केका विद्यार्थीहरुका लागि धमाधम भर्ना लिइदैछ ।
◆ ६ महिनामै +2 र SLC
◆ Math/Science र Test नदिइकन SLC
◆ TU/KU/ विश्वभरी मान्यता प्राप्त (NIOS Board)
चावहिल — Bright Future — Ph: 4463073, 9851002804
कालीमाटी — Merit Academy — Ph: 4285664

प्राइभेट
टेष्ट/SLC - 2067
भर्ना खुल्यो
◆ भर्खरै कक्षा ९ तथा टेष्टमा फेल भएर निराश भएका
◆ कक्षा ८, ९ र १० पास गरी विविध समस्याले पढाई रोकिएका
◆ उमेर नाघेका र जागीर गर्दै अध्ययन गर्न चाहने विद्यार्थीहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
Medium: Nepali/English
Shift: Morning/Day
६ महिनामै +2 र SLC (NIOS Board)
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
चावहिल — Pascal Institute — Ph: 4478483 — चावहिल चोकबाट १५ मि. अगाडी गणेशस्थान जाने बाटो
भोटाहिटी — Kathmandu Multiple Institute — Phone No. 4232203 — राष्ट्रिय वाणिज्य बैंकको ठीक अगाडि

SLC 067
को लागि साथै कक्षा ६, ७, ८ र १० मा
भर्ना खुल्यो
कक्षा ४,५,६,७ वा ८ पास गरी स्कुल जान नसकेका, कक्षा ९, Test वा SLC फेल भई स्कुल छाडेका वा स्कुल जाने उमेर नाघेका र जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुलाई
अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
- अंग्रेजी र नेपाली दुवै भाषामा पढाईन्छ ।
- SLC दिने विद्यार्थीहरुले कक्षा १० को मात्र पाठ्यवस्तु पढे पुग्ने ।
- बारम्बार फेल भई निराश भएका र पढाई छाडि बसेकाहरुको लागि विशेष कक्षाको व्यवस्था गरी मनोवैज्ञानिक तरिकाले पढाइने।
- होस्टेल तथा यातायातको समेत व्यवस्था छ ।
- कक्षा समयः बिहान र बेलुका ।
- नियमित स्कुल आउन नसक्नेहरुको लागि खुला सिकाईको व्यवस्था ।
- जुन कक्षामा विद्यार्थी भर्ना हुने हो त्यसभन्दा २ कक्षा तलको कक्षा उत्तीर्ण गरेको प्रमाण पत्र पेश गरे पुग्ने ।
Students' Open Learning Academy
द्वारा सञ्चालित तथा जि.शि.का. बाट अनुमति प्राप्त
Students' Coaching & Tutorial Academy
भाटभटेनी चोक (सिजापति शालिक संगै), PHONE: 4415244

Wanted
बहुराष्ट्रिय Public Company को लागि कर्मचारी आवश्यकता
संख्याः 10 Gents & 10 Ladies
तलबः 10500
योग्यताः Test/SLC Above
Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोटः SLC दिएर बसेकाहरुलाई पनि सुवर्ण अवसर

सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगानाः फोन नं.: ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं

ब्युटिसियन तालिममा निशुल्क भर्ना
नेपाल सरकारबाट स्वीकृत प्राप्त विगत ९ वर्षदेखि सञ्चालित वरिष्ठ ब्युटिसियनहरुद्वारा अत्याधुनिक मेशिनहरूबाट थेउरी प्राक्टिकल दुवै माध्यमबाट छोटो समयमै ग्यारेन्टीका साथ
बेसिक, एडभान्स, स्पेसल सर्ट, स्पेसल डिप्लोमा र टिचर ट्रेनिङ्ग कोर्षमा धमाधम भर्ना लिईदै छ ।
आजै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।
नोट S.L.C दिई बसेका छात्राहरुलाई विशेष ग्राहयता
ईमेज ITC ब्युटिसियन प्रशिक्षण केन्द्र
नारायणगोपाल चोक, चक्रपथ
फोन :- 2150731, 4720323

तु : आवश्यकता
International Organization लाई केही थप कर्मचारी आवश्यकता ।
योग्यता- S.L.c. or + 2 Above
सङ्ख्या- 9 Gents & Ladies
तलब -10,500/ + Saving Fund
URI — 9841680647, 9841574773 (होस्टेलको सुविधा भएको) नयाँ ठिमी, शंखधर चोक, भक्तपुर
USI — 9803437476, 9849195511 सानेपा, ललितपुर
नोट : बुझ्न आउँदा Document अनिवार्य हुनुपर्ने।

प्राईभेट Test/S.L.C. २०६७ मा भर्ना खुल्यो ।
Free Computer Tuition
# कक्षा ८ पास ९,१०, Test/SL.C. फेल भएर चिन्तित हुनुहुन्छ ?
# विगत ८ वर्ष देखिको अनुभवमा
# दक्ष तथा अनुभवी शिक्षकद्धारा पढाईने,
# उत्कृष्ठलाई छात्रवृती,
# उमेर नाघेका जसले पनि पढ्न सक्ने,
# विहान, दिउँसो र वेलुकाको कक्षा,
माध्यम अंग्रजी र नेपाली
Kings Academy
Koteshwor-35
Ph.: 01-4600245
Mob; 9849489453

# एएफसी प्रेसिडेन्ट्स कप

## प्रत्येक खेल फाइनल



तस्बिर : सुन्दर श्रेष्ठ



**प्रेसिडेन्ट्स कपमा नेपाली क्लब**

| वर्ष | क्लब | नतिजा/यात्रा |
|---|---|---|
| सन् २००५ | नबिल थ्रीस्टार | सेमिफाइनल |
| सन् २००६ | मनाङ-मर्स्याङदी | समूह चरण |
| सन् २००५ | नेपाल पुलिस | फाइनल |
| सन् २००५ | नेपाल पुलिस | सेमिफाइनल |
| सन् २००५ | नेपाल पुलिस | समूह चरण |

**प्रेसिडेन्ट्स कपका विजेता**

| | |
|---|---|
| सन् २००५ | रेगर ताडाज, ताजकिस्तान |
| सन् २००६ | डोरडाई बिस्केक, किर्गिस्तान |
| सन् २००७ | डोरडाई बिस्केक, किर्गिस्तान |
| सन् २००८ | रेगर ताडाज, ताजकिस्तान |
| सन् २००९ | रेगर ताडाज, ताजकिस्तान |

● राजु घिसिङ

काठमाडौं- भाग्यमानी टिम, छोटो तयारी र असन्तुलित प्रदर्शन। सहिद स्मारक 'ए' डिभिजन लिगमा एनआरटीले गरिरहेको प्रदर्शनको प्रतिविम्ब मान्न सकिन्छ। यस्तोमा भाग्यको साथ पाएर उसले अहिले ढाकाको तातो मौसममा एएफसी प्रेसिडेन्ट्स कप खेलिरहेको छ।

बंगलादेशी राजधानीमा ४० डिग्री सेल्सियसभन्दा तातो मौसममा राम्रो नतिजा हात पार्न नेपाली खेलाडी जोस्सिएका छन्। 'एउटा क्लब मात्र नभै देशकै प्रतिनिधित्व गर्ने भएकाले खेलाडीको मनोबल पनि उच्च छ', एनआरटी प्रशिक्षक डिकेन सुवालले भने, 'त्यसैले समूहमा शीर्षस्थानमा रहेर अन्तिम चारमा पुग्ने लक्ष्य राखेका छौं।'

'कुनै पनि देशका लिग च्याम्पियन हुने क्लबले पाउने अवसर हामीले पाएका छौं', प्रशिक्षक सुवालले भने, 'त्यसैले पनि हामीलाई राम्रो खेल्न प्रेरित गरेको छ।' लिगमा स्थिर प्रदर्शन गर्न असफल टिमका हरेक गल्ती एकहप्ते प्रशिक्षणमा सुधार भएको प्रशिक्षक सुवालले दाबी गरे। लिगका पछिल्ला खेलमा एनआरटीको सबैभन्दा ठूलो कमजोरी गोलपोस्टमा देखिएको थियो।

तीन गोलकिपर कप्तान सुरेन्द्र श्रेष्ठ, तुलसी बजु तथा विनोद डंगोलले प्रशिक्षणमा राम्रो प्रगति गरेको प्रशिक्षक सुवालले बताए। दशरथ रंगाशालामा जस्तै डिफेन्सले ढाकामा सिल्ली मिस्टेक नगर्ने उनले विश्वास गरेका छन्। 'मिडफिल्डले पनि राम्रो मुभ बनाउदै स्ट्राइकरका लागि गोलका धेरै अवसर निकाल्नेछन्', पहिलोपल्ट एनआरटी सम्हालेका सुवालले बताए।

युवा र अनुभवी खेलाडीले भरिएको एनआरटी जस्तोसुकै प्रदर्शन भए पनि नेपाली फुटबलका लागि सन्तुलित टिम मानिन्छ। लिगमा १३ गोल गरेका डेनिस स्ट्राइकर सयन मोसाभीप्रति एनआरटीको ठूलो भरोसा छ। नेपालका लागि हरि खड्कासँगै कीर्तिमान १३ गोल गरेका अनुभवी नीराजन रायमाझीले मोसाभीलाई साथ दिनेछन्। समान स्तरका भए पनि मिडफिल्डमा रञ्जित श्रेष्ठ, लक्ष्मण रुचाल र रोशन लामिछानेमा एनआरटीको भर छ।

एनआरटीमा ८-८ मिडफिल्डर र डिफेन्डर, ४ फरवार्ड र ३ किपर छन्। त्यसमध्ये चार खेलाडी राष्ट्रिय टिममा छन् भने उति नै संख्यामा एनआरटीका खेलाडीले नेपालको रातो/नीलो जर्सी लगाइसकेका छन्। पूर्वराष्ट्रिय खेलाडी घरेलु लिगमा उत्कृष्ट फुटबल खेल्न सकेका छैनन्। अधिकांश खेलाडीले उमेर समूहमा अन्तराष्ट्रिय फुटबलको अनुभव सँगालेका छन्।

एनआरटीको सबैभन्दा बलियो पक्ष डिफेन्स लाइन हो। नेपाली राष्ट्रिय टिमका कप्तान सागर थापाको नेतृत्वमा एनआरटीको डिफेन्स लाइन विराज महर्जन, नवीन न्यौपाने र उमेश उप्रेतीले सम्हाल्नेछन्। टिमका पाँच खेलाडीको प्रेसिडेन्ट्स कपको अनुभवले एनआरटीलाई फाइदा पुर्‍याउन सक्छ। नेपाली फुटबलमा ७६ वर्ष लामो इतिहास बोकेको एनआरटीको लक्ष्य सहज भने छैन। त्यसैले प्रत्येक खेल फाइनल भएको प्रशिक्षक सुवालको बुझाइ छ।

समूह 'ए' मा एनआरटीबाहेक बाँकी तीनै टिम आ-आफ्ना देशका लिग च्याम्पियन हुन्। सबैभन्दा कठिन प्रतिद्वन्द्वी किर्गिस्तानको डोरडोई बिस्केक हुनेछ। पाँच वर्षअघि काठमाडौंबाट सुरु भएको प्रेसिडेन्ट्स कपका सबै संस्करणमा सहभागी डोरडोई दुईपल्टको च्याम्पियन र तीनपल्टको उपविजेता हो।

चारपल्टको नेपाली लिग च्याम्पियनका लागि सर्वाधिक सफल बंगलादेशी क्लब अबहनी लिमिटेडको चुनौती पनि कमजोर हुनेछैन। घरेलु मैदानमा खेल्ने भएकाले अबहनी उत्सहित हुनु स्वाभाविक हो र तेस्रो सहभागितामा पहिलोपल्ट सेमिफाइनल पुग्ने उसले लक्ष्य बनाएको छ। चाइनिज ताइपेईको हसुस एनटीसीपीईका सम्बन्धमा नेपाली टिम अनभिज्ञ छ। त्यसैले प्रेसिडेन्ट्स कपको पहिलो यात्रामै एनआरटीले उसलाई कमजोर आँक्नेछैन। हसुसको पनि तेस्रो श्रेणीको एसियाली क्लब फुटबलमा पहिलो सहभागिता हो।

एनआरटीले पहिलो खेल बुधबार अबहनीसँग खेल्यो। एनआरटीको दोस्रो खेल आज शुक्रबार डोरडोईसँग हुनेछ। उक्त खेल एनआरटीको लक्ष्यमा निर्णायक हुने अनुमान गरिएको छ।

'सबै टिम उस्तै स्तरका छन्', एनआरटी प्रशिक्षक डिकेन सुवालले भने, 'प्राविधिक रूपमा हाम्रा सबै खेलाडी उत्कृष्ट छन्। शारीरिक रूपमा विपक्षी बलिया हुनसक्छन्। त्यसैले छोटो पास, ग्राउन्ड बल र लो क्रस खेल्नेमा जोड दिनेछौं।' तीन वर्षअघि ठूलो लगानी गरेर एनआरटीले लिग जितेर प्रेसिडेन्ट्स कप खेल्ने लक्ष्य बनाएको थियो। व्यवस्थापन विवादले लिग सम्भव भएन, तैपनि उसले तीन वर्षपछि लक्ष्य भेट्टाएको छ।

दुईपल्ट एसियन क्लब च्याम्पियनसिपको छनौट खेलेको एनआरटी १५ वर्षपछि अन्तर्राष्ट्रिय फुटबलमा फर्किएको हो। दुवैपल्ट पहिलो चरणबाटै घर फर्केकाले ढाकामा इतिहास रच्दै अन्तिम चारको यात्रा तय गर्ने अपेक्षा गरिएको छ। तीन समूहका विजेताले सेमिफाइनलमा सीधै मौका पाउनेछन्। तीन समूहका उपविजेतामध्येका सर्वोत्कृष्ट क्लबले पनि अन्तिम चारमा अवसर पाउनेछ। त्यसैले चौथो टिमको निक्यौंलमा भाग्यको पनि सहारा चाहिन्छ।

## ५ प्रश्न



**सागर थापा नेपालको राष्ट्रिय फुटबल टिमका कप्तान हुन्। आठ वर्षयता निरन्तर पहिलो रोजाइमा रहेका थापा एनआरटीबाट क्लब फुटबल खेल्छन्। विराटनगरका यी २६ वर्षीय खेलाडी नेपालकै भरपर्दा डिफेन्डर हुन्।**

**प्रेसिडेन्ट्स कपका लागि एनआरटीको तयारी कस्तो रह्यो ?**

छोटो समयमा पनि एकदमै राम्रो। मनोबल उच्च छ। सबै खेलाडी फिट छन्।

**एनआरटीको अहिलेको टिमलाई कस्तो मान्नुहुन्छ ?**

जुनियर र सिनियर खेलाडीको संयोजना रहेको सन्तुलित टिम। चार-चार पूर्व र अहिलेका राष्ट्रिय खेलाडी छन्। पाँच जना खेलाडीसँग प्रेसिडेन्ट्स कपको अनुभव छ।

**ढाकाको मौसमले कस्तो असर गर्छ ?**

त्यहाँ निकै गर्मी छ, ४१ डिग्री सेल्सियसभन्दा बढी तापक्रममा खेल्नुपर्छ। यस्तो गर्मीमा खेल्न गाह्रो हुन्छ। यद्यपि टिमका थुप्रै खेलाडीसँग गर्मीमा खेलेको अनुभव छ।

**एनआरटीको सम्भावना कस्तो छ ?**

समूहका चारै टिम उत्कृष्ट छन्। पाएको मौका सदुपयोग गर्दै राम्रो नतिजा हात पार्ने प्रयास गर्नेछौं। सेमिफाइनलमा पुग्ने अवसर पनि छ।

**प्रेसिडेन्ट्स कपको अनुभवले घरेलु लिगमा कस्तो प्रभाव पार्नेछ ?**

उपाधि जित्न भाग्यले साथ दिनुपर्छ, तर पुलिसलाई रोक्न मुस्किल छ। प्रेसिडेन्ट्स कपको अनुभवले खेलाडीलाई राम्रो खेल्न प्रेरित गर्नेछ। फरक शैलीका टिमसँग खेलेर फर्कंदा आत्मविश्वास पनि बढ्नेछ। त्यसले लिगका बाँकी खेलमा एनआरटी राम्रो नतिजा दिनेछ।

प्राईभेट
TEST/SLC
2067
# कक्षा ८ पास तथा कक्षा ९/१० फेल भएकाहरुको लागि।
# घरायसी काम काजले पढ्न छुटेकाहरुको लागि।
विशेषताहरू:
# अपाङ्ग, गृहिणी तथा ४० वर्ष उमेर नाघेकाहरुलाई फ्रि भर्ना तथा वार्षिक फि मा ५०% छुट।
# प्राईभेट पढ्ने विद्यार्थीलाई फ्रि कम्प्यूटर टिउसन (अंग्रेजी, गणित, विज्ञान) कक्षा
# कम्प्यूटर साईन्स पढाई हुने।
# होस्टेल तथा लाईब्रेरीको व्यवस्था।
आईरनगेट
ईन्टरनेशनल एकेडेमी
फोन नं.: ४४८५८५०, ९८५१११६६२
नयाँ बानेश्वर (प्रिमियर कलेजसँगै) पुरानो बानेश्वर जाने बाटोमा।

प्राईभेट
Regular Test/SLC - 2067
Test ग्यारेन्टी पास
☞ भर्खरै कक्षा ९ तथा Test फेल भएका
☞ ८ पास ९,१० Test/SLC फेल भई विभिन्न कारणले पढाई छाडेकाहरु
☞ कक्षा ९ नपढी सिधै Test/SLC दिन पाईने
भर्ना खुल्यो
SLC मार्कसिट प्राईभेट नभई रेगुलर हुने
विगत वर्षहरुमा 100% पास गराउँन सफल
माध्यम: नेपाली/अंग्रेजी समय: बिहान/दिउँसो
६ महिनामै कक्षा ८
५,६,७,८ पढ्दा पढ्दै बिचैमा पढाई छाडेका महिला तथा पुरुषहरुको लागी कक्षा ९ नपढी सिधैं Test / SLC दिन पाईने।
बाइरन एकेडेमी
बनस्थली
४३६४८८८, ९८४१७०००८७

RJ VJ MC
उदघोषण तालिम
पुर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
SLC Special Discount
रेडियो कर्मीदारा संचालित उदघोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
मृदुला खनाल, मुनाल शिशिर, रबि थापा
सन्तोष खनाल, केशबजङ्ग पाण्डे, नबिन लुंइटेल
हिरामणि तिमल्सिना, मधु नेपाल, R.D. श्रृंखला
रु.१०००/ छुट
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८, ०१-४२४१७०९
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

What after Exam ?
उद्घोषण/ANCHORING
(RJ / VJ / STAGE / NEWS / TECHNICIAN)
Public Speaking / Speech Art
Personality & Confidence Development
(Mass को अगाडी बोल्न नसक्नेको लागि)

The Media's Collection
Bagbazar (Opp. to Petrol Pump) Ph: 4233042
Chardobato, Banepa (opp. to Red Cross):-011-664506
Also in Pokhara and Itahari
Rs. 1000/- Discount
Job opportunity for the best



Umbro

# विश्वकपको प्रचारमा प्रेमिकाहरू

बेलायती फुटबल टिमका प्रशिक्षक फाबियो कापेलोले आगामी विश्वकपमा आफ्नो टिमका खेलाडीहरूलाई उनीहरूका प्रेमिका र श्रीमतीबाट टाढै राख्ने घोषणा गरेपछि फुटबलरका प्रेमिका र श्रीमतीहरू फाबियोप्रति सकारात्मक छैनन् । कतिपय खेलाडीका प्रेमिका र श्रीमतीहरूले फाबियोको योजनाको विरोध गर्दै दक्षिण अफ्रिका नजाने घोषणा गरेका छन् ।

फाबियोको योजनाअनुसार एब्बी क्लेन्सी आफ्ना श्रीमान् पिटर क्रोचसँग दक्षिण अफ्रिका जान्छिन् कि जाँदिनन् भन्ने कुराको निर्णय गरिसकेकी छैनन् । यद्यपि उनी आफ्नो टिमलाई विश्वकप दिलाउन अहिलेदेखि नै प्रचार-प्रसार अभियानमा लागेकी छिन् । स्पोर्ट्स वेयर उम्ब्रोले हालै विश्वकप जित्ने सात राष्ट्रका खेलाडीका प्रेमिका र श्रीमतीहरूलाई मोडल बनाएर वर्ल्डकपक स्पोर्ट्स किटहरू सार्वजनिक गरेको छ । सन् ६० को दशकमा विश्वकपमा सहभागी हुने टिमले लगाउने डिजाइनमा तयार पारिएको उक्त ड्रेसलाई केही परिमार्जन गरिएको छ । उम्ब्रोले कार्टुनिस्ट, डिजाइनर र अर्टिस्टहरूको परामर्शअनुसार आफ्नो ड्रेसमा परिवर्तन गरेको जनाएको छ ।



वर्ल्डकपको यो फेसनमा पिटर क्रेचकी प्रेमिका एब्बी क्लेन्सी इङ्ल्यान्डको जर्सीमा प्रस्तुत भएकी छिन् भने अल्बर्टो गिलार्डिनोकी प्रेमिका एलिस ब्रेगोली इटालीको जर्सीमा प्रस्तुत भएकी छिन् । यसैगरी डिइगो फोर्लानकी प्रेमिका जइरा नारा उरुग्वेको जर्सीमा प्रस्तुत भएकी छिन् । एक पटक विश्वकप जितेको फ्रान्सको जर्सीमा क्लिन्सिकी श्रीमती चार्लिन सुरिक प्रस्तुत भएकी छिन् भने दुई पटक विश्वकप जितेको अर्जेन्टिनाको जर्सीमा पाब्लो मोचीकी प्रेमिका लुली फर्नान्डेज देखापरेकी छिन् ।

तीन पटक विश्वकप जितेको जर्मनी टिमको जर्सीमा मार्सेल जान्सेनकी श्रीमती जुलिया गुडिकी देखापरेकी छिन् भने पाँच पटक विश्वकप जितेको ब्राजिलियन टिमको जर्सीमा जुलियो सिजरकी प्रेमिका सुसान वेरनर छिन् । विश्वकपमा स्पोर्ट्स कम्पनीहरूले आफ्नो प्रचार-प्रसारलाई तीव्र पार्ने क्रममा उम्ब्रोले ल्याएको यो स्टाइलिस अवधारणाले अहिले सादा विश्वको ध्यान केन्द्रित गरिरहेको छ ।





भर्ना खुल्यो

अब Math, Science/Test नदिई SLC तथा +2 केही महिनामै पास

२०११ का लागि नयाँ भर्ना खुल्यो

हाम्रा सुविधाहरू:
- मात्र 5 Subjects
- Math तथा Science ऐच्छिक विषयमा पनि पढ्न पाइने ।
- घरमै बसेर पनि पढ्न सकिने
- Nepal तथा अन्य देशमा पनि मान्यता प्राप्त
- नेपालीमा पनि जाँच दिन पाइने ।
- बिहान तथा दिउँसोमा पनि कक्षाहरु सञ्चालन हुने
- विभिन्न Level का विभिन्न Subjects तथा विभिन्न भाषाहरुको Classes साथै Private Test तथा SLC का कक्षाहरु संचालन ।

पल्पसा एकेडेमी, जयवागेश्वरी, चावहिल
फोन: ०१४४८१२७९, मो. ९८४१८६३००८, ९८४१९३१७०६

Miss Aryan 2010

आ-आफ्नो धर्म, कला, संस्कृतिको पहिचान गराउने क्रममा आर्यन समूदायको पहिचानलाई कायम राख्ने उदेश्यले नेपालकै ईतिहासमा पहिलो पटक आयोजना हुन गईरहेको मिस आर्यन २०१० आयोजना हुन गईरहेको हुनाले सम्पूर्ण ईच्छुक आर्यन समूदायका युवतीहरूलाई सहभागिताका लागि आह्वान गरिन्छ ।

आवश्यक योग्यता:
शिक्षा: SLC उत्तीर्ण, उचाई: कम्तिमा ५ फिट २ इन्च
जाति: आर्यन समूदाय (संसार भरि जहाँ भएपनि),
उमेर: १६ वर्ष देखि २५ वर्ष सम्म
फर्म पाउने स्थान: मिसेज एडभरटाइजिङ तथा साधना कला केन्द्र
फर्म बुझाउने अन्तिम मिति: २०६७ असार १५ गते
छनौट मिति: २०६७ असार २० गते
तालिम अवधि: असार २१ देखि साउन १५ गते सम्म
अन्तिम प्रतियोगिता: साउन २८ गते

आयोजक:
साधना म्यूजिक नेटवर्क, पुतलीसडक, काठमाडौं,
सम्पर्क नं.: ४२६३९७६, ४४४०२२८, ४४१६५६६
९८५१०६८५०१, ९८५१०९२७९८

रेगुलर प्राईभेट Test/SLC

६ महिनामै +2, SLC, ११ को परीक्षा नदिई सोझै १२ को परीक्षा दिए पुग्ने ।
(NIOS SLC को लागि Science, Maths, Test नदिई ५ विषय मात्र पास गरे पुग्ने
(जिल्ला स्तरीय परीक्षा कक्षा ८ को मार्कसिट नभए पनि SLC दिन पाउने ।)

कक्षा १० मा भर्ना खुल्यो

जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त

कक्षा ९, १० तथा टेष्ट फेल भएर निराश भएका, विविध समस्याले विद्यालय जान छोडेका, जागिर गर्दै पढ्न चाहने पुरुष तथा गृहिणी महिलाहरुका लागि अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर ।

| सोह्रखुट्टे, नयाँबजार | नयाँ बानेश्वर | लाजिम्पाट | कोटेश्वर |
|---|---|---|---|
| स्याण्ड्रा नमुना मा.वि. 4361712 चितवन: 056-525918 | जेम्स ओ. स्कूल 016223251 9841-203836 | कोसेट ओ. स्कूल 2160736 9841-264514 | कामना स्कूल 4600335 9841-268409 |

# एसएलसीपछिको रहर

हरिहर शर्मा

कुरा केही दिनअघिको हो, बिहानीको घुमफिरपछि घर फर्कंदै थिएँ । एक जना छिमेकी बहिनी कतै जाँदै थिइन् । यसै वर्ष एसएलसी सिध्याएकी थिइन् उनले । उनलाई देख्दा म अचम्ममा परें । परीक्षाको तयारीताका 'गुप्तबास'मा रहेकाले मैले उनलाई केही समयको अन्तरालमा देखेको थिएँ । उनमा धेरै शारीरिक परिवर्तन आएको देखिन्थ्यो । उनको हिँड्ने चालदेखि बोल्ने तालसम्म फेरिएको थियो । 'कतातिर नि ?' मेरो प्रश्नमा उनले मस्किएर जवाफ दिइन्– ('ब्रिज कोर्सतिर... ।' यो दृश्य देख्नेहरूले अर्कै सोच्न सक्थे ।

यो घटनाले एसएलसी सकेपछि हिजोका 'फुच्ची' हरू कसरी यौवनाका रूपमा अवतरित हुन्छन् भन्ने प्रश्न मेरो मनमा उब्जियो । नचाहँदा-नचाहँदै यही विषयमा सोच्न थालेछु । मन्थनपछि प्राथमिक निष्कर्ष निस्कियो– एसएलसीपछिको यस्तो परिवर्तन युवतीहरूको शारीरिक (मानसिक परिवर्तन त छँदैछ) भन्दा पनि उनीहरूको बाहिरी प्रस्तुतिमा आएको बदलावका कारण भएको हुनुपर्छ र यसमा उनीहरूको मनोविज्ञानमा आएको परिवर्तनको पनि ठूलो हात हुनुपर्छ ।

युवतीहरूको दिनचर्या र बसउठमा एसएलसी अघि र पछि प्रत्यक्ष भेद देखिन्छ । कोरीबाटी हतार-हतार स्कूल कुद्नेहरू एसएलसीपछि केश छाडेर केशलाई वा विभिन्न स्टाइलमा ढालेर वा ठुम्का लगाउँदै हिँड्छन् । स्कुल ड्रेसको स्कर्ट र पाइन्ट छाडी मिनिस्कर्ट, हापको पनि हाप पाइन्ट र जिन्समा उत्रँदा उनीहरूमा त्यस्तो परिवर्तन देखिनु स्वाभाविक हो ।

मनोवैज्ञानिक रूपमा पनि सम्भवतः युवतीहरू आफूहरूमा हिजोभन्दा आज परिपक्वता आएको महसुस गर्छन् । यस्तो सोचबाट उनीहरूका क्रियाकलापमा प्रत्यक्ष असर पर्ने नै भयो । वृद्धिविकाससँगै शारीरिक संवेदनशीलतामा आएको भावले उनीहरू चञ्चल अनि उत्सुक पनि हुन्छन् । यस्तो चञ्चल संवेदनशीलताका कारण उनीहरू जानी-नजानी 'नखरा' गर्नेतिर लाग्छन् । युवतीहरूका यस्ता नखराका कतिपय 'दिवाना' हुन्छन् भने कतिपयलाई यस्तो हरकत नपच्न सक्छ ।

दस/बाह्र वर्ष लामो कडा स्कुले अनुशासनको दायराबाट स्वतन्त्र भएका उनीहरू स्वतन्त्रताको उपभोग गर्न लालायित हुन्छन्, जुन केही हदसम्म स्वाभाविक पनि हो । परिणामस्वरूप छाती र तिघ्रा अलिकति बढी खुला हुनु र मस्काइमा थोरै कामुकता झल्कनुलाई सामान्य मान्नुपर्ने बाध्यता छ । घरपरिवारमा पनि 'हाम्री छोरी अब ठूली भै' भन्ने सोचका कारण पनि उनीहरूको मन थप चञ्चल हुँदो हो, 'मै ठूली भै'छु रे...' को भावसँगै ।

सामान्य युवती एसएलसीपछि यौवनाका रूपमा बदलिने अवस्था सहर-गाउँ सबैतिर छ । मात्रा र प्रकृति भने अलिकति फरक होला । सहरिया परिवेशका युवतीहरूले स्वतन्त्रताको उपभोग बढी गर्ने अवसर पाउँछन् भने गाउँतिरका एसएलसी सकेपछि युवतीहरूमा 'परिपक्वता आयो' भन्ने बुझिन्छ । नेपालको आम र औसत ग्रामीण परिवेश हेर्ने हो भने गाउँले युवतीहरू एसएलसीपछि विवाह गर्न योग्य हुन्छन् भन्ने मान्यता र व्यवहार अझै पनि विद्यमान छ । हिजोभन्दा आज यो सोचमा परिवर्तन आइरहेको छ ।

यता सहरिया सन्दर्भमा चाहिँ एसएलसीपछि युवतीहरूको पछाडि युवकहरूको लाइन लाग्न थाल्छ । अब त यस्तो लाइन हेर्न एसएलसीसम्म पनि कुर्नुपर्दैन । कोही 'भाग्यमानी' ब्वाइफ्रेन्डका रूपमा त कोही अभागी पछुवाका रूपमा यस्तो भूमिका निर्वाह गर्छन् । 'फेरबदल', गर्लफ्रेन्ड-ब्याइफ्रेन्डहरूको न्यूनतम चरित्र हो । यस्तोमा सहरिया अभिभावकमा खासगरी आफ्नी छोरी/बहिनीप्रति चिन्ता बढ्न थाल्छ । हाम्रो समाजमा छोराहरू 'डाँका' हुँदा भन्दा छोरीहरू 'बिग्रँदा' अभिभावकलाई पर्ने चिन्ता ठूलो हुने गरेको छ ।

आजका युवतीहरू (युवाहरूजस्तै वा त्योभन्दा बढी) 'बिन्दास' हुन चाहन्छन्, दायराबिहीन जीवन बाँच्न चाहन्छन् । आफ्नो सोच, सपना र अभ्यासमा कसैले रोकतोक वा विरोध गरेको मन पराउँदैनन् । सामाजिक बन्धन र परम्परागत मूल्यलाई प्रगतिको बाधकका रूपमा लिन्छन् र त्यसलाई तोड्न चाहन्छन् । यस्तो धारणा विशेषतः सहरिया युवतीहरूमा बढी देखिन्छ । विविध सामाजिक, आर्थिक कारणले गुम्सिएर रहेका नेपाली छोरीचेलीमा पछिल्लो समयमा आएर स्वतन्त्रताको उपभोग गर्ने लहर, रहर एवं अनुकूलता बढेको छ ।

स्वतन्त्रता खोज्नु र घरबाहिरको सक्रिय जीवन रोज्नु सर्वथा उपयुक्त र स्वीकार्य विषय हो, तर बिन्दास बन्ने नाममा अनुशासनको घेरा नाघ्नु ठीक हुँदैन । एसएलसी सकिएको हो, जीवनका दायित्व, परिवारका अपेक्षा मानवीय अस्तित्व एवं मर्यादा सकिएको होइन । कलेज लाइफ प्रारम्भ हुन लागेको हो, उच्छृङ्लता र अङ्गप्रदर्शनको याम सुरु भएको होइन ।



## वृन्दावनमा स्वामी

नेपाली चलचित्र उद्योगमा 'स्वामी' तथा 'निखिलेश्वर' को उपनाम पाएका नायक निखिल उप्रेती सम्भवतः वास्तविक जीवनमै स्वामी बन्ने बाटोमा छन् । यसै साता भारतको वृन्दावनमा रामनामी वस्त्र धारण गरेर साधुको भेषमा भेटिएका निखिललाई त्यहाँ अध्ययन गरिरहेका केही नेपाली विद्यार्थीले भेटेका थिए । 'नेपाली हिरोलाई वृन्दावनमा देखेपछि तस्बिर खिच्न थालियो,' निखिलको तस्बिर खिच्ने विद्यार्थी देवेन्द्र ढुंगेलका अनुसार त्यो देखेर निखिल प्रसन्न भएनन् । 'फोटो खिच्नु पर्दैन, निखिलको भनाइ उद्धृत गर्दै ढुंगेल भन्छन्, 'उनले आफू वृन्दावनमा रहेको चर्चासमेत नगर्न भने । निखिल वृन्दावनमा एक्लै देखिन्थे ।


मोबाईल तालिम
(मोबाईल फोन Chinese मोबाईलको सफ्टवेयर गराईन्छ)
रेडियो क्यासेट DVD, VCD, TV
कम्प्यूटर हार्डवेयर, सफ्टवेयर
एसी/फ्रिज
हाउसवायरिङ्ग
मोटरवाईण्डिङ्ग
Guarantee
लोडसेडिङ्ग नो प्रोब्लम
१३ वर्ष पूरानो
SLC दिएकाहरुलाई ३0% छुटमा
Job को लागि सहयोग
तालिमको लागि सम्पर्क:
राज ईलेक्ट्रोनिक्स
शिव दर्शन हल अगाडी
नयाँ बानेश्वर फोन: ४४९५५८१
कालिमाटी ०१-६२२४७९८
नोट: विदेश जानेलाई विशेष कोर्ष

जाँड-रक्सी
सुर्ति, चुरोट छुटाउने
हर्बल चूर्ण डिफ्यूज-एल
शरीरको मोटोपना घटाउन, तौल बढाउन
चायाँ-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
हर्बल कस्मेटिक्स सामानहरु होलसेलमा
सम्पर्क: नेशनल हर्बो ट्रेड
डिल्लीबजार 4438630, 4442133 98511-10326,
पोखरा: 9846137418 हेटौंडा: 9745035945
चितवन: 9845159169, कपिलबस्तु: 98471-09388
ईटहरी: ९८४२२-२३०७०

प्राइभेट
Test/S.L.C 2067
कक्षा १० मा भर्ना खुल्यो
के तपाई S.L.C पास गर्न चाहनु हुन्छ ?
दक्ष तथा अनुभवी स्कूल तथा कलेज का शिक्षकहरु द्वारा सञ्चालित एक मात्र एकेडेमी ।
नोट: छात्रावास (Hostel) को व्यवस्था छ ।
पाइथागोरस एकेडेमी
फोन नं. ४२६०६३२, ९८५१००९४२७
प्रर्दशनी मार्ग, पुतली सडक, काठमाडौं

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
तालिम तपाईहरुको लागि
फोटोग्राफी
नेपालको नं. 1 Study Center
World Wide Valid Certificate
VISUAL EDITING & ANIMATION
विवाह, व्रतबन्ध, टेलिफिल्म आदिमा भिडियो खिच्नुका साथै Editing गरिन्छ ।
भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

प्राईभेट
TEST/SLC
भर्खरै ९ तथा Test फेल भएका ।
८, ९ र Test पास भएका/ उमेर नाघेका/ जागिर गर्दै पढ्न चाहने विद्यार्थीहरुका लागि
१० कक्षामा अन्तिम भर्ना
100% result since 2004....
बिहान र दिउँसो/नेपाली र अंग्रेजी माध्यममा पढाइने
जि.शि.का. र EIA बाट सम्बन्धन प्राप्त
फारम वितरण तथा भर्ना प्रक्रिया घमाघम भैरहेको छ ।
Columbia Academy
नयाँ बानेश्वर, शंखमुल झर्ने ओरालोको मुखैमा
Tel: 4781061, 9851095070

फ्रि : वेटर / वेट्रेस
भत्ता रु-३०००/-
तालिम पश्चात फ्रि-BARTENDER पनि
उत्कृष्टलाई ८,००० सम्मको जागीर।
विदेश जानेकोलागी होटल सम्बन्धी स्पेशल कोर्षको व्यवस्था ।
WISDOM HOTEL TRAINING
KALIMATI CHOWK 01-4277104
CHABHIL CHOWK 01-6223587

नववर्ष २०६७ को उपलक्ष्यमा SLC दिएर बसेका विद्यार्थीहरू लाई ५०% सम्मको छुटमा
होटल तालिम
Cook / Waiter
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
Jamal, Kathmandu
PACIFIC 4232196

Study In USA CANADA CYPRUS IRELAND New Zealand & More......
50% Discount on TOEFL/IELTS
Free: CDs & Books
Learn Practical English Language
General English, Spoken English, Vocabulary Class, Grammar Class
Free: Books, CDs, Internet & Emails
Job Oriented Computer Courses
Basic, Tally, Graphic Designing, Web Page Designing
Computer Operator (For Govt. Job)
Special Discount For SLC Students
Getway Educational Consultancy P. Ltd
Ph: 4239719, 4241870

Special Discount for S.L.C. appeared students
Work & Study in JAPAN
TOEFL/IELTS (Free Books, CDs, Lab Practics & Weekly Tests)
Languages: English, Japanese, French, German, Korean, Hibrew, Chinese, Spanish, Italian, & more.
Computer Courses
Software, Hardware & Networking
Basic, Office, Graphics, webpage, Programming Accounting Package.
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. New Baneshwor Dept. store) Tel: 4785226
New Baneshwor (Opp. BICC water Tank) Tel: 4483414
Adwait Marg (Bagbazar) Tel: 4232866
Lagankhel (Bus Park) Tel: 5004018

Shaping Minds Group
Satdobato 5536751
Kumaripati 5008632 2292233/44
Putalisadak 2222605 4233478
Baneshwor 4782162 4781431
Itahari 025-584310
Study + Work (Upto 100 % Scholarship)
New Zealand, Canada, USA, Ireland Switzerland, Europe & Many More...
Career Oriented Training
Special Discount Available for SLC Appeared & Others...
* Special English Course
* Personality Development
* Diploma in Cook Training
* IELTS / TOEFL / SAT / GRE / GMAT
* Advance Web / Graphic Design
* Banking Training * Accounting Package
* Hardware Training * Secretarial Training

होटल तथा पर्यटन तालिम
* Tour and Travel Mgmt.
* Tour Operation
* Airlines Ticketing (Manual, Amadeus, Abacus & Galileo)
* Hotel Management
* F & B Management
* Cook
* Front Office
* Bartender
* Housekeeping
* Waiter
* Bakery
* Coffee Making
11th Year of Establishment
South Asia Tourism HRD Program based training
Compare our quality with the others
सम्पर्क: सांग्रीला पर्यटन तथा होटल तालिम केन्द्र प्रा. लि.
नयाँ बानेश्वर चोक, BICC को पश्चिम
www.shangrilatraining.com.np
4472553/4475113
Affiliated to CTEVT
Associates HAN REBAN ATHTIN

फोटोग्राफी भिडियोग्राफी
फोटो/भिडियो एडिटिङ
फोटो/भिडियो प्रत्रकारिता
फोटो ल्यामिनेशन
अरुण दत्तद्वारा वि.सं. २०५३ देखि निरन्तर
Hurry UP
नेपाल फोटोग्राफी ट्रेनिङ ईन्स्टिच्यूट
मान्यता प्राप्त पहिलो फोटो भिडियो ईन्स्टिच्यूट साक्षा भण्डार भोटाहिटि
Nepalpti@yahoo.com, 4216291

Cook / Waiter
SLC दिएर बसेका विद्यार्थीहरुलाई नववर्ष २०६७ को उपलक्ष्यमा ५0% सम्मको छुटमा होटल तालिम
विदेश जानेहरूको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ
NATIONAL Employment Training Center Pvt. Ltd.
चुच्चेपाटी, चाबहिल, काठमाडौं
४४९००१६, २०२३३६७

Drive Your Career in 5 star Hotel
Internship & Job Opportunities
ADMISSION OPEN
Advance Level Courses Details
2 Years Hotel Management
18 Months F & B Management
1 Years Kitchen Management
6 Months Advance Cook/Bartender
5 Months Advance Bakery/Pastry
Basic Level Courses
Cook/Waiter/Bar/Front Office/Housekeeping
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
4484098, 2134544
मयाँबासेश्वर मिनभवन शान्तिनगर गेट सँगै


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।